# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष २ अङ्क १४ पूर्णाङ्क ६३ | २०७४ असोज २ गते सोमबार | Monday, September 18, 2017 | पृष्ठ ८ | मूल्य रु. १०|-


## रहेनन् क्यान्सर पीडित सहिदका पिता

● वर्गदृष्टि संवाददाता

उदयपुर । प्राणघातक रोग क्यान्सरसँग लडिरहेका जनयुद्धका सहिद खड्ग राउतका बुवा रोमबहादुर राउतको शनिबार निधन भएको छ । पेटको क्यान्सरबाट पीडित राउतको आफ्नै निवास उदपुरको कटारी नपा-११ गोठडाँडामा निधन भएको हो । उपचार सम्भव नभएको भन्दै भक्तपुर क्यान्सर अस्पतालले उनलाई एक हप्ताअघि मात्र डिस्चार्ज गरेर घर पठाएको थियो । राउत आमाशयको क्यान्सरसँग लडिरहेका थिए ।

करिब एक महिनाअघि पेटमा असहज भएपछि काठमाडौंको केएमसी अस्पतालमा भर्ना भएका राउतलाई हस्पिटलले क्यान्सर भएको भन्दै थप उपचारको लागि भक्तपुरको क्यान्सर अस्पतालमा पठाएको थियो । केएमसीमा नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण'ले भेटेर उहाँको स्वास्थ्य स्थितिको बारेमा जानकारी लिएका थिए ।

उदयपुरको थवाङको पहिचान बनाएको गोठडाँडाका दिवंगत रोमबहादुर राउत आफैंले अवीर माला ...बाँकी ७ पेजमा

# राष्ट्रिय सम्मेलनको घनिभूत तयारीमा क्रान्तिकारी माओवादी



● वर्गदृष्टि संवाददाता

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)को सिङ्गो पंक्ति अहिले असोज २१ देखि २५ मा हुने पार्टीको राष्ट्रिय सम्मेलनको तयारीमा जुटेको छ । श्रावण मसान्तसम्म पार्टी सदस्यता नवीकरण गरेका सदस्यहरूलाई आधार मानेर प्रतिनिधि छनौटमा जुटेको छ क्रान्तिकारी माओवादी । पार्टी केन्द्रीय कार्यालय सचिव कृष्णभक्त महर्जन'कगेन्द्र'ले दिएको जानकारी अनुसार देशका ७६ वटै जिल्ला, प्रवास र अन्तर्राष्ट्रिय गरेर करिब ५ सय प्रतिनिधिहरू सम्मेलनमा सहभागि हुनेछन् । ३ नं. प्रदेशको काठमाडौं जिल्लामा प्रतिनिधि छनौट गर्न निर्वाचनको विधि प्रयोग गरेको छ । अन्य जिल्लामा पनि प्रतिनिधि छनौटको कामलाई टुंग्याउँदै लगिएको छ । प्रतिनिधिहरूलाई प्रवेश शुल्क पाँचसय तोकिएको छ ।

पार्टीमा वैचारिक, राजनीतिक तथा सांगठानिक महत्वका विषयहरूलाई व्यवस्थित रूपमा छलफल तथा बहस चलाउन सम्मेलनका लागि तयार पारिएका दस्तावेजहरू प्रकाशित गरी सबै जिल्ला जिल्लामा वितरण गरिएको छ । र, ती दस्तावेजहरूमाथि प्रदेश स्तरमा छलफल तथा बहस चलाइएको छ । पार्टी अध्यक्ष मोहन वैद्य'किरण', कार्यालय सदस्य रामसिंह श्रीसलगायतका नेताहरूले ३ नं. प्रदेशमा भाद्र २० गते, भाद्र २२ गते ४ नं. प्रदेशमा, भाद्र २४ गते ५ नं. प्रदेशमा, भाद्र २६ गते ६ नं. प्रदेशमा, भाद्र २८ गते ७ नं. प्रदेशमा दस्तावेजमाथि प्रदेश स्तरका नेता कार्यकर्ताबीचमा छलफल बहस चालएका छन् । भाद्र ३१ गते- १ नं. प्रदेशका तोकिएको कार्यक्रम भने स्थगित भएको बुझिएको छ भने २ नं. प्रदेशका लागि आश्विन ७ गते छलफल बहस चलाउने कार्यक्रम ...बाँकी ७ पेजमा

## क्रान्तिकारी पत्रकार महासंघको बाँके र बर्दियाको सम्मेलन सम्पन्न

बाँके । नेकपा (क्रान्तिकारी माओवादी) निकट पत्रकार संगठन क्रान्तिकारी पत्रकार महासंघको बाँके र बर्दिया जिल्ला सम्मेलन सम्पन्न भएको छ । दुवै जिल्लामा सम्पन्न सम्मेलनले जिल्ला समिति चयन गरेको हो ।

क्रान्तिकारी पत्रकार महासंघ बाँकेको शनिबार सम्पन्न सम्मेलनले दिनेश श्रीवास्तवलाई जिल्ला अध्यक्षमा निर्वाचित गरेको छ । महासंघको प्रथम जिल्ला सम्मेलनले सचिवमा हेमराज अधिकारी, कोषाध्यक्षमा सञ्जना कर्माचार्य, सचिवालय सदस्यमा सावित्री घर्तिमगर, कविता रेगामी र सदस्यहरूमा हेमराज न्यौपाने, दिक्षा श्रीवास्तवलगायत १५ जनाको कार्यसमिति निर्वाचित गरेको क्रान्तिकारी पत्रकार महासंघका कार्यालय सदस्य लोकराज जैसीले बताए ।

सम्मेलनको उद्घाटन जैसीको प्रमुख आतिथ्यता ...बाँकी ७ पेजमा

## दलित मुक्ति मोर्चाको आयोजक समिति गठन

काठमाडौ । नेकपा (क्रान्तिकारी माओवादी) निकट नेपाल दलित मुक्ति मोर्चाको ३ नम्बर प्रदेश भेला आयोजक कमिटि गठन भएको छ । मोर्चाको भाद्र २८ गते कुपन्डोलमा सम्पन्न विस्तारित बैठकले भेला आयोजक समिटि गठन गरेको हो । नेकपा (क्रान्तिकारी माओवादी) का सचिवालय सदस्य तथा पार्टी प्रदेश नम्बर ३ का इन्चार्ज दिनेश शर्माको बिषेश आतिथ्यमा सम्पन्न बैठकले टेकबहादुर विकको संयोजकत्वमा केशब ढलकोटी (रामेछाप), रेखा रम्तेल (काठमाडौं), रोशन बिसुन्खे (ललितपुर), नारायण रिजाल (काभ्रे), कृष्ण लोहार (सिन्धुली), विष्णु नेपाली (रसुवा), हर्कलाल सुनार (नुवाकोट), ...बाँकी ७ पेजमा

## 'एकता र ध्रुवीकरणका लागि छलफल जारी'

● वर्गदृष्टि संवाददाता

बुटवल । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) का अध्यक्ष मोहन वैद्य 'किरण' ले माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड कम्युनिस्ट भएको नाटक गर्न सिपालु भएको टिप्पणी गरेका छन् ।

अध्यक्ष वैद्यले भने, 'माकेका अध्यक्ष प्रचण्ड कम्युनिस्ट होइनन् तर कम्युनिस्ट भएको नाटक गर्न सिपालु छन् ।' क्रान्तिकारी पत्रकार महासंघ जिल्ला समिति, रूपन्देहीले शनिबार बुटवलमा गरेको पत्रकार सम्मेलनमा बोल्दै अध्यक्ष वैद्यले नेपालका कम्युनिस्टहरूले वामको आवरणमा कम्युनिस्टको नाम भजाएर कम्युनिस्टकै बद्नाम



गरिरहेको टिप्पणी गरे ।

माओवादी केन्द्रसंग आफ्नो पार्टीको कुनैपनि हालतमा एकता नहुने प्रष्ट पार्दै प्रचण्डलाई कांग्रेससँग एकता गर्न सुझाव दिए । 'कांग्रेससँग प्रचण्डको कुरा मिल्छ, प्रचण्डले कांग्रेससँग एकता गरे हुन्छ' वैद्यले अगाडि थपे, 'सच्चा क्रान्तिकारीहरूबीच एकता र ध्रुविकरणका लागि मसाल, विप्लवसँग छलफल चलिरहेको छ ।' ...बाँकी ७ पेजमा

## प्रतिनिधि चयन गर्न परासी भेला ६ गते

● वर्गदृष्टि संवाददाता

नवलपरासी । नेकपा (क्रान्तिकारी माओवादी) परासी जिल्ला संगठन समितिको भेला तथा राष्ट्रिय सम्मेलन प्रतिनिधि चयन कार्यक्रम असोज ६ गते बर्दघाटमा हुने भएको छ ।

प्रदेश नम्बर ५ अन्तरगत परासी जिल्ला संगठन समितिको आयोजनामा हुने सो भेलाले राष्ट्रिय सम्मेलनका लागि वैचारिक बहसका साथै प्रतिनिधि समेत चयन गर्ने जिल्ला सेक्रेटरी संकल्पले जानकारी दिए ।

पार्टीको ६ गतेको भेलाबाट बैचारिक बहसलाई अगाडि बढाउदै परासी जिल्ला संगठनलाई नयाँ रूपमा विकास गर्ने क्रान्तिकारी माओवादीका नेताहरूले दावी गरेका छन् । उनीहरूका अनुसार पार्टीलाई चुस्तदुरुस्त बनाउदै क्रान्तिकारी धारको रक्षा गर्नका लागि पार्टीका भेला सम्मेलनलाई गोप्य राख्ने नीति समेत लिइएको सो पार्टीका नेता चोलाले जानकारी दिए ।

देशभक्त जनगणतान्त्रिक मोर्चा तथा जनवर्गीय मोर्चा संगठनलाई खुल्ला र पार्टीलाई भूमिगत राख्ने केन्द्रीय निति अनुसार आफूहरू संगठन विस्तारमा लागेको क्रान्तिकारी माओवादी परासीले जनाएको छ । ...बाँकी ७ पेजमा

## 'अमेरिकामाथि हाइड्रोजन बम प्रयोग गर्न प्योङयाङ तयार'



एजेन्सी । युरोपका लागि उत्तर कोरियाका सांस्कृतिक मामिलासम्बन्धी विशेष प्रतिनिधि एलेक्जाड्रो काओ डी बेनोले अमेरिकाविरुद्ध हाइड्रोजन बमको प्रयोग गर्न प्योङयाङ तयार रहेको बताएका छन् ।

उत्तर कोरियाली जापानी आकाशमाथिबाट प्रशान्त क्षेत्रमा पुग्नेगरी ब्यालिस्टिक मिसाइल परीक्षण गरेको एक साता नपुग्दै काओ डि बेनोको यस्तो भनाई बाहिर आएको हो । एक महिनाको अवधिमा उत्तर कोरियाले हाइड्रोजन बमको सफल परीक्षण गर्नुका साथै दुई वटा क्षेप्यास्त्र जापानी आकाशमाथिबाट परीक्षण गरेको छ । बीबीसी रेडियो फाइबसँगको कुराकानीमा उनले वर्तमान अवस्थामा अमेरिकाको लगभग जुनसुकै शहरलाई निशाना बनाउन उत्तर कोरिया सक्षम रहेको दावी गरेका छन् । एलेक्जेन्ड्रो उत्तर कोरियाली नेता किम जोङ-उनका नजिककामध्ये एक हुन् ।

पारमाणविक परीक्षण गरेको दुई साता पनि नबित्दै उत्तर कोरियाले गत हप्ता जापानी आकाशमा दोस्रो क्षेप्यास्त्र प्रहार गरेको थियो । उत्तर कोरियाले पश्चिमा राष्ट्रको कडा नाकाबन्दीलाई समेत बेवास्ता गर्दै आफ्नो परमाणु कार्यक्रमलाई निरन्तरता दिएको छ ।

काओ डी बेनोले भने, 'सबै अमेरिकी वैज्ञानिकहरूलाई यो कुरा थाहा भइसकेको छ कि हामीले परीक्षण गरेको क्षेप्यास्त्रले लामो दूरीसम्म मार हान्न सक्छ । हामी त्यसलाई ४ हजार किलोमिटरसम्म पठाउन सक्छौं अर्थात् अब हामी अमेरिकाका लगभग जुनसुकै शहरलाई निशाना बनाउन सक्छौं ।'

काओ डी बेनोले भने, 'संसारलाई अहिले हाम्रो प्राविधिक र वैज्ञानिक क्षमताबारे थाहा भइसकेको छ ।' उत्तर कोरियाली सेनाका अनुसार गत साता प्रहार गरिएको क्षेप्यास्त्रले ७ सय ७० किलोमिटरको ...बाँकी ७ पेजमा

## नेकपा-विप्लव समूह : एक संक्षिप्त अध्ययन

**१. विषय प्रवेश:**

२०७१ साल मंसिरमा पार्टीको केन्द्रीय विस्तारित बैठक सञ्चालित भइरहेको अवस्थामा भिन्न मतको प्रस्ताव पेश गरेर विप्लवसमूह तात्कालिक पार्टी नेकपा-माओवादीबाट अलग भई नेकपा माओवादी गठन गर्न पुगेको थियो । यो समूह बाहिरिएको अव झण्डै तीन वर्ष पुग्दैछ ।

सो समूहको बहिर्गमन पश्चात् २०७१ पौषमा आयोजित हाम्रो पार्टीको प्रथम राष्ट्रिय भेलामा पारित राजनीतिक प्रतिवेदनमा भनिएको थियो । "हामीले विप्लव समूहमा देखापरेका चिन्तन तथा प्रवृत्तिलाई वामरूपमा अभिव्यक्त दक्षिणपन्थी विचलनका रूपमा नामाङ्कन गर्नुपर्दछ ।" (नेकपा-माओवादीका दस्तावेजहरू पृ. २२ आन्तरिक प्रकशन विभाग २०७१ माघ) । सो प्रस्तावमा विप्लव समूह दर्शनको क्षेत्रमा निषेधात्मक द्वन्द्ववाद, अनुभववाद तथा सारसंग्रहवादको भासमा फँसेको, राजनीतिक अर्थशास्त्रको क्षेत्रमा त्यसले मजदुर किसान वर्गको भूमिकालाई गौण स्थानमा राखी मध्यम वर्गको भूमिकामाथि विशेष जोड दिएको एवम् त्यसमा साम्राज्यवाद-विस्तारवाद परस्तताका लक्षणहरू देखिएको र समाजवादको क्षेत्रमा त्यसले अराजकतावादी व्यक्तिवाद तथा पश्चगामी शक्तिसितको सत्तासाझेदारी आदि मान्यता अँगालेको भनेर उल्लेख गरिएको थियो ।

गत २०७३ फागुनमा सो समूहले

*हामीले देश, जनता, क्रान्ति, सर्वहारा अन्तर्राष्ट्रियतावाद तथा मार्क्सवाद-लेनिनवाद-माओवादलाई विशेष रूपमा मनन गर्दै र आ-आफ्ना कमी तथा कमजोरीलाई सच्याई क्रान्तिकारी ढङ्गले रूपान्तरित हुँदै एकताबद्ध बन्ने दिशामा गंभीरतापूर्वक सोच्न र ठोस पाइला चाल्न नितान्त जरूरी छ ।*



● मोहन वैद्य 'किरण'

अध्ययन तथा संश्लेषण गर्नु हो ।

**२. अन्तर्राष्ट्रिय तथा राष्ट्रिय सन्दर्भ:**

विप्लव समूहले अन्तर्राष्ट्रिय तथा राष्ट्रिय परिस्थितिको मूल्याङ्कन गरी अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरका विभिन्न विषय र आधारभूत तथा प्रधान अन्तविरोधहरूबारे आवश्यक निष्कर्ष निकाल्ने काम गरेको छ । यी विषयवारे यस समूहले बडो विचित्र ढंगका, नयाँ-नयाँ झैं लाग्ने, तर गहिरिएर अध्ययन गर्दा पुरानै देखिने खालका निष्कर्ष निकालेको देखिन्छ ।

राजनीतिक प्रतिवेदनमा वर्तमान विश्वको चर्चागर्दा पुँजीवादी विश्व-व्यवस्था, उत्तर साम्राज्यवाद, नव औपनिवेशिक अवस्था, उत्तर-आधुनिक संस्कृति आदिको उल्लेख गरिएको छ । तर नवउदारवाद, पुँजीको वित्तीयकरण, एकाधिकार पुँजीवाद जस्ता पदहरूको

रहेका छन् : (१) शक्ति केन्द्रहरू बीचको संघर्ष, (२) शक्ति राष्ट्र र मुश्लिम देशहरू बीचको अन्तर्विरोध, ३) उत्तर-साम्राज्यवाद र समाजवादी शक्ति बीचको अन्तर्विरोध, (४) दलाल तत्वहरू र जनता बीचको अन्तर्विरोध र (५) उत्तर-साम्राज्यवाद र उत्पीडित राष्ट्र बीचको अन्तर्विरोध । यहाँ उल्लेख गरिएका अन्तर्विरोधहरूमध्ये तेस्रो र पाँचौ नम्बरमा राखिएका अन्तर्विरोधहरूले यस समूहलाई कित्ता फेर्नका लागि बलियो आधार प्रदान गरेका छन् । आज विश्वका कुनै पनि क्रान्तिकारी कम्युनिस्ट पार्टी वा संगठनहरूले तेस्रो र पाँचौ नम्वरमा राखिएका आधारभूत वा प्रधान अन्तर्विरोधलाई स्वीकार गर्दैनन् । आज एकातिर कुनै पनि समाजवादी शक्ति राज्यसत्तामा छैन भने अर्कोतिर सामाज्यवादलाई उत्तर साम्राज्यवाद बताउनु साम्राज्यवादकै अस्तित्व समाप्त भएको घोषणा गर्नु हो ।

यसैगरी सो प्रतिवेदनमा राष्ट्रिय परिस्थिति र अन्तर्विरोधबारे पनि उल्लेख गरिएको छ । यहाँ (क) दलाल सत्ता र क्रान्तिकारी शक्तिबीचको सङ्घर्ष, (ख) दलाल तत्व र देशभक्त शक्तिबीचको संघर्ष, (ग) संसद्वादी-संसद्वादी दलालबीचको संघर्ष, (घ) दलाल सत्ता र आम उत्पीडित वर्ग, राष्ट्र, क्षेत्र, लैङ्गिक समुदायबीचको संघर्ष लगायतका चार खालका अन्तर्विरोधको उल्लेख गरेर पहिलो अन्तर्विरोधलाई प्रधान अन्तर्विरोध बताइएको छ । (उक्त, पृ. २४) । यहाँ एकातिर दलाल सत्ता जस्ता विचित्रका पदावलीको प्रयोग गरिएको छ भने अर्कोतिर दलाल पुँजीपति, नोकरशाही पुँजीपति, सामन्त वर्ग जस्ता पदावलीको सम्बन्धित ठाउँमा प्रयोग गरिएको छैन । शायद, नयाँ बन्ने धुनमा यसो गरिएको होला !

देशको नयाँ स्थिति के छ त ? दस्तावेजमा भनिएको छ -"अंग्रेज युद्धपछि अर्धउपनिवेश र राणा शासनको अन्त्यपछि अर्धसामन्ती व्यवस्थामा रहेको नेपाल यतिवेला भारतीय साम्राज्यवादी हस्तक्षेपसमेतबाट नवउपनिवेशमा र जनयुद्ध र गणतन्त्रको स्थापनापछि दलाल पुँजीवादमा बदलिएको छ । राजनीतिक एवम् आर्थिक सम्बन्धबाट यो नयाँ स्थिति हो ।"(उक्त, पृ. ५०)।

यहाँ ध्यान दिनु पर्ने कुरा तीन ओटा छन् । पहिलो, ...बाँकी ३ पेजमा

## सम्पादकीय

# राष्ट्रिय सम्मेलनका कार्यभार

नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)ले असोज २१ देखि २५ सम्म राष्ट्रिय सम्मेलनको आयोजना गर्दैछ । पार्टीको सातौं महाधिवेशनपछि क्रान्तिकारी माओवादीले आजभन्दा करिब तीन वर्षअघिदेखि नै राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरेको थियो । तर राष्ट्रिय सम्मेलनको तयारीमा जुट्दै गर्दा पार्टीले दुई ठूला विभाजन व्यहोर्नु पर्‍यो र सम्मेलन पछि धकेलिदै आयो । पार्टी र नेतृत्वका विरुद्ध दायाँ र बाँयाबाट आक्रमण गरिदै आयो । प्रचण्ड-बाबुरामको नवसंशोधनवादसँग सम्बन्ध-विच्छेद गरेर बनाएको नेकपा-माओवादीले आफ्नो राजनीतिक कोर्स अगाडि बढाउन नपाउँदै संशोधनवादी, अवसरवादी र प्रतिक्रियावादीहरूको त्रिपक्षीय डिजाइनमा यो पार्टीमा एकपछि अर्को विभाजनको रेखा कोरियो । र, ०७३ जेठमा पार्टीको महासचिवको हैसियतमा रहेका रामबहादुर थापा'बादल'ले दक्षिणपन्थी अवसरवादी समूहको नेतृत्व गर्दै पार्टीभित्रको उक्त समूहलाई प्रचण्ड नेतृत्वको नवसंशोधनवादी समूहसँग आत्मसमर्पण गराउन पुगे । यसबीचमा क्रान्तिकारी माओवादीको स्वतन्त्र अस्तित्वलाई सिध्याउन तथा नेपाली कम्युनिष्ट आन्दोलनको क्रान्तिकारी धारलाई माटियामेट पार्न दक्षिणपन्थी संशोधनवादी, नवसंशोधनवादी, अवसरवादी र प्रतिक्रियावादीहरूबाट निकै ठूलो घोराबन्दी र आक्रमण गरियो तर वर्गसंघर्ष र अन्तर्संघर्षको भीषण संघर्षबाट खारिएर आएको नेतृत्वले लिएको वैचारिक तथा राजनीतिक अडानका कारण नेपाली कम्युनिष्ट आन्दोलनमा 'क्रान्तिकारी धारा' रक्षा सम्भव भयो र हुँदै आएको छ । अझै पनि यो धाराका विरुद्ध आक्रमणहरू भइरहेको अवस्थामा हुन लागेको क्रान्तिकारी माओवादीको राष्ट्रिय सम्मेलनका सामु केही ऐतिहासिक कार्यभारहरू छन्, जुन पूरा गरेर देखाउनैपर्ने परिस्थितिको बाध्यता छ ।

बदलिंदो परिस्थितिमा ठोस परिस्थितिको ठोस विश्लेषण गर्दै पार्टीको राजनीतिक तथा फौजी कार्यदिशालाई समृद्ध तुल्याउने र मूर्त खाकासहित अगाडि बढ्ने उद्देश्यलाई केन्द्रविन्दुमा राखेर राष्ट्रिय सम्मेलनको तयारीमा जुटेको यो पार्टीले 'नयाँ जनवादी क्रान्ति'लाई राजनीतिक कार्यदिशाको रूपमा प्रस्तुत गर्दै त्यसका लागि 'नेपाली विशिष्टतामा आधारित सशस्त्र जनविद्रोह'को फौजी कार्यदिशा अगाडि सार्दै आएको छ । यसलाई समृद्ध र मूर्त पार्ने कार्यभार आसन्न राष्ट्रिय सम्मेलनले पूरा गर्नैपर्ने देखिएको छ । कार्यदिशा अनुसारको पार्टी तथा जवस मोर्चाको निर्माण अर्थात् तीन जादुगरी हतियारको निर्माण गर्ने चुनौतीको सामना पनि गर्नैपर्ने देखिएको छ ।

क्रान्तिको उतारको बेलाभन्दा उभारको बेला अझ निर्णायक घडीमा पार्टी नेतृत्वले धोका र गद्दारी गर्दै आएको र पार्टीको नीति र उद्देश्यविपरीत सम्झौता गरेर आन्दोलन र त्यसको उपलब्धिलाई धरासायी बनाउँदै आएको नकारात्मक विरासतले खडा गरेको चुनौतीको सामना गर्नुपर्ने र संगीन प्रश्नहरूको जवाफ दिनैपर्ने कार्यभार अहिले क्रान्तिकारी माओवादीको काँधमा आएको छ । यो सम्मेलनबाट यसको जवाफ दिनैपर्दछ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको इतिहासको निर्मम समीक्षा गर्दै नकारपक्षमाथि विजयी पाउने सुत्रको पहिचान गर्दै सकार पक्षलाई सामयिक रूपमा समृद्ध पार्ने दृष्टान्त प्रस्तुत गर्ने कार्यभार यो राष्ट्रिय सम्मेलनले पूरा गर्नैपरेको छ ।

नेपाली समाजको वर्ग विश्लेषण तथा अर्थराजनीतिक अध्ययनका साथै नेता कार्यकता, क्रान्ति तथा सत्ताको व्यवस्थापन गर्ने नीति र विधिको विकास गर्न जरुरी छ । विज्ञान प्रविधि तथा सूचना प्रविधिको आजको युगमा क्रान्तिको हितमा त्यसको सर्वोत्तम सदुपयोग कसरी गर्न सकिन्छ भन्ने विषयमा पनि गहिरो अध्ययन गर्न जरुरी छ ।

साम्राज्यवादी तथा विस्तारवादी मुलुकहरूको नेपालमा बढ्दो उपस्थिति, उनीहरूको स्वार्थ र अन्तरविरोध र त्यसले नेपालको नयाँ जनवादी क्रान्तिमा पार्ने प्रभावका विषयमा पनि ठोस अध्ययन गरिन जरुरी छ । र, यहाँका देशभक्त, वामपन्थी, जनतान्त्रिक तथा क्रान्तिकारी शक्तिलाई एकताबद्ध तुल्याउने विषयमा पनि ठोस गृहकार्य गर्न जरुरी छ ।

नेपालमा सच्चा कम्युनिष्ट क्रान्तिकारी पार्टीको पहिचान बनाएको नेकपा (क्रान्तिकारी माओवादी)को यो राष्ट्रिय सम्मेलनलाई राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा निकै महत्वका साथ हेरिएको छ । यो सम्मेलनबाट आमूल परिवर्तनका पक्षधर जनपंक्ति र राजनीतिक पंक्तिको अपेक्षालाई पूरा गर्ने ऐतिहासिक कार्यभार पूरा गर्न क्रान्तिकारी नेता कार्यकर्ताहरूले गहिरो जिम्मेवारी बोध गर्न जरुरी छ ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निषपक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# सुधारिएको संसदीय आहालमा बेहाल माओवादी केन्द्र



● कुमार शाह ●

**'जनवाद' पनि आएको र 'जनताको जनवादी अधिनायकत्व' पनि लागू भइसकेकाले काङ्ग्रेस, एमाले तथा राप्रपा र राजपाहरू जोसँग पनि गठबन्धन गर्न माओवादी केन्द्रलाई अब सोमवारे औंसी कुरिराख्नु पर्दैन ।**

सङ्घर्षको लामो फेहरिस्त हेर्‍यौं भने संविधान जारी भई स्थानीय तहको निर्वाचन भएपछि नेपालको एक पटकको सङ्क्रमणकालको क्षणिक अन्त्य भएको छ । हालको पुनर्संरचना सहितको संसदीय व्यवस्था वा सुधारिएको संसदीय व्यवस्था (किनकि २०३६ सालको आन्दोलनपछि सुधारिएको पञ्चायती व्यवस्था ल्याइएको नेपालको ऐतिहासिक परम्परा नजीरका रूपमा छ) जनताको अगाडि देखा परेको छ । स्वभाविक रूपले यसले आमरूपमा नयाँ तरङ्ग पैदा गर्न सकेको छैन र सक्तैन पनि । किनकि, जनवादी गणतन्त्र स्थापनार्थ गरिएको युद्ध/आन्दोलनको आशा, उमङ्ग र अपेक्षालाई उसकै विरुद्ध लडाइँ लडिएको संसदीय स्वार्थको घेराभित्र पुनः कैद गरिएको छ । मानिसले मानिसमाथि गर्ने सबैखाले शोषणको अन्त्य गर्न जनयुद्ध सुरु गर्दाको पहिलो पोष्टरका 'संसदीय व्यवस्थाको भ्रममा नपरौं, नयाँ जनवादी क्रान्तिको तयारी गरौं' भन्ने मूल नारा नै राखिएको थियो । यस मान्यतामा युद्ध मूलतः संसदीय व्यवस्थाका विरुद्धमा लडिएको थियो । यसैको असर तथा परिणामको कारण जनताले यस सुधारिएको संसदीय व्यवस्थामा रत्तिभर आशा र विश्वास गर्न सकिरहेका छैनन् । जनताको अपेक्षा विपरीत यसलाई जबर्जस्त सापेक्ष स्थायित्व ग्रहणको दिशामा घिसार्न थालिएको छ ।

अहिले व्याख्या गरिँदै आएको सङ्घीयता, गणतन्त्र, समानुपातिकता, समावेशिता, पुनर्संरचना आदि कुराहरू नेपालका युद्ध/आन्दोलनले सिर्जना गरेका विश्वका लागि नौला कुरा होइनन् । बरु पुँजीवादी आधुनिकता आफ्नै खुट्टामा अड्न नसकेर लर्खराउन थाल्दा टेकोपुँडोको रूपमा विकास गरी 'उत्तर आधुनिकता' का नाममा उही संसदीय व्यवस्थालाई जोगाई राख्न सिर्जना गरिएका थप सुधारवादी कार्यक्रम सम्बोधनका लागि निर्माण गरिएका पदावलीहरू मात्र हुन् । थपिएका यी सबै पदावली वा राजनीतिक स्वरूपहरू संसदीय व्यवस्थाका नयाँ कोट, नयाँ पाइन्ट र नयाँ जुत्ताहरू जस्तै हुन् । यी भनेका त शैली वा कलामा आएको फरकपन वा 'चट्ट रूमाल क्या मालुम कोटैको खल्तीमा' भने जस्ता मात्रै हुन् । यसमा स्वर मिलाउँदै माओवादी केन्द्रले आफ्नो संसदीय मुखुण्डो ढाक्न 'माफी हुन्छ क्या मालुम मायाको गल्तीमा' पनि थप्न थालेको छ ।

हुँदाहुँदा त वर्गीयताका कुरा छाडेर यी सबै एजेण्डाहरू माओवादीका भएकाले वर्तमान सुधारिएको संसदीय व्यवस्था पनि माओवादीकै भएको हाँस्यास्पद तर्क माओवादी केन्द्रले अघि सार्न थालेको छ । आफूलाई 'माओवादी' भनिरहेको सङ्गठनले भन्ने गरेको यो आठौं आश्चर्यको कुरा पनि हो । साथै, यो वैचारिक रूपमा माओवादी केन्द्र नवसंशोधनवादसम्म अड्न पनि नसकी तीब्ररूपमा दक्षिणपन्थी संशोधनवादमा विलय हुँदै गरेको वैचारिक संश्लेषणको अभिव्यक्ति पनि हो । भलै, साङ्गठनिक रूपमा माओवादी केन्द्रको भिन्नै स्वरूप अध्यावधि कायमै छ; तैपनि यसले चाहेर वा नचाहेर यो बहुदलीय जनवादमा संश्लेषित हुनजाने बाटोलाई निकै फराकिलो बनाउँदै भने लगेको छ ।

काङ्ग्रेससँगको माओवादी केन्द्रको गठबन्धनलाई लक्षित गर्दै एमाले अध्यक्ष केपी ओलीले भन्ने पनि गरेका छन्: माओवादी केन्द्रमा 'माओवादी' सकियो अब 'केन्द्र' मात्र बाँकी छ । यो बाँकी रहेको 'केन्द्र' पनि विनिर्माणवादका प्रणेता ज्याक डेरिडाको ' थ्योरी' मा कहिले वारि त कहिले पारि हल्लिएर पिङ खेलिरहेको छ । यो पिङ खेलाइमा डेरिडाको विनिर्माणको परिभाषाले ठ्याक्कै मेल खान्छ: 'केन्द्र नै छैन, तर केन्द्र कतै भने छ । त्यो कतै छ भनेको कहाँ छ त ? त्यो कतै भन्ने त कहीं पनि छैन ।'

यस्तो विसङ्गतिपूर्ण उत्तरआधुनिकताको हल्लिरहेको डोरीमा माओवादी केन्द्र नाम मात्रको सङ्घीयता, समानुपातिकता, समावेशिता, धर्मनिरपेक्षतालाई दृष्टि कवजका रूपमा प्रयोग गरेर आफ्नो नाङ्गो ढाक्न सिसिफस्को कसरतमा तल्लिन छ । अहिलेको सामान्य पुनर्संरचना गरी ल्याइएको सुधारिएको संसदीय व्यवस्थालाई उसले ' नयाँ जनवाद' को संज्ञा दिइरहेको छ । सारमा हेर्दा प्रयोग गरिएका शब्दावली देखिएको भिन्नता बाहेक एमालेको बहुदलीय जनवाद र माओवादी केन्द्रको हाल 'यो वा त्यो रूपमा पूरा भएको जनवाद' मा फरक केही पनि छैन । अबको बाटो समाजवादी बाटो भनेर दुवैले एउटै भाषा बोलेका छन् । त्यसो त एमाले अध्यक्ष ओली र माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले एकताको सम्भावना अन्तिम अवस्थामा पुगेको तर एकता हुन नसकेको कुरा पनि बारम्बार अभिव्यक्त गर्ने पनि गरेका छन् ।

कुर्सी स्वार्थ र सत्तामोहले भने यी दुवैलाई क्षणिक रूपमा 'तिम्रो घरमा नौमती बजाउँदा लान्छन् मलाई जोर शङ्ख फुकेर' भन्ने ठाउँमा पुर्‍याइ दिएको छ । नेता मिल्न गाह्रो तर कार्यकर्ता एकताका पक्षमा आतुर देखिएपछि ओली बत्तालिने र प्रचण्ड अत्तालिने अवस्था एक चरणमा आएकै थियो । यो भ्रम तत्कालै जनस्तरसम्म नपरोस् भन्नका लागि माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले एउटा कला प्रयोग गरेका थिए । त्यो कलाको अन्तर्यमा बिरालाले आफ्ना छाउरा सारेझैं आफ्ना पाठाहरू जोगाउनु थियो । उनले आफू कमजोर भएका बेला आफ्ना कार्यकर्ताहरू एमालेमा पस्नबाट रोकेका छन् । र, नेपाली कांग्रेससँग साँठगाँठ गर्न पुगेका छन् ।

एक पटकको जमाना थियो वैद्य माओवादीबाट बादल-गुरुङहरू माओवादी केन्द्रमा जान जति हस्याङफस्याङ गर्दै थिए, त्यो भन्दा बढि नै माओवादी केन्द्रको एउटा ठूलो पंक्ति एमालेमा जान बार्गेनिङ र सहभोज गरिरहेको थियो । जनयुद्धपछि शान्ति प्रक्रियामा आएका बेला प्रचण्डले 'एमालेलाई डाइजेष्ट गर्नुपर्छ' भनेर बारम्बार उठाउने गरेका पनि थिए । छोटो समयमै वैचारिक रूपले एक सिक्काका दुई पाटा बन्न पुगेका एमाले र माओवादी केन्द्रमध्ये परिस्थितिले माओवादी केन्द्रलाई स्वयम् 'डाइजेष्ट' हुनुपर्ने अवस्थामा पुर्‍याएको छ ।

माओवादी केन्द्रले आधिकारिक रूपमा भन्दै आएको पनि छ, जनवादी क्रान्तिको कार्यभार यो वा त्यो रूपमा पूरा भइसकेको छ । अर्थात् नेपालमा 'जनवादी व्यवस्था' आइसकेको छ । मानौ उसका अनुसार हाल नेपाली काङ्ग्रेस, एमाले तथा राप्रपा र राजपाहरू ' जनताको जनवादी अधिनायकत्व' अन्तरगत आफ्ना गतिविधि सञ्चालन गरिरहेका छन् । 'जनवाद' पनि आएको र 'जनताको जनवादी अधिनायकत्व' पनि लागू भइसकेकाले काङ्ग्रेस, एमाले तथा राप्रपा र राजपाहरू जोसँग पनि गठबन्धन गर्न माओवादी केन्द्रलाई अब सोमवारे औंसी कुरिराख्नु पर्दैन । यसका साथै अब गरिने क्रान्ति भनेको 'समाजवादी' भएकाले नेपाली काङ्ग्रेसमा प्रवेश गर्नु र एमालेमा प्रवेश गर्नुमा कुनै तात्विक अन्तर पनि छैन । किनकि ती सबैले वर्तमान संविधानमा बकाइदा उल्लेख गरिएको समाजवाद निर्माण गर्ने निर्देशन पूर्ण रूपमा पालना गर्न प्रतिवद्ध छन् ।

वर्तमान सुधारिएको संसदीय आहाल नै ' जनवादी व्यवस्था' भनी परिभाषित गर्दै निवर्गीय दोलकको भूमिकामा रहन पुगेको माओवादी केन्द्र हेर्दाहेर्दै कुनै दिन आफैमा विना केन्द्रको हुन पुगेछ भने सर्वसाधरणले समेत् त्यसलाई कुनै आश्चर्यको रूपमा लिने देखिदैन ।

## झर्रोटर्रो

कैलुब्राह

# ठोकतन्त्रे गनतन्त्र

भरखरै मात्र सत्ताधारी सिण्डिकेटे तीन दलहरूले संसद अर्थात् 'कुकुरको मासु बेच्ने पसल'मा केही कानुन बनाउने निर्णय गरे । उनीहरूको त्यो निर्णयले नेपाल मण्डलमा सनसनी मच्चायो । यतिखेर नेपाल मण्डलमा तीन दलको सिण्डिकेट चलिरहेको कुरा त सबै मनुखेलाई थाहै छ । डेउडापतिको चारतारे दल, उखानप्रसादको सुर्यछाप दल र मिस्टर सुप्रिमोको गोलघेरे दल नै यो मण्डलका लाउके दलहरू हुन् । यिनीहरूको सिण्डिकेटमा नेपाल मण्डलको सत्ता फनफनी घुमिरहेको छ । जसरी पृथ्वी माताले सूर्य पिताको परिक्रमा गर्छिन्, त्यसैगरी नेपाल मण्डलको सत्ताले यिनै तीनदले लाउकेहरूको परिक्रमा गर्छ । उनीहरूले यो सत्ता कसरी चलाउन खोजेको हो, अरू सानातिना भुरेटाकुरे दलहरूलाई के गर्न खोजेका हुन्, लोकतन्त्रको असली चरित्र के हुनु पर्छ भन्ने विषयमा आफ्नो असली मनसाय व्यक्त गर्न भन्दै बक्तव्य जारी गर्ने निर्णय गरेछन् । उक्त बक्तव्य बाहिर ल्याउने तयारी गर्नै लागेको बेला झर्रोटर्रोको कार्यालयमा विशेष सुलसुले मार्फत् सुटुक्क प्राप्त भएकाले यहाँ जस्ताको तस्तै प्रकाशित गरिएको छ ।

***'प्यारा विदेशी प्रभुहरू तथा अप्ठ्यारा यस मण्डलका मनुखेहरू !***

यतिखेर हामी निकै सङ्कट र अप्ठ्यारो अवस्था पार गरेर सजिलो परिबेसमा पाइला चाल्दै गरेका छौं । पञ्च प्रेतहरूले तीस वर्षसम्म खाएर थोत्रिन थालेपछि हाम्रा हातमा सत्ता आएको थियो । त्यही पनि केही वर्ष चलाउन पाउँदा नपाउँदै जनयुद्ध सुरु भएपछि हामी सबैले भोग्नु नभोग्नु दुःख पायौं । हाम्रो चाहना हुँदा नहुँदै पनि केही गरिब गुरुवा मनुखेहरूले परमधाम हुने अवसर प्राप्त गरे । हुन त ती गरिब गुरुवा बाँचेका भए पनि खानु लाउने समस्या झेलिरहनु पर्थ्यो होला तैतै कमसे कम दुःख लुकाए भन्नु उपयुक्त होला । हामी चारतारे र सूर्यछाप दल मिलेर अहिलेको गोलघेरे दललाई त्यतिबेला आतङ्ककारी भन्यौं, टाउकाको मोल तोक्यौं, सङ्कटकाल लायौं र जङ्गलीहरूलाई जहाँ भेट्यो त्यहिँ ठाउँका ठाउँ ठहरै पार्न हाम्रो सत्ताका सुरक्षाकर्मीहर्लाई अह्रायौं । हामी गोलघेरे दलले पनि त्यतिवेला चारतारे र सूर्यछापलाई प्रतिकृयावादी भनेर यो सत्ताको जरो बुटो उखेल्न कम्मर कसेर लाग्यौं । परन्तु खुसीको कुरो के भयो भने हामी दुबैतर्फका लाउकेहरू सकुशल बाँच्यौं, हाम्रा सन्तानलाई समेत कुनै घुनपुत्लो लाग्न पाएन । अहिले हामी सबै एउटै सत्तामा बसेर राम्रैसँग डकार्ने अवसर प्राप्त भएको छ । यसका लागि पश्चिमा प्रभुहरू र छिमेकी प्रभुहरूलाई कोटीकोटी प्रणाम छ ।

कुरो अन्तै बटारियो क्यारे । हामीले आज यो वक्तव्य जारी गर्नुको तात्पर्य मनुखे जगतलाई सत्ताको नियम कानुनका बारेमा जानकारी गराउनु हो । हामी तीन दल 'संसदाँ' केही कानुनका लागि नीति पास गर्ने कुरामा सहमत भएका छौं । हामी उच्च पदमा विराजमान भएकाहर्ले पदबाट हटेपछि आजिवन सत्ताको भत्ता सुविधा र अबसरहरू सबै डकारेर बस्न कोइ माइका लालले पनि छेकथुन गर्न नपाउने कानुन बनाउँदै छौं । त्यसैगरी अब उप्रान्त राष्ट्रका पति र उपपतिमा उमेद्बार बनाउन पचास जना माननीयहर्को समर्थन र प्रस्ताव चाहिने भएको छ । त्यति जुटाउन नसक्ने हुतिहारा लुतेलाम्रे दलहर्लाई राष्ट्रको उच्च ओहोदाका महामहिम पदमा उठ्न पाउने हकदाबी गर्न पाउने छैनन् ।

आर्को कुरा अहिले जसरी च्याउ उम्रेझैं पार्टी खोलेर समानुपातिकका तर्फबाट भएपनि 'संसदाँ' छिरेर फुर्तिफार्ति लाउन पाएका छन् अब उप्रान्त भुरेभारे दलहर्लाई त्यो अधिकार पनि हुने छैन । प्रत्यक्षमा एउटा पनि सिट जित्न नसक्ने गरिब गुरुवा दलले समानुपातिक अधिकार पाउने छैनन् । हाम्ले थ्रेस होल्डको कानून ल्याएर भुरेभारे दलहर्लालई प्रतिवन्ध लाइद्या छम् । समानुपातिको अधिकार त हामी ठूला दलहर्को लागि मात्रै हो । हाम्रा स्वस्नी, छोराछोरी, भाइभतिजा, नातागोता र हाम्रा पार्टीहर्लाई मोटो मोटो चन्दा दिने दातामाताहर्लाई 'संसदाँ' छिराउनका लागि समानुपातिकको सुविधा संविधानाँ राखेका हम् । यो राज्यसत्ता हामी जस्ता ठूला दलका पितापुर्खादेखिको विर्ता भएकाले गरिबगुरुवा, लुतेलाम्रे, र भुरेटाकुरे दलहर्को लागि यहाँ केही गर्ने अधिकार र छुट छैन । लोकतन्त्र भनेकै ठूलाले सानालाई ठोकतन्त्र हो । सक्ने भए चुनाउमा ठूलो दल बनेर अरूले पनि लुटे हुन्च । हाम्ले छेक्या छैनम् । यो राज्य पैला राणासाबले चलाए, त्यसपछि राजाले पञ्चप्रेतहरू बनाएर चालाए, त्यसपछि राजा, चारतारे, सूर्यछाप र पञ्चप्रेत मिलेर चलाए, ऐले हामी तीनदले लाउकेहर्ले चलाउने पालो आ'छ । यो हाम्रो सनातनी चलन हो । राज्यसत्ता भनेको सक्नेले नसक्ने माथि शाषन गर्ने हो भन्ने त सबैलाई चेतना भएकै कुरा हो । त्यसैले अरू कसैले अब उप्रान्त च्याल नचुहाए हुन्च ।

आर्को कुरा संविधानाँ नो भोटको कुरा उठाथिम् । त्यसलाई पनि हाम्ले खारेज गर्ने कानून ल्या छम् । यस्ले हाम्लाई नै घाँडो हुने सम्भावना देखा परो । कसैलाई पनि भोट नदिनेको सङ्ख्या धेरै भो भने त्यो चुनाउलाई के गर्ने भन्ने समस्या उत्पन्न हुने भएकाले हाम्ले त्यस्तो नियम नराख्ने सल्लाह गरिम् । यो त हाम्रै बिरुद्धमा आउला भन्ने लागो । आफैले आफैँलाई हातखुट्टा बाँधेर लडाउने कानुन किन ल्याउने ? त्यै भ'र हटाइदिइम् । खबरदार यो सत्ता हाम्रो बिर्ता हो ।'

वक्तव्य त यस्तो पो आयो गाँठे । यी सिण्डिकेटे दलहरूले त यस्तो पो सोच्या रैचन् । अब त साना दल संसदमा छिर्न पनि नपाउने । कथम् छिरिहाले पनि महामहिम पदमा उठ्न पनि नपाउने । लोकतन्त्रे गणतन्त्र भन्या त यस्तो प्रकारको ठोकतन्त्रे गनतन्त्र पो रैच गाँठे । हैट । *३१ भदौ २०७४*

*kailubraha73@gmail.com*

# नेकपा-विप्लव समूह : एक संक्षिप्त अध्ययन

यहाँ देश अर्धसामन्ती अवस्थामा नरहेको किटिएको छ । दोस्रो, यहाँ देशमा नवउपनिवेशवादी उत्पीडन भर्खरै शुरु भएको जस्तो गरेर उल्लेख गरिएको छ । जवकि साम्राज्यवादले नव उपनिवेशवादको बाटो लिएको त दोस्रो विश्वयुद्ध पछि नै हो । तेस्रो, यहाँ दलाल पुँजीवाद मात्र भनिएको छ, नोकरशाही पुँजीवाद होइन । चौथो, यहाँ भारतलाई विस्तारवाद भन्न छोडेर साम्राज्यवाद बताइएको छ । यहाँ कुन पदावली कसरी प्रयोग गरिएका छन् र कसरी प्रयोग गर्नु पर्नेहो भन्ने कुरा बहसको विषय हो । त्यतापट्टि अहिले नलागौं, परन्तु मुख्य विषय सो समूहका अनुसार नेपालमा पुँजीवादको विकास भइसकेको छ भन्नेतिर गइरहेको छ ।

देशको वर्गविश्लेषणका सन्दर्भमा यस समूहले एउटा विचित्र प्रकारको अवधारणा प्रस्तुत गरेको छ, त्यो हो-"नयाँ श्रमिक वर्ग (मध्यम वर्ग )" । (उक्त, पृ. ५४) । मध्यम वर्ग भनेको मार्क्सवादी दृष्टिकोण अनुसार समान्यतः राष्टिय पुँजीपति वर्ग हो । तर, त्यो नयाँ श्रमिक वर्ग कदापि बन्न सक्तैन । विशेष ध्यान गनु पर्ने विषय के हो भने यस समूहले नयाँ श्रमिक वर्गका रूपमा मध्यम वर्गको अवधारणालाई "केही महत्वपूर्ण सैद्धान्तिक विषयहरू" शीर्षक अन्तर्गत नयाँ विकसित मान्यताका रूपमा विशेष महत्व दिएर राखेको छ । यो वर्गविश्लेषणको सन्दर्भमा देखिएको गंभीर प्रकृतिको दक्षिणपंथी विचलन हो ।

**३. दर्शन सम्बन्धी प्रश्न :**

राजनीतिक प्रतिवेदनमा दर्शन सम्बन्धी प्रश्नमा कतिपय महत्वपूर्ण विषयमा विकासका नाममा संशोधन गर्ने काम गरिएको छ । ती विषय मार्क्स, लेनिन र माओद्वारा स्थापित तथा विकसित गरिएका आधारभूत प्रस्थापनासित जोडिएका छन् ।

प्रस्तावमा भनिएको छ - "मार्क्सले संश्लेषण गर्नुभएको 'दार्शनिकहरूले संसारको व्याख्या मात्र गरेका छन्, मुख्य कुरा त यसलाई बदल्नु हो' भन्ने विचारलाई विकास गर्ने विषय हो । मार्क्सले भन्नुभएको विचार सही नै हो तर समाजवादको असफलताले के साबित गरेको छ भने वस्तुलाई बदल्नु मात्र पूर्ण होइन, बदलिएको वस्तुलाई रक्षा र विकास गर्ने कुरा मुख्य बन्दोरहेछ ।" (उक्त, पृ. ३९) ।

यहाँ मार्क्सको दर्शन सम्बन्धी मुख्य पक्ष र सारतत्वलाई तोड मरोड गर्ने प्रयास गरिएको छ । मार्क्सद्वारा प्रस्तुत बदल्नुलाई विकास गर्नुको नाममा रक्षा र विकासमा प्रतिस्थापित गर्न खोजिएको छ । यो दार्शनिक फाँटमा उल्टो कदम हो ।

सोही प्रस्तावमा भनिएको छ -"दर्शनको विषय द्वन्द्वात्मक भौतिकवादमा विपरीतको एकत्वसम्बन्धी नियमलाई विकास गर्नेसँग सम्बन्धित छ । दार्शनिक रूपले विपरीतको एकत्व नै वस्तुको जीवन हो । यो दार्शनिक मान्यता सही छ । परन्तु विपरीतको एकत्वको नियम प्रकृति र समाजमा लागुहुँदा एकै प्रकारले हुन्छ भनेर बुझ्नु यान्त्रिक हुन्छ । ..... निर्जीवमा जीवनका लागि जुन विपरीत तत्वको आवश्यकता हुन्छ वा जुन विपरीतको अस्तित्व अनिवार्य हुन्छ सजीवमा त्यो नहुन सक्छ किनकि समाज र पार्टीमा विपरीतहरूका मात्रा र विशेषता बहुआयामिक हुँदा कुन विपरीत जीवनका लागि अनिवार्य हो र कुन होइन भन्ने बुझ्न आवश्यक हुन्छ ।" (उक्त पृ. ३९) । यहाँ पार्टीमा विपरीतहरूको एकत्वको नियम लागु हुँदैन भनिएको छ र दार्शनिक फाँटमा मार्क्सवादको संशोधन गर्न खोजिएको छ ।

समाजमा विद्यमान वर्गसंघर्षको दीर्घकालीन प्रकृतिद्वारा पार्टीभित्र दुई लाइन संघर्षको दीर्घकालीन प्रकृति निधारित हुने गर्दछ । जस्तोकि प्रशिक्षण सामग्रीका रूपमा तयार पारिएको चिनियाँ कम्युनिस्ट पार्टीको आधारभूत वुझाइ" शीर्षक रचनामा भनिएको छ- "समाजमा चल्ने वर्गसङ्घर्षको दीर्घकालीन प्रकृतिले पार्टीभित्र चल्ने दुईलाइन संङ्घर्षको दीर्घकालीन प्रकृतिलाई निर्धारित गर्दछ । जबसम्म वर्गहरू, वर्ग अन्तविरोधहरू र वर्गसङ्घर्ष रहिरहन्छन् त्यसको प्रतिबिम्बका रूपमा पार्टीभित्र दुईलाइन संङ्घर्ष पनि चलिरहन्छ ।" (दार्शनिक र सांगठनिक सिद्धान्त, पृ. ९५) । यहाँ समाजमा विद्यमान वर्गसंङ्घर्ष र पार्टीमा विद्यमान दुईलाइन संङ्घर्षको दीर्घकालीन प्रकृतिको अन्तःसम्बन्धबारे प्रकाश पारिएको छ ।

त्यसैगरी सो कृतिमा अझै अगाडि भनिएको छ -"वर्गसंघर्ष र दुई-लाइन संङ्घर्षको दीर्घकालीन प्रकृतिलाई दृढतापूर्वक आत्मसात् गरेर मात्र हामीले ती संङ्घर्षको उतार र चढावलाई, तिनीहरूको उच्च र निम्न ज्वारलाई तथा विभिन्न घुम्ती र मोडहरूलाई निर्धारित गर्ने नियमहरू बुझ्न सक्दछौं । अनि मात्र हामी पूर्ण तयारीको अवस्थामा रहनेछौं । जस्तो सुकै भेषमा वर्गदुश्मनले आफूलाई पेस गरे पनि हामी वर्गसंङ्घर्ष र दुईलाइन संङ्घर्षमा पहलकदमी लिनेछौं ।" (उक्त) । यहाँ वर्गसंङ्घर्ष र दुईलाइन संङ्घर्षको प्रकृतिलाई ठीकसित बुझ्ने र त्यसअनुसार तिनको समधानका लागि अवश्यक पहल एवम् तयारी गर्नेबारे विशेष जोड दिइएको छ ।

त्यसैगरी सो प्रस्तावमा प्रकृतिविज्ञानको विकास तथा नयाँ आविष्कारको साथमा दर्शनको फाँटमा आउनसक्ने विचलन एवम् गलत चिन्तनका विरुद्ध संघर्ष चलाउनु र द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको विकास गर्नुपर्ने कुरा बताइएको छ । त्यो सही छ, परन्तु, मार्क्सवादी दर्शनकै मूल प्रस्थापना र सारतत्वमाथि नै हमला गरिसकेपछि सो दर्शनको विकासको कुरा गर्नुको कुनै अर्थ रहन्न र त्यो निकै हास्यास्पद विषय बन्न पुग्दछ ।

स्पष्ट छ, विप्लव समूहले एकातिर भौतिकवादी द्वन्द्ववादको आधारभूत नियमका रूपमा विकसित विपरीतहरूको एकत्वको मूल मर्म माथि कुठाराघात गर्न पुगेको छ भने अर्कोतिर समाजमा चल्ने वर्गसंघर्षको दीर्घकालीन प्रकृतिलाई प्रतिबिम्बित गर्ने पार्टी भित्री दुई लाइन संघर्षको महत्वलाई तिलाञ्जली दिएको छ । यसरी अव सो समूहमा एकैसाथ एकमनावाद र दक्षिणपंथी अवसरवाद दुवै प्रभावी बन्नजाने कुरा देखिन्छ ।

**४. उत्तर-साम्राज्यवाद सम्बन्धी प्रश्न :**

विप्लव समूहद्वारा चर्चामा ल्याइएको एउटा मूल विषय उत्तर साम्राज्यवाद हो । यस समूहले आफ्ना विभिन्न दस्तावेज र प्रस्तावका सन्दर्भ सामग्रीहरूमा उत्तरसाम्राज्यवादलाई केन्द्रीय विषय बनाएको छ । त्यो पनि ध्यान दिनुपर्ने विषय हो ।

यस समूहको आठौं महाधिवेशनमा पारित राजनीतिक प्रस्तावमा भनिएको छ – "तसर्थ आज विकसित पुँजीवादी, साम्राज्यवादीविरोधी विशेषतालाई पुरानै रूपमा साम्राज्यवाद मात्र भन्नुभन्दा नयाँ विशेषतासहित अगाडि आइरहेकाले साम्राज्यवादलाई चरित्रअनुरूपको मिल्दो शब्द उत्तर थपेर अर्थात् फेरिएको, पछिको वा पछिल्लो र अतिमा पुगेको अर्थ बुझाउने उत्तरसाम्राज्यवाद बनाउनु वस्तुवादी हुन्छ ।" (उक्त पृ. ४१)

यहाँ उल्लेख गरिए जस्तो फेरिएको र अतिमा पुगेको साम्राज्यवादका नयाँ विशेषतालाई बुझाउन उत्तर शब्द प्रयोग गरिएको भनेर जुन तर्क दिएको छ त्यो पुरै गलत छ । किनभने उत्तर-साम्राज्यवादको अर्थ साम्राज्यवाद पश्चात् अर्थात अव साम्राज्यवाद समाप्त भइसक्यो भन्ने हो । त्यसैले उत्तर-साम्राज्यवाद पदावली प्रयोगमा गंभीर प्रकृतिको विचलन देखिन्छ ।

साम्राज्यवाद केही बदलिएको छ । तर के त्यो लेनिनले दिएको परिभाषाभन्दा गुणात्मक रूपमा बदलिएको छ ? विल्कुलै बदलिएको छैन । लेनिनले भन्नु भएको थियो –"साम्राज्यवाद पुँजीवादको विशेष ऐतिहासिक अवस्था हो । यसका विशेषता तीन प्रकारका छन् । साम्राज्यवाद (१) एकाधिकार पुँजीवाद हो, (२) परजीवी अथवा सड्दै गएको पुँजीवाद हो, (३) मरणासन्न पुँजीवादी हो । खुल्ला प्रतियोगिताको स्थान एकाधिकारद्वारा लिइनु साम्राज्यवादको मर्मभूत आर्थिक गुण, त्यसको सार हो ।" (ब्ला.इ.लेनिन संकलित रचनाएँ दश खण्डो में खण्ड ६ पृ. २१०) । साम्राज्यवादबारे लेनिनले भन्नु भएका उक्त कुरा अहिलेका लागि पनि सत्य नै छन् । असली अर्थमा साम्राज्यवाद भनेको एकाधिकार पुँजीवाद हो र पुँजीवादको एकाधिकार स्वरूप नै साम्राज्यवादको सार हो । परन्तु विप्लव समूह भन्दछ –"यतिबेला हामी लेनिनभन्दा १०० वर्ष अगाडि आएका छौं । यो समय निकै तीव्र औद्योगिक विकासको समय हो । अर्थविश्लेषकहरूको भनाइमा चौथो औद्योगिक क्रान्तिको चरण हो । यसको विशेषता भनेको इन्टरनेट, डिजिटल र साइबर प्रविधिको विकास हो । यो विकास लेनिनले विश्लेषण र संश्लेषण गरेको विशेषताभन्दा निकै नयाँ ठाउँमा पुगेको स्थिति हो ।" (उक्त पृ.४१) यहाँ साम्राज्यवाद लेनिनले परिभाषित गरेको भन्दा फरक भइ सक्यो भन्ने अर्थ लाग्दछ । साथै, यहाँ जुन औद्योगिक विकास र क्रान्तिको कुरा गरिएको छ त्यो प्रविधिवाद हो । यसरी यहाँ साम्राज्यवादलाई त्यसको आर्थिक -राजनीतिक सारतत्व होइन, प्रविधिमा कैदगर्न खोजिएको छ ।

विप्लव समूहले लेनिनद्वारा परिभाषित साम्राज्यवादको चर्चागर्दा एकाधिकार शब्दको उल्लेख गरिएको छ, परन्तु उत्तर-साम्राज्यवादका विशेषताहरूबारे विस्तत रूपमा उल्लेख गर्दा एकाधिकारको कुरा कतै पनि छैन । यसरी हेर्दा विप्लव समूहले कुरा नबुझेर केही कमजोरीवस उत्तर-साम्राज्यवादको प्रयोग गरेको देखिदैन । स्पष्ट छ, लेनिनद्वारा परिभाषित साम्राज्यवादमा "एकाधिकार" प्रमुख बनेर आउँछ, परन्तु उत्तर-साम्राज्यवादमा त त्यो आउँदैन । किनभने उत्तर-साम्राज्यवाद भनेको साम्राज्यवाद पछिको अवस्था हो ।

उत्तर-सम्राज्यवाद पदावलीको प्रयोग कति ठीक हो, एक जना वाम बुद्धिजीवी भन्दछन् -"विश्व व्यवस्थाले कुनै नयाँ गैर साम्राज्यवादी चरणमा प्रवेश गरेको छैन, जसलाई कहिले कहीं-"उत्तर-साम्राज्यवाद"का रूपमा चित्रित गरिन्छ । यसका विपरीत यो आफ्नो स्वभावैले एक साम्राज्यवादी व्यवस्था हो जसको उन्माद चरम सीमामा पुगेको छ ।" (त्जभ ीष्दभचर्बा ख्ज्चगक, उा द्द,ब्ब्पबच द्ययपक द्दण्ण्छ) । समिर अमिनले यो कुरा अब साम्राज्यवाद समाप्त भयो साम्राज्य मात्र बाँकी छ भन्ने प्रस्थापना लिएर आएका "साम्राज्य" शीर्षक पुस्तकका लेखक हार्ट र नेग्रीको विरोधका सन्दर्भमा व्यक्त गरेका हुन् । हार्ट र नेग्रीलाई उत्तर-मार्क्सवादी पनि भन्ने गरिन्छ ।

हार्ट र नेग्रीले भनेका थिए -"साम्राज्यले आदेशको सन्जाललाई मिलाएर वर्णसंकर पहिचान, लचकदार उत्तराधिकार र वहुल आदानप्रदानको व्यवस्थापन गर्दछ र विश्वको साम्राज्यवादी नक्साका विशिष्ट राष्ट्रिय रङ्ग एकै ठाउँमा मिलेका छन् र साम्राज्यीय भूमण्डलीय इन्द्रधनुषमा मिसिएका छन् ।" (उचभाबअभरु ड्ढउष्चभ द्दण्ण्ज्ञ) वस्तुतः हार्ट र नेग्रीका दृष्टिमा साम्राज्यवाद अव शोषण तथा उत्पीडनमूलक व्यवस्था रहेन र राष्ट्रिय राज्यका सिमा भत्किए । त्यसैकारण उनीहरूले साम्राज्यवादको ठाउँमा मात्र साम्राज्य पदको प्रयोग गर्दछन् ।

**५. कार्यदिशा, नीति र कार्यक्रम**

विप्लव समूहले अलगिए पछि कार्यदिशा, नीति र कार्यक्रमबारे नयाँ जस्ता लाग्ने अनेकौं कुराहरू उल्लेख गर्दै आएको छ । कार्यदिशा, नीति तथा कार्यक्रमको उल्लेख गर्ने सन्दर्भमा एकातिर बुझाइ वा अवधारणागत र अर्कोतिर तिनको निर्धारण दुवै सन्दर्भमा अत्यन्तै अस्पष्टता र अमूर्तता देखिने गर्दछ । यसलाई दार्शनिक भाषामा सारसंग्रहवाद भनिन्छ ।

यस सन्दर्भमा सो समूहद्वारा आठौं महाधिवेशनमा पारित केही भनाइहरू उद्धृत गरेर अध्ययन गर्नु उपयुक्त हुन्छ । जस्तो कि एकीकृत जनक्रान्तिको कार्यदिशाबारे भनिएको छ : "साम्राज्यवाद नयाँ विशेषतामा पुगेपछि यसको समाधान पनि लेनिन वा माओसम्मले विकास गरेको कार्यदिशाबाट मात्र सम्भव छैन । सहरबाट गरिने जनविद्रोह वा गाउँबाट गरिने दीर्घकालीन जनयुद्धको कार्यदिशा मात्र प्रयोग गरेर क्रान्ति सम्पन्न गर्न सम्भव छैन । तसर्थ क्रान्तिकारीहरूले आजको राजनीतिक विशेषता र अन्तरविरोधहरूलाई पक्डेर कार्यदिशाको विकास अनिवार्य रूपले गर्नैपर्थ्यो । हामीले सोही दृष्टिकोण र अध्ययनका आधारमा नेकपा (माओवादी) पुनर्गठन गरेपछि नेपाली राजनीतिक क्रान्तिको कार्यदिशा एकीकृत जनक्रान्ति संश्लेषण गरेका छौं ।" (उक्त पृ. ४३) ।

यहाँ कार्यदिशाको उल्लेख गर्ने सन्दर्भमा लेनिन एवम् माओद्वारा विकसित गरिएका सशस्त्र जनविद्रोह तथा दीर्घकालीन जनयुद्धको चर्चा गरेर र ती मात्र अपुग हुने बताएर एकीकृत जनक्रान्तिलाई फौजी कार्यदिशाका रूपमा प्रस्तुत गरिएको कुरा बताइएको छ । परन्तु त्यसको लगत्तै एकीकृत जनक्रान्तिका विशेषताका रूपमा नगर समाजको विकास, नयाँ श्रमिक वर्गको विकास, विज्ञान र प्रविधिको विकास लगायतका विषयबारे चर्चा गरिएको छ । त्यस पश्चात् भनिएको छ : "उल्लेखित विशेषता अनुरूप संश्लेषण गरिएको 'एकीकृत जनक्रान्ति' को कार्यदिशा राजनीतिक दृष्टिले मात्र होइन, सैन्यदृष्टिले पनि नयाँ र महत्वपूर्ण छ ।" (उक्त पृ. ४४)

उक्त उद्धरणहरूमा एकीकृत जनक्रान्तिलाई एकातिर फौजी कार्यदिशा मात्र र अर्कोतिर राजनीतिक तथा फौजी दुवै कार्यदिशा बताउन खोजिएको छ । तर पनि एकीकृत जन क्रान्तिलाई स्पष्ट रूपमा पेस गरिएको छैन ।

यसै पृष्ठभूमिमा सो समूहले फौजी कार्यदिशाको पनि चर्चा गरेको छ । सोही राजनीतिक प्रस्तावमा भनिएको छ -"एकीकृत जनक्रान्तिको सैन्य कार्यदिशा हामीले विशेष भेलाबाट पारित गरिसकेकाले त्यसबारे यहाँ चर्चा गर्नु आवश्यक र उपयुक्त देखिँदैन ।" (उक्त पृ.४४) । उक्त भनाइबाट के बुझिन्छ भने सो समूहले फौजी कार्यदिशा पनि पारित गरेको छ । त्यस कार्यदिशाका विशेष नीति, योजना तथा प्राविधिक पक्ष के के हुन् ती कुराबारे बढी जान्न खोज्नु उपयुक्त हुँदैन । तर त्यस सैन्यकार्यदिशाको आधारभूत पक्ष के हो त ? त्यो मुख्यतः जनविद्रोह हो कि दीर्घकालीन जनयुद्ध हो वा अन्य कुनै हो वा केही पनि पनि होइन ? यी कुराबारे जनतालाई अन्धकारमा राख्नु ठीक होइन । यसलाई सैन्य कार्यदिशाका सन्दर्भका देखिएको रहस्यवाद भन्न सकिन्छ । क्रान्तिकारी कम्युनिस्टहरूले फौजी कार्यदिशा जस्तो महत्वपूर्ण पक्षमा रहस्यवादको खेती गर्दैनन् ।

सो समूहको राजनीतिक कार्यक्रम वा कार्यदिशा के हो त ? सो प्रस्तावमा भनिएको छ -"हामीले विगतमा अर्धसामन्तवाद र अर्धउपनिवेशवाद भएकाले क्रान्तिको कार्यदिशा नयाँ जनवाद निर्माण गरेका थियौं । तर दश वर्षको जनयुद्ध, गणतन्त्रको स्थापना, दलाल पुँजीवादको स्थापना, नवऔपनिवेशिक अवस्था आदि कारणले गर्दा अब नेपालको राजनीतिक कार्यक्रम नयाँ जनवाद मात्र बनाउँदा अपूर्ण हुन्छ र पछि पर्न जान्छ । अर्कोकुरा नयाँ जनवाद कुनै लामो र स्थायी चरण पनि होइन । यो केवल समाजवादमा प्रयोग गर्ने खुड्किलो मात्र हो । कम्युनिस्टहरूको आधार भूत राज्यव्यवस्था भनेको वैज्ञानिक समाजवादी व्यवस्था नै हो । माओकै उदाहरण लिँदा पनि सन् १९४९ मा क्रान्ति गर्नु भयो र नयाँ जनवाद लागु गर्नुभयो । यसर्थ हामीले अबको राजनीतिक कार्यक्रम विगतकै जस्तो नयाँ जनवादी मात्र भन्नु वस्तुवादी हुँदैन, वैज्ञानिक समाजवादी बनाउनु वैज्ञानिक र वस्तुवादी हुन्छ । वस्तुवादी कार्यक्रम निर्माण गरेर नै क्रान्तिको वरिपरि नयाँ मित्र र सहयोगी शक्तिहरूलाई ध्रुवीकृत र एकताबद्ध गर्न सकिन्छ । तसर्थ नेपालको आउँदो राजनीतिक कार्यक्रम वैज्ञानिक समाजवादी अपनाउनुपर्छ ।" (उक्त पृ. ४७) ।

यहाँ निकै लामो उद्धरण दिइएको छ । तर पनि अझै कुरा स्पष्टसित बुझ्न सकिएको छैन । यहाँ अहिलेको क्रान्तिको चरण पुँजीवादी जनवादी हो कि समाजवादी, अनि अहिलेको राजनीतिक कार्यक्रम नयाँ जनवाद हो कि समाजवाद बडो अन्योलपूर्ण देखिन्छ । यहाँ एकातिर "नयाँ जनवाद मात्र वनाउँदा अपूर्ण हुन्छ" भनिएको छ, तर अर्कोतिर "नेपालको आउँदो कार्यक्रम वैज्ञानिक समाजवादी अपनाउनु पर्छ" पनि बताइएको छ । यहाँ अत्यन्तै कुरा चपाएर, यो वा त्यो कुनै स्पष्ट रूपमा भन्न नसकेर र मोहनीपूर्ण सन्ध्याभाषाको प्रयोग गरेर विचित्रको विभ्रम सिर्जना गरिएको छ । यहाँ सारसंग्रहवादको निकै "कुशलतापूर्वक" प्रयोग गर्ने काम भएको छ ।

आखिर कुरा के हो त ? पार्टीका समग्र नीतिहरूको चर्चागर्ने सन्दर्भमा पार्टीको राजनीतिक नीतिका रूपमा निम्न भनाइ प्रस्तुत गरिएको छ : "नेपालमा दलाल पुँजीवादी संसदीय राज्यसत्तालाई फालिसकेपछि जनताको राजनीतिक व्यवस्था नयाँ जनवाद र वैज्ञानिक समाजवाद स्थापना हुनेछ ।" (उक्त पृ.५५) । यहाँ पार्टीको राजनीतिक कार्यदिशा, कार्यक्रम वा रणनीतिका रूपमा एकैसाथ नयाँ जनवाद र वैज्ञानिक समाजवाद दुवै हुने कुरा बताइएको छ । यो सारसंग्रहवादका साथै द्वैतवादको पनि एक भद्दा नमुना हो ।

नयाँ जनवादी क्रान्ति र समाजवादी क्रान्ति निश्चित देशको निश्चित ऐतिहासिक सन्दर्भमा सम्पन्न गरिने क्रान्तिका बेग्लै प्रकृया र भिन्न चरण हुन् । तिनलाई सारसंग्रहवादी ढङ्गले घालमेल बनाएर प्रस्तुत गर्नु हुँदैन । जस्तो कि माओ भन्नुहुन्छ : "समग्रमा हेर्दा चीनी कम्युनिस्ट पार्टीको नेतृत्वमा चल्ने चीनको क्रान्तिकारी आन्दोलनका दुई चरण, जुन मूल रूपले क्रान्तिका दुई अलग अलग प्रक्रिया हुन् र पहिलो प्रक्रिया पुरा गरे पछि नै दोस्रो प्रक्रियालाई पुरा गर्न सकिन्छ । जनवादी क्रान्ति समाजवादी क्रान्तिको आवश्यक तयारी हो, समाजवादी क्रान्ति जनवादी क्रान्तिको अनिवार्य परिणति हो । (क्भभिअतभम धयचपक या ञ्बय तकभ(तगलन खर्या( क्षक्ष;घघण्रघघज्ञ)

यहाँ माओले जनवादी र समाजवादी क्रान्तिका दुई भिन्न चरण तथा प्रक्रिया र तिनका बिचको पारस्परिक सम्बन्धवारे निकै सटीक र स्पष्ट रूपमा उल्लेख गर्नु भएको छ । माओका यी भनाइबारे आवश्यक ध्यान दिन जरुरी छ ।

त्यसैगरी माओले "संयुक्त सरकारवारे" मा पनि भन्नु भएको छ : "हाम्रो नौलो जनवादको सामान्य कार्यक्रम पूँजीवादी जनवादी क्रान्तिको चरणभरि अर्थात् अनेकौं दशकसम्म अपरिवर्तित रहनेछ । तर यस चरणका हरेक नौला खुट्किलामा परिस्थिति फेरिएको छ वा फेरिंदो छ र त्यसैअनुसार हामीले हाम्रो विशिष्ट कार्यक्रम पनि फेर्दै जानु स्वाभाविकै हो । उदाहरणका निम्ति, नौलो जनवादको हाम्रो सामान्य कार्यक्रम उत्तरी अभियान, कृषि क्रान्ति युद्ध र जापानविरोधी प्रतिरोध युद्धका अवधिहरूभरि उही नै रहेको छ, तर तीन अवधिहरूमा हाम्रा मित्रहरू र शत्रुहरू एकनासका नहुनाले गर्दा हाम्रो विशिष्ट कार्यक्रममा भने हेरफेर गरिएको छ ।" (माओ त्सेतुङ्का संकलित रचनाहरू, भाग ३, पृ. १८०)।

माओका उक्त भनाइ अनुसार अर्ध औपनिवेशिक र औपनिवेशिक मुलुकहरूमा गरिने क्रान्तिमा नयाँ जनवादलाई न्यूनतम र समाजवादलाई अधिकतम कार्यक्रम पनि भनिन्छ । हामीले पनि नेपाल जस्तो अर्धसामन्ती, अर्ध औपनिवेशिक वा नव औपनिवेशिक मुलुकमा नयाँ जनवादलाई न्यूनतम र समाजवादलाई अधिकतम कार्यक्रमका रूपमा लिदै नै आएका छौं । जहाँसम्म हाम्रो अन्तिम लक्ष्य, उद्देश्य वा गन्तव्यको प्रश्न हो त्यो साम्यवाद भएको कुरा सुस्पष्ट नै छ ।

त्यसैगरी कार्यक्रम तथा नीतिलाई कार्यदिशामा ढालेर पनि माओले उल्लेखगर्दै आउनु भएको छ । यस सन्दर्भमा वहाँले आम कार्यदिशा तथा आम नीति, विशिष्ट कार्यदिशा तथा विशिष्ट नीतिको पनि उल्लेख गर्नु भएको छ । यसरी हेर्दा नयाँ जनवादी क्रान्तिको आम कार्यदिशा तथा आम नीति, विशिष्ट कार्यदिशा तथा विशिष्ट नीति जस्ता पदावलीहरूको प्रयोग गरिदै आउने काम भएको छ ।

यदि विप्लव समूहले नेपाली समाजको सामाजिक तथा आर्थिक स्वरूप पुरै वदलिएको छ, पुरानै तरिकाले अव हुँदैन भन्न खोजेको हो भने त्यो पनि स्पष्ट हुनु पर्‍यो । अनि कार्यक्रम वा कार्यदिशाको उल्लेख गर्दा नयाँ जनवाद-समाजवाद भनेर एकैठाउँमा खिचडी पकाएर पस्कनु भएन । क्रान्तिका लागि सारसंग्रहवाद र द्वैतवाद निकै हानिकारक प्रवृत्ति हुन् ।

**६. सबल तथा दुर्बल पक्ष**

वैचारिक तथा राजनीतिक रूपमा विप्लव समूहबारे अध्ययन गर्ने क्रममा त्यस समूहमा विद्यमान सबल तथा दुर्बल पक्षलाई एकै ठाउँमा राखेर उल्लेख गर्नु उपयुक्त हुन्छ । यसबाट सो समूहलाई ठीकसित बुझ्न आवश्यक मद्दत पुग्दछ ।

*विप्लव समूहमा विद्यमान सबल पक्ष यस प्रकार रहेका छन्ः*

पहिलो, अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको उल्लेख गर्ने क्रममा पहिलो, दोस्रो तथा तेस्रो अन्तर र्ष्ट्रियलाई सकारात्मक रूपमा लिइएको छ । १९१७ को अक्टोवर क्रान्तिदेखि १९४९ को नयाँ जनवादी क्रान्तिसम्मको अवधिलाई अधिकतम लोकप्रिय अवधि बताएको छ । स्टालिनको निधन पश्चात् ख्रुश्चोभको नेतृत्वमा गरिएको २० औं महाधिवेशन तथा आधुनिक संशोधनवादको विरोध गरिएको छ । स्टालिनको उच्च मूल्याङ्कन गरिएको छ, तर त्यसोगर्दा माओको स्टालिन सम्बन्धी मूल्याङ्कनलाई न्यूनीकरण गरिएको छ । चीनको सर्वहारा सांस्कृतिक क्रान्तिको सकारात्मक मूल्याङ्कन गरिएको छ । रिमको पहललाई थोरै भए पनि छुने मात्र काम भएको छ ।

दोस्रो, नेपाली कम्युनिस्ट आन्दोलनको चर्चागर्दा पहिलो र दोस्रो महाधिवेशनमा पुष्पलाललाई महासचिव नबनाउनुलाई गलत बताइएको छ । भीमदत्त पन्तको किसान विद्रोह र झापा विद्रोहलाई सकारात्मक अर्थमा ग्रहण गरिएको छ । २०५२ को जनयुद्धको पहललाई सकारात्मक बताउँदै पछिल्लो कालखण्डमा प्रचण्ड-वावुराममा पैदा भएको दक्षिणपन्थी विचलनको उल्लेख तथा विरोध गरिएको छ ।

तेस्रो, राष्ट्रिय परिस्थितिको चर्चा गर्दा कमसे कम देशमा पुँजीवादी जनवादी क्रान्ति नभएको र देश नव औपनिवेशिक अवस्थामा रहेकोले नयाँ जनवादी क्रान्तिको आवश्यकतालाई अझै नकारिएको छैन ।

चौथो, विप्लव समूहले कतिपय अवस्थामा राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवाललाई लिएर संघर्षका कार्यक्रम दिंदै आएको छ । राष्ट्रिय स्वाधीनताको सन्दर्भ र अक्टोबर शत वार्षिकीका सन्दर्भमा हामीले कार्यगत एकतागरी संयुक्त रूपमा पनि कार्यक्रम दिने गरेका छौं ।

*विप्लव समूहमा विद्यमान दुर्बल पक्ष निम्न अनुसार रहेका छन् :*

पहिलो, विश्वदृष्टिकोण अर्थात् दर्शनको क्षेत्रमा आठौं महाधिवेशनमा जुन प्रस्ताव पारित गरियो त्यो नितान्त गलत छ । त्यो मार्क्सवाद-लेनिनवाद-माओवादद्वारा विकसित दार्शनिक सिद्धान्तमाथि गंभीर आक्रमण तथा संशोधन हो । त्यो एकातिर विश्वलाई मुख्य रूपमा बदल्ने मान्यतामा आधारित मार्क्स-एङ्गेल्सको प्रस्थापना र अर्कोतिर लेनिन तथा माओद्वारा थप विकसित भौतिकवादी द्वन्द्ववादको आधारभूत नियमका विरुद्ध परिलक्षित रहेको छ । यसले द्वन्द्ववादलाई अधिभूतवादमा बदल्न खोजेको छ ।

दोस्रो, यस समूहले जसरी उत्तर-साम्राज्यवादको अवधारणा ल्याएको छ त्यसले एकातिर लेनिनद्वारा गरिएको साम्राज्यवादको विश्लेषण र अर्कोतिर स्टालिनद्वारा प्रस्तुत आजको युग साम्राज्यवाद तथा सर्वहारा क्रान्तिको युग हो भन्ने मान्यतालाई पुरै निषेध गरेको छ । यहाँनेर यो समूह उत्तर-आधुनिकतावाद र उत्तर-मार्क्सवादको गंभीर भासमा फँस्न पुगेको छ ।

तेस्रो, विश्वको आधारभूत अन्तविरोधको उल्लेखगर्दा यस समूहले उत्तर-साम्राज्यवाद र समाजवादी शक्तिबिचको अन्तर्विरोधको चर्चा गरेको छ । यसवाट विप्लव समूहका दृष्टिमा विश्वमा अझै पनि राज्य सत्तामा समाजवादी मुलुकहरू छन् भन्ने देखिन आउँछ ।

चौथो, राष्ट्रिय परिस्थितिको चर्चा गर्दा यस समूहले वर्गविश्लेषण, राजनीतिक शक्तिहरूको विश्लेषण र नेपाली कम्युनिस्ट आन्दोलनका धाराको विचित्र ढंगले उल्लेख गरेको पाइन्छ । वर्गविश्लेषण गर्दा 'मध्यम' वर्गलाई नयाँ श्रमिक वर्गका रूपमा पेश गरिएको छ र सर्वहारा वर्गलाई विस्थापितगर्न खोजिएको छ । राजनीतिक शक्तिहरू र साथै कम्युनिस्ट आन्दोलनका धाराहरूको विवेचना गर्ने कामबाट यो समूह भाग्न खोजेको पाइन्छ ।

पाँचौं, पार्टीको कार्यदिशा, नीति र कार्यक्रम निर्धारण गर्ने सन्दर्भमा यो समूह अस्पष्टता, अमूर्तता र गंभीर प्रकारको सारसंग्रहवादको शिकार हुन पुगेको छ । नयाँ जनवाद- समाजवादलाई एउटै ठाउँमा राखेर पेशगर्नु यसै अस्पष्टता, अमूर्तता र सारसंग्रहवादको एक भद्दा उदाहरण हो ।

छैटौं, हुन त यस समूहले स्वतन्त्र रूपमा संघर्षका कतिपय जुझारु कार्यक्रम पनि दिने गरेको छ, तर यस प्रकारको संघर्ष क्रान्तिकारी उद्देश्यसित जोडिएको पाइदैन र त्यो जुझारु अर्थवादमा फँस्न गएको देखिन्छ ।

मार्क्सद्वारा प्रस्तुत विश्वलाई बदल्नु मुख्यकाम हो भन्ने मान्यतालाई संशोधन गर्नु, विपरीतहरूको एकत्वको नियमलाई पार्टी भित्रीजीवनमा लागु हुँदैन भन्नु, लेनिनद्वारा परिभाषित साम्राज्यवाद सम्बन्धी विश्लेषणलाई पुरानो भयो भनेर परित्याग गर्नु तथा उत्तर-साम्राज्यवाद पदलाई स्वीकार्नु, स्तालिनको अतिमा गएर मूल्याकन गर्नु तथा माओको अत्यन्तै न्यूनीकरण गर्नु, कार्यदिशा, नीति तथा कार्यक्रममा सारसंग्रहवादको सहारा लिनु र नयाँ बन्ने धुनमा मार्क्स, लेनिन तथा माओ समयसन्दर्भबाट टाढिए भन्दै जानु -विप्लव समूहका मूल विशेषता बन्नगएका छन् । लामो समयदेखि विप्लव समूहले सत्तासाझेदारीका कुरा गर्दैआएको थियो र अहिले पनि यदाकदा त्यसको चर्चा सुनिन्छ । वास्तविकता के हो, त्यसवारे विप्लव समूहले स्पष्ट पारेको देखिदैन । यी सबै कुरामाथि गहिरिएर ध्यानदिंदा के अड्कल काट्न सकिन्छ भने यस समूहले मार्क्सवाद-लेनिनवाद-माओवादलाई परित्याग गरी उत्तर मार्क्सवादको बाटो पकड्ने संभावना छ । तर, त्यसो हुन नपाओस् विप्लव समूह स्वयम् सचेत एवम् सतर्क रहन जरुरी छ ।

यसरी समग्रमा हेर्दा यस समूहमा सबल पक्ष कमजोर र दुर्बल पक्ष बलवान् वन्दै गएका देखिन्छन् । हिजो हामीले यस समूहलाई रूपमा वाम र सारमा दक्षिणपंथी विचलनमा फँसेको भनेर मूल्याङकन गरेका थियौं । अहिले यस समूहले आफ्नो यात्रालाई रूप र सार दुवै दृष्टिले दक्षिणपंथी विचलनवादतर्फ अत्यन्तै तिव्रता प्रदानगर्दै गइरहेको देखापर्दछ ।

**७. निष्कर्ष**

नेकपा विप्लव समूहको आठौं महाधिवेशनमा पारित राजनीतिक प्रतिवेदनका कतिपय विषयबारे मोटामोटी रूपमा चर्चा गरियो । साथै, त्यस समूहमा विद्यमान सबल तथा दुर्बल पक्षबारे पनि केही उल्लेख गरियो । अव निष्कर्षका रूपमा यस समूहवारे हाम्रो धारणा स्पष्ट पार्न आवश्यक छ ।

सबैभन्दा पहिलो कुरा त आज साम्राज्यवादी तथा विभिन्न खाले प्रतिकृयावादी शक्तिहरूद्वारा सर्वहारावर्ग सहित सम्पूर्ण उत्पीडित जनसमुदाय तथा देशमाथि शोषण, उत्पीडन तथा दमनका प्रक्रियालाई तिव्रता दिने काम हुदै आएको छ । यसैगरी अन्तर्राष्ट्रिय र नेपाली कम्युनिस्ट आन्दोलनमा पनि दक्षिणपंथी अवसरवाद निकै प्रभावी बन्दै गएको छ । यस प्रकारको स्थितिमा क्रान्तिकारी कम्युनिस्टहरूलाई एकताबद्ध तुल्याउनु एक ऐतिहासिक आवश्यकता बन्न गएको छ ।

दोस्रो, समग्र कम्युनिस्ट आन्दोलन र क्रान्तिको हितमाथि विशेष ध्यानदिदै नेकपाप्रति हामीले भौतिकवादी द्वन्द्ववादी ढंगले सोच्नु पर्दछ । तदनुरूप एकातिर त्यस समूहमा विद्यमान दुर्बल पक्षहरूको विरोधमा वैचारिक संघर्ष चलाउनु पर्दछ भने अर्कोतिर सबल पक्षहरूलाई सकारात्मक ढंगले ग्रहण गर्दै त्यससित एकताका संभावना तथा आधार पनि खोज्दै जानु पर्दछ ।

अन्ततः, नेकपामा रहेका नेतृत्व सहितका सम्पूर्ण कमरेडहरूले यो वेला आफूमा विद्यमान दुर्बल पक्षका विरुद्ध संघर्षगर्ने तथा तिनलाई हटाउने र सबल पक्षलाई अझै विकसित तुल्याउँदै जानेतर्फ विशेष प्रयत्न गर्नु पर्दछ । इतिहासले कसैसित पनि लामो प्रतीक्षा गर्न जान्दैन । अव हामीले देश, जनता, क्रान्ति, सर्वहारा अन्तर्राष्ट्रियतावाद तथा मार्क्सवाद-लेनिनवाद-माओवादलाई विशेष रूपमा मननगर्दै र आ-आफ्ना कमी तथा कमजोरीलाई सच्याई क्रान्तिकारी ढङ्गले रूपान्तरित हुँदै एकताबद्ध बन्ने दिशामा गंभीरतापूर्वक सोच्न र ठोस पाइला चाल्न नितान्त जरुरी छ ।

*(प्रस्तुत लेख नेकपा (क्रान्तिकारी माओवादी)को केन्द्रीय मुखपत्र 'माओवादी'को १२ औं अंकबाट लिइएको हो ।)*

# भौतिकवाद र मानिस – ४



कृष्णदास श्रेष्ठ

वर्गीय समाजमा सामाजिक मानिस विखण्डित स्थितिमा रहेको हुन्छ र मानिसहरू विभिन्न वर्ग तथा समूहहरूमा विभाजित रहन्छन् । एक अर्काप्रति वैरभावपूर्ण स्थितिमा रहेका वर्गहरू आफ्ना विपरित स्वार्थहरूको कारणले गर्दा, सामाजिक जीवनका सबै क्षेत्रहरूमा-आर्थिक, राजनीतिक, साँस्कृतिक क्षेत्रहरूमा-एक अर्काको विरोधमा रहन्छन् । तिनीहरूमाझको वैमनस्त तिनीहरूको व्यवहारमा, जीवन-निर्वाहमा, सामाजिक चेतनामा अभिव्यक्त भइरहन्छ । यसले वर्ग-विभक्त समाजमा, मानिसको सामाजिकृत जीवन, मानिसका सामाजिक सम्बन्धहरू अन्तर्विरोधी रहन्छन् ।

श्रम-विभाजनको विकास सँगसँगै मानिसको खण्डिकरणको प्रक्रियालाई बढाएर श्रम-प्रक्रियालाई स-साना कार्यहरूमा खण्डित पारेर शारीरिक श्रमलाई अरु विखण्डित पारिएको छ । पुँजीवादी उत्पादन अन्तर्गत, एकातिर त्यसको एउटै कार्यथलोमा धेरै मानिसहरूलाई एकताबद्ध पार्दछ भने अर्कोतिर तिनीहरूलाई छुट्टाछुट्टै समूहहरूमा विभाजित गर्दछ, जसमा प्रत्येक समूहलाई एउटै खानको काम, आंशिक काममा लगाइन्छ । त्यसले गर्दा मजदुर त्यस्तो मानिसमा फेरिन्छ, जसले सदा एउटै सानो काम गर्दछ, ऊ त्यसमा बाँधिएको हुन्छ र त्यसले उसलाई आफ्नो दास बनाउँछ । यसरी पुँजीवादी विकासको क्रमले मजदुरहरूलाई कुनै आत्मीयता र रमणीयता नभएको, एउटै काममा लाग्ने मानिसमा फेर्छ । पुँजीवादी उत्पादन अन्तर्गत मजदुर आफ्नो कामको छाप बोकेर हिड्ने मानिस मात्र बन्दछ, अर्थात ऊ आफ्नो कामको व्यक्तिकरण मात्र रहन्छ । मार्क्स भन्छन् :

'पुँजीवादी व्यवस्था अन्तर्गत श्रमको सामाजिक उत्पादकत्व बढाउने सारा तरिकाहरू प्रबन्ध वैयक्तिक मजदुरको हानी-नोक्सानीमा गरिएको हुन्छ । उत्पादनको विकासका लागि अपनाइने सारा उपायहरूले आफूलाई उत्पादकहरूमाथि आधिपत्य जमाउने र तिनको शोषण गर्ने साधनमा परिणत गर्दछ । ति उपायहरूले मजदुरलाई एउटा मेसिनको उपकरणमा न्युनिकरण गरेर मानिसको एउटा खण्डमा विरूप बनाउँछ, उसको काममा रमणीयताको सारा अवशेषलाई ध्वस्त पार्छ र त्यसलाई घिनलाग्दो श्रममा फेरिदिन्छ । तिनले ऊबाट श्रम-प्रक्रिया सारा सामर्थ्यलाई त्यही अनुपातमा अलग पाछए, जुन अनुपातमा विज्ञानलाई एक स्वाधीन शक्तिको रूपमा श्रम-प्रक्रियामा संयोजित गरिन्छ । तिनले जुन अवस्थाहरू अन्तर्गत मजदुरको काम गर्छ, त्यसलाई विकृत पार्छन् र उसलाई श्रम प्रक्रियाको बेलामा नीचताको दृष्टिले अधिक घृणित निरंकुशताको अधिनस्थ पार्छ । तिनले उसको जीवन समयलाई कार्य समयमा फेर्छ र उसका स्वास्नी र केटाकेटीलाई पाङ्ग्रामुनी घिसारेर लैजान्छ ।'

अर्को ठाउँमा लेखेका छन् : '.श्रमले पैदा गर्ने वस्तुश्रमको उपज त्यसको सामु कुनै पराई चिजको रूपमा, उत्पादकबाट स्वतन्त्र एउटा शक्तिको रूपमा उभिन्छ । श्रमको उपज भनेको वस्तुमा मूर्तरूप लिएको श्रम हो र त्यो भौतिक बनेको छ : त्यो श्रमको प्रत्यक्षिकरण (यदवभअतषष्अबतष्यल) हो । श्रमको सिद्धिकरण त्यसको प्रत्यक्षिकरण हो । राजनीतिक अर्थशास्त्रद्वारा चर्चित अवस्थाहरूमा श्रमको यो सिद्धिकरण मजदुरका लागि यथार्थको खतिको रूपमा देखा पर्दछ : वस्तुको नोक्सानी र वस्तु बन्धनको रूपमा प्रत्यक्षीकरण : दूरीकरणको रूपमा परचक्रीकरणको रूपमा हत्याउने कार्य ।'

वर्ग विभक्त सामाजिक व्यवस्था अन्तर्गत ऐतिहासिक विकास प्रक्रिया बहुसंख्यक मानिसहरूको हानी-नोक्सानीमा, श्रमिक जनताको बलिदानमा अघि बढेको छ । आफ्नो महान कृति 'पुँजी' मा मार्क्सले वर्ग-समाजको अन्तिम रूप, पुँजीवादी उत्पादनका खराब पक्षहरूलाई खुलस्त पारी त्यसको तीव्र रूपमा पर्दाफास गरेका छन्, तर त्यसका साथै उनले ऐतिहासिक प्रगतिमा त्यसको सकारात्मक भूमिकालाई त्यत्तिकै महत्वका साथ लिएका छन् । इतिहासमा त्यसको उक्त भूमिका कुन तथ्यमा रहेको छ भने त्यसले पराईकृत श्रम र शोषण व्यवस्थाको उत्मुलन गरेर समाजका सबै सदस्यहरूका लागि समान विकासको स्थितिको सिर्जना गर्न चाहिने उत्पादक शक्तिहरूको विकास गरेको छ । व्यक्तिहरूको हानी नोक्सानीमा अघि बढेर आएको ऐतिहासिक प्रक्रियाको सम्बन्धमा मार्क्सले निम्न विचार व्यक्त गरेका छन् :

'पहिलो मानवीय जीवका क्षमताहरूको विकास बहुसंख्यक मानवीय व्यक्तिहरू र वर्गहरू समेतको हानी नोक्सानीमा भएपनि अन्त्यमा त्यसले अन्तर्विरोधलाई छिचोर्छ र व्यक्तिको विकाससित त्यसको मेल खान्छ । यसरी, वैयक्तिकताको उच्चस्तरको विकास व्यक्तिहरूको बलिदान हुँदाको बेलामा ऐतिहासिक प्रक्रियाद्वारा मात्र हासिल गर्न सकिन्छ ।'

मार्क्स र एङ्गेल्सद्वारा लिखित 'कम्युनिष्ट घोषणापत्र' मा यसो भनिएको छ : 'वर्ग र वर्ग-वैरभावहरूले युक्त भएको पुरानो पुँजीवादी समाजको ठाउँमा एउटा यस्तो संघको जन्म हुनेछ जसमा प्रत्येकको स्वतन्त्र विकास सबैको स्वतन्त्र विकासका लागि सर्त रहन्छ ।'

मार्क्सले श्रमको पराईकरणलाई अन्त्य गर्ने साधन र उपायहरूलाई स्पष्ट रूपमा दर्शाएका छन् । त्यसका लागि विद्यमान सामाजिक सम्बन्धहरूको उन्मुलन गरी सामूहिक उत्पादनको आधारमा नयाँ सामाजिक सम्बन्धहरूको सिर्जना गर्नु आवश्यक रहन्छ । यो आवश्यकता भनेको समाजको समाजवादी रूपान्तरण हो । पुँजीवादा अन्तर्गत विकसित उत्वादक शक्तिहरूको विकासले उक्त समाजवादी रूपान्तरणका लागि आवश्यक भौतिक पूर्वाधारहरू तयार पारेको छ । त्यसका साथै त्यसले सो कामलाई पूरा गर्ने क्षमता राख्ने वर्गलाई पनि तयार पारेको छ र त्यो वर्ग हो, सर्वहारावर्ग । उत्पादनमा आफ्नो दलित स्थितिको कारणले गर्दा सर्वहारावर्गको सामु सो काम पूरा गर्नुपर्ने अभिभारा रहेको हुन्छ । पुँजीपति वर्ग स्वयमले सर्वहारावर्गको रूपमा आफ्नो चिहान खन्नेहरूलाई पैदा गर्छ भन्ने मार्क्सको प्रसिद्ध प्रस्थापनामा उक्त तथ्य अभिव्यक्त भएको छ । मार्क्स लेख्छन् :

'उदाहरणार्थ, सर्वहारा, जसले अन्य सबै व्यक्तिहरूले झैं आफ्ना खाचोहरूको पूर्ति गर्नुपरेको हुन्छ र जो अन्य मानिसहरूसितका समाज खाँचोहरूसमेत पूर्ति गर्ने स्थितिमा छैन, जसलाई १४ घन्टा काम गर्नुपर्ने आवश्यकताको भारी बोक्ने पशुको स्तरमा खसालिएको छ, जसलाई प्रतिस्पर्धाले एउटा निराला चिज, एउटा व्यापारको वस्तुमा पतन गर्दछ, जसलाई एउटा निराला उत्पादक शक्तिको रूपमा उसको स्थितिले गर्दा, उसका लागि छुट्याइएको एक मात्र स्थितिले गर्दा अर्को अधिक शक्तिशाली उत्पादक शक्तिको शोषण गर्दछ । उपरोक्त कारणहरूले गर्दा मात्र पनि यो सर्वहारा वर्गको सामू आफ्नो अवस्थाहरूको क्रान्तिकारीकरण गर्ने वास्तविक अभिभारा रहेको छ ।'

पुँजीवाद वर्ग समाजको अन्तिम रूप हो । मार्क्सको भनाईअनुसार पुँजीवाद अन्तर्गत पुँजी र ज्यालादारी श्रमबीचको सम्बन्धमा व्यक्त भएको श्रमको पराईकरण त्यसको सबभन्दा चरम रूप हो र साथै त्यो व्यक्तिहरूको सर्वव्यापक विकासतर्फ पूर्ण विकसित मानिसतर्फ संक्रमण-विन्दु पनि हो । मार्क्सले यसलाई निम्न रूपमा व्यक्त गरेका छन्ः

'व्यक्तिगत निर्भरताका सम्बन्धहरू (सुरुमा पूरै रूपले स्वतस्फूर्त) पहिले सामाजिक रूप हुन्, जसमा मानवीय उत्पादक क्षमताको विकास थोरै मात्रामा र एकलास विन्दुहरूमा हुन्छ । वस्तुगत निर्भरतामा आधारित व्यक्तिगत स्वतन्त्रता दोस्रो ठूलो रूप हो, जसमा सामान्य सामाजिक परिवर्तनको (ञभतबदर्यष्कि) सर्वव्यापी सम्बन्धहरूको, सर्वतोमुखी खाँचो र सर्वव्यापी क्षमताहरूको व्यवस्थाको पहिलो पटक निर्माण हुन्छ । व्यक्तिहरूको सर्वव्यापी क्षमताहको व्यवस्थाको पहिलो पटक निर्माण हुन्छ । व्यक्तिहरूको सर्वव्यापी विकासमाथि तिनीहरूको सामाजिक सम्पदाको रूपमा तिनको सामुदायिक, सामाजिक उत्पादकत्वमा तिनको आधिपत्यमाथि आधारित स्वतन्त्र वैयक्तिकता तेस्रो चरण हो । दोस्रो चरणले तेस्रो चरणका लागि अवस्थाहरूको सिर्जना गर्छ ।'

उपरोक्त भनाईमा जुन तेस्रो चरणको उल्लेख गरिएको छ, त्यो समाजको ऐतिहासिक विकासको दृष्टिबाट साम्यवाद (कम्युनिज्म) को चरण हो । समाजवाद साम्यवादको पहिलो स्थिति हो । मानवजातिको प्रगति र मुक्तिको प्रक्रियामा कम्युनिज्म ऐतिहासिक विकासको अर्को, आगामी चरण रहेको छ । यस चरणमा उत्पादनका साधनमाथि सामाजिक मालिकत्वमा आधारित सामाजिक उत्पादनको आधारमा त्यस्तो भौतिक व्यवस्थाहरूको सिर्जना हुनेछ, जसमा समगै रूपमा सामाजिक उत्पादकत्वको निकै वृद्धि हुनेछ र साथै 'स्वतन्त्र वैयक्तिकता' को विकास, प्रत्येक मानिसको पूर्ण र सर्वतोमुखी विकास हुन सक्नेछ ।

समाजको समाजवादी र अनि साम्यवादी रूपान्तरणको ऐतिहासिक प्रक्रियामा जति मात्रामा वर्गहरूको उत्मुलन हुँदै जान्छ, त्यति मात्रामा व्यक्तिहरूको पूर्ण रूपले वैयक्तिकताको, पूर्ण विकसित मानिसका लागि आवश्यक, वास्तविक ऐतिहासिक पूर्वावस्थाहरूको सिर्जना हुँदै जान्छ । यो मार्क्सद्वारा माथि उल्लेखित तेस्रो चरणमा चल्ने प्रक्रिया हो । पहिलो चरणमा अर्थात आदिम साम्यवादी समाजमा व्यक्तिको अलग अस्तित्व भन्ने थिएन, मानिसहरूको जीवन सामूहिकतामा आधारित थियो । दोस्रो चरणमा अर्थात समाज वैरभावयुक्त वर्गहरूमा विभाजित भएपछि व्यक्तिहरूको विभाजन वर्गको आधारमा हुने भयो । प्रत्येक व्यक्ति कुनै न कुनै वर्ग वा समूहको सदस्य रह्यो । वर्ग समाजमा साधनसम्पन्न वर्गका मानिसहरूको प्रगति वा अभिवृद्धि साधनहीन, शोषित वर्गहरूका मानिसहरूको शोषण तथा दमनको आधारमा हुन सम्भव थियो । वर्गहीन, समाजवादी समाजमा त्यो स्थिति रहँदैन, त्यहाँ कुनै व्यक्तिको बृद्धि अरु व्यक्तिहरूलाई हानी-नोक्सानीको आधारमा हुँदैन, बरु एउटा सामाजिक समूहको व्यक्तिको वृद्धि अन्य सामाजिक समूहका व्यक्तिहरूको लागि प्रेरणाको स्रोत रहन्छ । यो त्यस्तो सामाजिक अवस्था हो 'जसमा प्रत्येकको स्वतन्त्र विकास सबैको विकासका लागि सर्त रहन्छ ।' मानिसद्वारा मानिसको शोषण, एक वर्गद्वारा अर्को वर्गको शोषणमा आधारित सामाजिक व्यवस्थाको उन्मुलनसँगै 'मानिसका लागि मानिस हुँडार हो' (ञबल तय ञबल ष्क धयाी) भन्ने सिद्धान्तमा व्यक्त भइको मानिसका आपसी (सांसारिक) सम्बन्धहरू बिलाउनेछन् । समाजको क्रान्तिकारी (कम्युनिस्ट) रूपान्तरणका अवस्थाहरू अन्तर्गत वर्गहरूको उन्मुलन, सामाजिक श्रम र शारीरिक श्रमबीच र सहर र गाउँबीच विरोधको उन्मुलन, योजनावद्ध आर्थिक विकास, 'हरेकबाट उसको सामर्थ्य अनुसार हरेकलाई उसको आवश्यकता अनुसार' को सिद्धान्तको कार्यान्वयनतर्फको निर्दिष्ट प्रवृत्तिले पूर्ण रूपले एकीकृत र सर्वतोमुखी व्यक्तित्वको निर्माणका लागि ठोस आधार प्रदान गर्नेछ ।

यहाँ स्वतन्त्र वैयक्तिकता र व्यक्तिको सर्वतोमुखी विकासको दृष्टिबाट महिलाहरूको स्थितिको बारेमा चर्चा गर्नु आवश्यक छ । माथि हामीले कुन कुरा बताएका छौं भने दासत्वको पहिलो रूप महिलाहरूको दासत्व हो । यस तथ्यलाई अगस्त बेबेलले यसरी प्रस्तुत गरेका छन् : 'दासत्वको स्वाद चाख्ने पहिलो मानवीय चीज महिला थिई । दास प्रथाको अस्तित्वभन्दा पहिले महिला दासी रहेकी थिई ।' मानव समाजको आदिम रूप मातृसत्तात्मक थियो र त्यसबेला महिलाको भूमिका प्रमुख महत्वपूर्ण थियो । ऐतिहासिक विकासको क्रममा मातृसत्ताको ठाउँमा पितृ सत्ताको स्थापना भयो । पुरुष र महिलाबीच अनुचित श्रम विभाजनको फलस्वरूप महिला दासेय स्थितिमा रहन गइन् र यौन सन्तुष्टि पूरा गर्ने र भान्छाको काम गर्ने साधनमा फेरिइन । सो विभाजनको फलस्वरूप, महिलाहरूको चिन्तनशक्ति कमजोर रहेको र मानसिक क्षितिज निकै साँघुरिएको छ । पुँजीवादले मलिहलाहरूलाई मजदुरको रूपमा सामाजिक उत्पादन प्रक्रियामा संलग्न गराएको छ तर सामाजिक श्रम विभाजनमा तिनको हिस्सामा परेका माथि उल्लेखित कामहरू कायमै रहन्छन् । सामान्यतः कस्तो देखिएको छ भने पुँजीवाद अन्तर्गत सामाजिक जीवनमा महिलाको सहभागिता र संलग्नता अधिक साँघुरो रहेको छ र त्यसका साथै परिवारको काम चलाउन थप आम्दानी गर्ने एउटा साधनको रूपमा बेश्यावृत्तिको व्यापक प्रचार प्रसार भएको छ । जहाँसम्म सम्पन्न परिवारका महिलाहरूको स्थितिको सवाल छ, सामान्य रूपमा तिनीहरूको स्थिति पनि यौन सन्तुष्टि र विषयसुखको साधन नै रहेको छ । महिलाहरूको पूर्ण मुक्तिको सवाल पूर्ण एकीकृत र विकसित मानिसको निर्माणसित अभिन्न रूपमा गाँसिएको छ । वर्गहरूको उत्मुलन, अनुचित श्रम विभाजनको उन्मुलन, उत्पादनका साधनहरूमाथि सामाजिक मालिकत्व, आदितर्फ निर्दिष्ट समाजवादी रूपान्तरणपछि अर्थात पुँजीवादको उत्मुलन गरी समाजवादी आधारमा सामाजिक विकासलाई अघि बढाएपछि मात्र महिलाहरूको पूर्ण स्वतन्त्रता, उन्मुक्त नारित्वको ढोका खुल्नेछ र साम्यवादी समाजमा उन्मुक्त नारित्व स्थापित हुनेछ । अनि मातृसत्ताको युगको अन्त्यपछि गुमेको महिलाहरूको सामाजिक प्रतिष्ठा र पूर्ण मानवीय योग्यता नयाँ आधारमा स्थापित हुनेछ ।*समाप्त*

# स्थानीय तहको निर्वाचनमा जे देखियो



कमल चौधरी

उत्कृष्ट भनिएको संविधान कार्यान्वयन नहुदाँ कैयौं पटक सशोधनको चक्करमा परिसकेको छ । संविधान कार्यान्वयनको निम्ति बल्ल स्थानीय तहको निर्वाचन हुँदैछ । स्मरण रहोस् बीस वर्षसम्म स्थानीय निकाय जनप्रतिनिधिविहीन रहेको कुरा नेका र एमाले समेतले फलाक्ने गर्छन् र स्थानीय तहको निर्वाचन तेस्रो चरणमा आईपुग्दाको अवस्थामा दुई चरणको मतदान परिणामले के देखाएको छ भने यी दुई ठूला पार्टीले जनतालाई ढाट्न सफल भएका छन् । जनतालाई जनप्रतिविहीन हुने गरी राज्यको शासनमा ताण्डव नृत्य गरेको घटनालाई जनताले यति चाडो विर्सिन सक्छन् भनेर सोच्न सकिएको थिएन । कम्तिमा पंक्तिकार लगायतका भुक्तभोगी आन्दोलकारी जिवीत छौं, केही शिखर व्यक्तित्वहरू भौतिक रूपले संसारमा छैनन् । तापनि बाँचेकाले जनताको घर दैलोमा जान छाडेका छैनौं । हामी जस्ता कुर्सी लोभमा नपर्नेहरू जनताको सुखदुःखका साथी बनेर बसेका छौं । त्यसैले जनताको पीडाको अनुभुति छ, त्यही शोषण र उत्पीडनवाट मुक्तिको सन्देश दिन आफ्नो प्रयत्न छाडेका छैनौं । दुर्भाग्यबस जनातलाई भ्रममा पार्ने राजनैतिक ढटुवाहरू नै सफल छन् । यदाकता जनआन्दोलनको प्रवलतरंग आउँदछन् । जनयुद्ध र जनआन्दोलनले व्यापकता लिन्छन् । यिनै ढटुँवाहरू छद्म रूपले तिनै विद्रोहीको हुलमा मिसिन्छन् र विद्रोलाई गन्तव्यमा पुग्न नदिने काम गर्दछन् । जनतालाई भ्रमवाट मुक्त हुन केही समय लाग्छ । त्यतिबेलासम्म राजनीतिक ढटुवाहरूले आफ्नो स्थिति बलियो बनाई सकेका हुन्छन् । बीस बर्षसम्म देशलाई जनप्रतिविहीन बनाउन सफल ढटुँवाहरूको बारेमा थोरै पछाडि फर्केर हेर्दा थाहा हुन्छ । दरबार हत्याकाण्ड पछि ज्ञानेन्द्र शाहको शासन प्रारम्भ भएको थियो । तिनले आफ्नी आमा पूर्व रानी रत्न राज्य लक्ष्मी देवीको सिंदुर फर्काउन भनेर पञ्चायतको पुनरावृति गर्ने प्रयत्नमा लागेपछि ज्ञानेन्द्र शासन विरुद्धमा राजनैतिक दलहरू उभिए । जनयुद्ध चलिरहेकै अवस्था थियो । गिरिजा प्रसाद कोइरालाले प्रमबाट राजीनामा दिए । जनआन्दोलनको लहर अघि बढ्यो । त्यही बेला ज्ञानेन्द्र साहले केही राजनैतिक पार्टीका नेताहरू सित गोप्य भेटघाट गर्न थाले । नेका पार्टी फुटाएर बसेका शेरबहादुर देउवाको नेतृत्वमा मन्त्रिमण्डल बन्यो । एमालेले ज्ञानेन्द्रको प्रतिगमन आधा सच्चियो भनेर देउवा नेतृत्वको मन्त्रिमण्डलमा सामेल भयो । त्यस मन्त्रिमण्डलमा विजय गच्छदार मन्त्री थिए । त्यस मन्त्रिमण्डलको प्रमुख जिम्मेवारी ज्ञानेन्द्र शाहको आज्ञापालन गर्नु रहेको थियो । देउवाको पहिला काम संसदको विघटनवाट सुरु भयो र पछि स्थानीय निकायलाई भंग गरेर प्रतिगामी कामहरू गरे । आन्दोलनको बलमा विघटित संसदको पुर्नस्थापना भयो तर स्थानीय निकायमा प्रतिनिधि परिपूर्ति गर्ने काम भएन । सरकारमा जाने अनुहारहरू पुरानै थिए ।

अहिले फेरि कस्तो संयोग जुर्‍यो कि स्थानीय तहको निर्वाचनको बेला देउवा नेतृत्वको मन्त्रिमण्डल छ । विजय गच्छदार उपप्रधानमन्त्रीमा छन् । एमाले सरकारमा छैन । त्यसको ठाउँमा माओवादी केन्द्रका नेताहरू छन् । देउवा, गच्छदार र एमाले मन्त्रिमण्डलमा थिएँ, हामी सडकमा थियौं । गिरिजाप्रसाद कोइराला आन्दोलनकारीसँगै प्रदर्शन गरिरहदाँ स्वास्थ्यका कारण कैयौं पटक सडक मैं बेहोस भएका थिए । तत्कालीन जनमोर्चा नेपालको तर्फवाट हामी थियौं । हामीलाई सडकबाट प्रहरीले गिरफ्तार गरी हिरासतमा राखी कयौं पटक रात विताउन बाध्य पारेको सम्झना छ ।

संविधान कार्यान्व्यनको निम्ति निर्वाचन गर्नु पर्नेछ । संविधान सभाको उचाई तीन ठूला दलको सिन्डिकेटले नापेर दुईपटक संविधानसभाको निर्वाचन भएका थिए । संविधानसभाले बनाएको संविधानको वजन ऐनले नाप्दै छ । संविधानका धाराहरूलाई ऐनले होच्याईरहेको चर्चा पनि संचार माधयमवाट आईरहेकै छ । स्वयम् संविधान कानुनमाथि कति निर्भर छ, त्यसको एउटा उदाहरणमा मौलिक अधिकारको महलमा हेर्दा पनि थाहा हुन्छ । सामान्यतः संविधानमा उल्लेखित मौलिक अधिकारलाई कतैवाट चुनौती दिन सकिदैंन । तर यस संविधानमा ४७ वटा मौलिक अधिकार छन् त्यस मध्ये ४४ ओटा कानुनको मुखापेक्षी छन् ।

स्थानीय तहको चुनावी परिणामले २० वर्षसम्म देशलाई जनप्रतिनिधिविहिन बनाइराख्नेहरूकै बर्चस्व कायम गराएको छ । यसैलाई जनादेश मान्ने हो भने देश पश्चगमनको दिशामा जानु निश्चित छ । संघीयता भनेर लेखिए पनि संघीयताको विशेषता ग्रहण गरिएको छैन् । त्यही अभिव्यक्ति स्वरूप प्रदेशवाट छुट्याई केन्द्रीय नियन्त्रणमा स्थानीय तहको संरचना बनाइएको छ । प्रदेशलाई दुर्बल पार्न स्थानीय तहको नियन्त्रण केन्द्रवाट हुने बनाइएको छ । संविधानलाई कार्यान्वयन वा प्रादेशिक तहको निर्वाचन नगरी केन्द्रिय मातहतमा स्थानीय तहको निर्वाचन हुन गइरहेको छ । दुई चरण सकेर तेश्रो चरणको अन्तिम चरणमा आई पुगेको छ । निर्वाचन वातावरणको बारेमा भन्नुपर्दा अघिल्ला दुई चरणको अनुभव समेटेका समस्त विकृतिको अभ्यास यस चरणमा हुन थालेका छन् । नीतिनियम आचारसंहिताको कुनै ख्याल गरिएको छैन । पार्टीका नेताहरूवाट बेवास्ता हुनु सामान्य मानिएपनि प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्रीहरूवाट पनि खुल्ला रूपले आचारसंहितालाई चुनौती दिई रहेका छन् । निर्वाचन अधिकृत समक्ष उजुरी गर्दा पनि रोकथामको प्रयास गरिएको पाईदैन । खुल्ला रूपले भोज-भतेर विभिन्न प्रलोभन, भोट किनबेचका सौदावाजी हुने गरेका छन् । चुवान चिन्ह अंकित टिसर्ट, टोपी, च्यादरजस्ता चुनाव प्रचार प्रसार सामग्री जुलुस सभामा सानासना स्कुले बच्चाहरूको प्रयोग निर्वाध रूपले भएका छन् । ठूला पार्टी भित्रका कलहहरूलाई नेताहरूले मतदाताहरूमाथि लादने गरेका छन् । सम्पूर्ण विकृतिको प्रयोग तेश्रो चरणको निर्वाचनमा हुँदैछ । चुवान जित्न धन, धम्की, धाधलीको प्रयोग पूँजीवादी निर्वाचन प्रणालीको विशेषता नै हो । यहाँको दृश्य त्यो भन्दा पनि दर्दनाक छ ।

ठूला पार्टीका उम्मेदवारहरूले प्रतिदिन जसो भोज भतेर गर्दैछन् । तिनीहरूले प्रायः दलित मतदाता बस्तीलाई लक्षित गरेर भोज भतेर गरेको देखिन्छ । मतदाताहरूले जसले भोज ख्वाए पनि अस्वीकार गर्दैनन् । तर भोज खुवाउने प्रभावशाली नेताले आफ्नो भोट सुरक्षित राख्न लठैतको तैनाथी गरेर घोषित अघोषित दबाब बनाइ राख्छन् । भोज भतेरको यो दृश्य त एकातिर छदैछ अर्को छ भोटको व्यापार गर्ने बिचौलियाहरूको टोली । आफूसँग यती उती छ भनेर उम्मेदवारहरूसँग सौदावाजी गर्ने धन्धा हो । त्यस्ताको जसको लठी बलियो छ भैंसी त्यसैले लैजाला भन्ने उखानको प्रत्यक्ष प्रयोग भैरहेको छ । यहाँ लोकतन्त्रको नारा फलाक्नेहरू कति अलोकतान्त्रिक हुने गर्दछन् तिनको जंगली सामन्ती व्यवहारवाट प्रष्ट हुन्छ । त्यस उत्पीडनवाट उत्पीडित वर्ग र जन समुदायलाई कसरी मुक्त गर्ने यो समस्या रहेको छ । यो भन्दा अघिका चुनावमा पनि उम्मेदवारहरूले खर्च गर्ने गर्थे तर यसपाली अचाक्ली नै भएको छ । यसको एउटा प्रमुख कारण मेयर, उपमेयर, वडा अध्यक्षले पाउने तलव रकमको प्रचार अधिक नै भएको छ भने अर्को कारण ठूला पार्टीले जसरी पनि स्थानिय तह माथि आफ्नो कब्जा जमाउने योजना हो ।

१०वर्ष सम्म जनयुद्ध चल्यो, धैरैले बलिदानी गरे । २०६२/०६३ को जनआन्दोलनसम्म पुग्दा थुप्रैले जीवन उत्सर्ग गरे, परिणाम यस्तै ? यो व्यवस्थाले उत्पीडित वर्ग समुदायलाई के दिन्छ । यो कस्तो उदेक लाग्दो व्यवस्था हो । छुँदै पोल्ने, खाँदा के हुने ? जनवादी क्रान्ति पूरा भयो, आर्थिक क्रान्ति गर्नु पर्छ भन्नेहरूको निम्ति, उत्पीडित र अधिकार विहीनलाई यथास्थितिमा राख्न चाहनेहरू, उत्कृष्ठ संविधान भन्नेहरूको निम्ति अपेक्षित व्यवस्था हो । संविधानको उत्कृष्ठता त्यसैमा छ भनेर तर्क गर्नु बाहेक अरु के नै छ । यस्तै भद्रगोल सिर्जना गर्ने काम यस संविधानको विशेषता हो । अरु केही आशा गर्नुको कुनै अर्थ छैन् ।

देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालले यस संविधान र व्यवस्थाको भण्डाफोर गर्ने तथा जनतालाई सचेत पार्दै मुक्ति र परिवर्तनको दिशा दिन क्रान्तिकारी उपयोगको नीति लिएको छ । चुनावको उपयोग गर्नुको प्रमुख उद्देश्य यही नै हो । जनतालाई यस जनविरोधी व्यवस्था विरुद्ध सचेत गर्दै अग्रगामी दिशामा अघि बढन अपिल गर्दै यो मोर्चा चुनावमा भाग लिएको छ ।

# माओविचारधारा र माओवादका सन्दर्भमा



● हस्तबहादुर केसी ●

माओ विचारधारा र माओवाद नामक पदावली विचारसित अन्तर्सबन्धित छन्, सिद्धान्तसित अन्तसम्बन्धित छन् । माओविचारधारा र माओवाद नामक पदावली चिनीयाँ कम्युनिष्ट पार्टीका शिक्षाध्यक्ष तथा विश्वसर्वहारा वर्गका महान् नेता कमरेड माओत्सेतुङ मार्क्सवाद-लेनिनवादको गुणात्मक विकासको तेस्रो र नयाँ चरणमा विकास भएको एउटा अत्यन्तै महत्वपूर्ण सैद्धान्तिक विषय हो । किन कि माओविचारधारा वैज्ञानिक समाजवादी क्रान्तिका लागि आवश्यक पर्ने पुँजीवादको विकास नभइरहेको अवस्था र पुँजीवादी क्रान्तिको नेतृत्व गर्नुपर्ने पुँजीपतिवर्गले सामन्तवर्ग र साम्राज्यवादसित घाँटी जोड्न पुगेर दलाल पुँजीपतिवर्गको रूपमा पतन हुन पुग्यो । त्यसपछि जुन देश अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थामा छ र त्यहाँ पुँजीवादी गर्नुपर्ने छ तर पुँजीवादी क्रान्तिको नेतृत्व गर्नुपर्ने पुँजीपति वर्ग विद्यमान नभए कम्युनिष्ट पार्टीको नेतृत्वमा र मजदुर किसानवर्गको एकताका आधारमा गरिने क्रान्तिलाई नयाँ पुँजीवादी क्रान्ति अर्थात् नयाँ जनवादी क्रान्ति भनिन्छ ।

पुँजीवादी क्रान्ति दुई प्रकारका छन्- नयाँ र पुरानो । सन् १७८९ को फ्रान्सीसी राज्य क्रान्ति पुरानो खाले पुँजीवादी क्रान्ति थियो । अर्थात् पुरानो जनवादी क्रान्ति थियो । त्यसले सामन्तलाई उद्देश्य गरेर गरेर मानव समाजमा पहिलो पटक पुँजीवादी व्यवस्थाको स्थापना गरेको थियो । स्वतन्त्रता, समानता र भातृत्वको नारा दिएर त्यसबेला पुजीपतिवर्गले फ्रान्स, इंगल्याण्ड लगायत युरोपका केही देशहरूबाट पुँजीवादी क्रान्तिलाई अगाडि बढाएको थियो । त्यस बखत पुजीपति वर्ग सामन्तवर्ग भन्दा प्रगतिशील थियो । सामन्तवादी राज्यव्यवस्था भन्दा पुँजीवादी राज्यव्यवस्था एक कदम अगाडिको प्रगतिशील राज्य व्यवस्था हो । तर पुँजीपति वर्ग प्रतिक्रियावादी वर्गमा परिणत भएर पुनः सामन्तवाद र साम्राज्यवादसँग साँठगाँठ गर्न पुगेपछि जुन देशमा समाजवादी क्रान्तिका लागि पुँजीवाद क्रान्ति भएको छैन र पुँजीवादी क्रान्तिको गर्ने पुँजीपति वर्ग पनि नभएको अवस्थामा पुँजीवादी क्रान्ति आवश्यक छ र यस खाले सामन्तवाद र साम्राज्यवादको उत्पीडनमा रहेको एउटा अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थामा रहेको मुलुकमा गरिने क्रान्ति नयाँ खाले पुँजीवादी क्रान्ति अर्थात नयाँ जनवादी क्रान्ति हुन्छ । यसको नेतृत्व मार्क्सवाद-लेनिनवादको पथप्रदर्शकमा निर्देशित र निर्मित कम्युनिष्ट पार्टीको नेतृत्व र मजदूर किसान एकताका आधारमा सम्पन्न गरिने छ र यसले मात्रै वैज्ञानिक समाजवादी क्रान्तिको ढोका खोलिदिने छ र यसले मात्र साम्यवादमा पुग्ने बाटो तय गर्ने छ भन्ने सिद्धान्त (विचार) कमरेड माओले विकास गर्नु भयो । यस खाले क्रान्तिलाई नै नयाँ पुजीवादी क्रान्ति अर्थात नयाँ जनवादी क्रान्ति भनियो । यसमा सामन्तवाद र साम्राज्यवादका सबै प्रकारका उत्पीडन, शोषण र अन्याय अत्याचारबाट देश र जनतालाई मुक्त तुल्याएर जनताको संयुक्त जनवादी अधिनायकत्व स्थापना गरिने छ र यो पुँजीवादी क्रान्ति र समाजवादी क्रान्तिको बीचको संक्रमणकालीन व्यवस्था हुनेछ अर्थात् नयाँ जनवादी राज्यव्यवस्थाले निश्चित समयभित्र आफ्नो चरणको विकास गरेर शान्तिपूर्ण रूपमा वैज्ञानिक समाजवादमा प्रवेश गरिने छ, भनियो । र यसलाई नयाँ जनवाद भनियो ।

मार्क्सवाद-लेनिनवादको सैद्धान्तिक, दार्शनिक, राजनीतिक, आर्थिक तथा फौजी मान्यता र सिमाभित्र रहेर कमरेड माओले नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नका लागि अति आवश्यक पर्ने प्राविधिक विषय

(टेक्निकल विषय) तथा नयाँ जनवादी क्रान्तिका रणनीतिक तथा कार्यनीतिक विषय पनि निर्क्योल गर्नु भयो । जस्तो कि माओले सर्वप्रथम (सन् १९२६ मा) तत्कालिन चिनियाँ समाजको वर्ग विश्लेषण गर्नुभयो । नयाँ जनवादी क्रान्तिका मुख्य शत्रु कुन हुन् ? गौण दुश्मन कुन हो ? क्रान्तिका भित्र शक्ति कुन हुन् ? आदि विषयको पनि वैज्ञानिक ढंगले टुंगो लगाउनु भयो ।

सर्वप्रथम त माओले क्रान्तिका रणनीति र कार्यनीति निर्क्योल गर्दै लक्ष्य र उद्देश्यहरू ठोस गर्नुभयो र न्यूनतम लक्ष्य जनवाद हुने कुरा र अधिकतम लक्ष्य वैज्ञानिक समाजवाद हुँदै साम्यवादसम्म पुग्ने कुराको निर्क्योल गर्नुपर्ने सिद्धान्त प्रतिपादन गर्नुभयो ।

नयाँ जनवादी क्रान्ति पुरा गर्नका लागि माओले रणनीतिक तथा कार्यनीतिक कार्ययोजना ठोस गर्दै अन्य विषयहरूमा पार्टीको नेतृत्वमा छापामार दस्ता हुँदै जनमिलिसियाको निर्माण गरेर सेनाविनाको जनताको केही पनि हुन्न भन्नु हुने माओले सेना (लालसेना) निर्माण गर्ने, गुरिल्ला वारको नीति अवलम्बन गर्ने, ग्रामीण इलाकाहरूमा आधार इलाकाहरू निर्मण गर्ने, छापामार युद्धलाई तीव्रता दिदै गाउँदेखि शहर गर्ने र अन्तिममा केन्द्रीय सत्ता कब्जा गरेर जनताको जनवादी राज्यसत्ता स्थापना गर्ने रणनैतिक कार्यदिशा र रणकौशलको विकास गर्नुभयो । र, यही विचार र नीति तथा योजनाका आधारमा कमरेड माओको नेतृत्वमा सन् १९४९ अगस्ट १ तारिखका दिन चिनियाँ कम्युनिष्ट पार्टीले महान् चिनियाँ नयाँ जनवादी क्रान्ति सम्पन्न गरेको घोषणा गर्‍यो र माओले राजधानी बेइजिङ स्थित विशाल तथा प्रख्यात तेयनमेन्च स्क्वायरमा महान जनवादी गणतन्त्र चीनको घोषणा गर्नुभयो र चिनियाँ समाजलाई वैज्ञानिक समाजवाद हुँदै साम्यवादसम्म पुग्ने ढोका खुला गर्न सफल भएको घोषणा समेत गरियो ।

महान चिनियाँ नयाँ जनवादी क्रान्ति २८ वर्षको भीषण वर्गसंघर्ष (दीर्घकालीन जनयुद्ध)को बीचबाट निर्माण गरिएको थियो । यो क्रान्ति पुरा गर्नुभन्दा पहिले कमरेड माओले विचार निर्माण र विकास गर्ने सवालमा क्रान्तिकारी कम्युनिष्ट पार्टी निर्माण गर्ने सवालमा सैन्य कार्यदिशा (फौजी कार्यदिशा) निर्माण गर्ने सवालमा, पार्टी भित्रै पैदा भएका दक्षिणपन्थी अवसरवाद, उग्रपन्थी विचलन र मध्यपन्थी वामपन्थी भड्काउलाई समाप्त गर्ने, पार्टीभित्र दुईलाइन संघर्ष र अन्तःसंघर्षलाई विधिवत रूपले संचालन गर्ने र त्यसको हल गरेर क्रान्तिकारी पार्टी निर्माण र क्रान्तिकारी कार्यदिशा निर्क्योल गर्ने सवालमा र मुख्यतः फौजी कार्यदिशालाई सफलतापूर्वक कार्यान्वयन गर्न फौजी कार्य तथा एउटा महानतम लडाकूको भूमिका निर्वाह गर्दै शत्रुमाथि विजय प्राप्त गर्ने कार्यमा सफलता प्राप्त गर्नु भएको थियो ।

जस्तो कि सन् १९२१ जुलाई १ तारिखका दिन शंघाइमा चिनियाँ कम्युनिष्ट पार्टीको स्थापना भएको थियो । चिनियाँ कम्युनिष्ट पार्टीको जन्मले चिनियाँ इतिहासको विकासमा एउटा नयाँ युगको आरम्भ गर्‍यो । सन् १८४० को अफिम युद्धदेखि १९१९ को ४ मे आन्दोलनसम्म ठूला दुःखहरूले गर्दा चिनियाँ जनताले साम्राज्यवाद र सामन्तवादको उत्पीडनको प्रतिरोध गर्नका लागि ७० वर्षभन्दा बढिसम्म बहादुरीपूर्ण संघर्षहरू चलाएका थिए तर ती तमाम संघर्षहरू असफल भएका थिए ।

माओकै शब्दमा 'तीन जादुगरी हतियार' अर्थात् पार्टी, सेना र संयुक्त मोर्चाको निर्माण गरेर, चिनियाँ कम्युनिष्ट पार्टीको नेतृत्वमा चलाइएको नयाँ जनवादी क्रान्तिले चार ऐतिहासिक चरणहरूबाट अर्थात्, प्रथम क्रान्तिकारी गृहयुद्ध, भूमिक्रान्ति (युद्ध), जापानी आक्रमणका विरोधी युद्ध र जनमुक्ति युद्धबाट अघि बढेर शसस्त्रबलद्वारा राजनीतिक सत्ता खोस्ने प्रश्नलाई समाधान गर्न सन् १९२१ देखि १९४९ सम्म जम्मा २८ वर्ष लागेको थियो । यी सबै कामको सैद्धान्तिक, वैचारिक र फौजी नेतृत्व समेत क. माओले गर्नुभएको थियो ।

यसको अतिरिक्त वैचारिक, राजनीतिक तथा विचारधारात्मक कार्य गर्ने अभियानमा क्वोमिन्ताङसँग चिनियाँ कम्युनिष्ट पार्टीको सम्बन्ध-विच्छेद र छन् तू स्यूको दक्षिणपन्थी अवसरवादी कार्यदिशालाई सच्चाएपछि त्यसको लगत्तै सन् १९२७ को अन्त्यदेखि १९२८ को शुरु सम्मको छ्वी छ्यू- पाएको "वामपन्थी" कार्यदिशा, सन् १९३० को जुनदेखि सेप्टेम्बरसम्मको लीलीसानको "वामपन्थी" अवसरवादी कार्यदिशा र सन् १९३१ देखि १९३४ सम्मको वाङमिङको "वामपन्थी" अवसरवादी कार्यदिशालाई परास्त गर्दै १९३४-१९३५ लम्बे अभियानको नेतृत्व समेत गर्दै १९३५ मा यनानको चुनईमा पार्टी केन्द्रीय समितिको राजनीतिक ब्यूरोको विस्तारित बैठक बस्यो र वाङमिङको "वामपन्थी" अवसरवादी कार्यदिशालाई सच्चायो र पार्टी र सेनामा अध्यक्ष माओलाई नेतृत्वकारी स्थानमा कायम गर्‍यो र पार्टीलाई ठिक लाइनमा ल्याइयो । अर्थात् पार्टीको कार्यदिशा सही मार्क्सवादी लेनिनवादी मार्गमा ल्याइयो । यसको प्राप्तिको लागि चिनियाँ जनता र पार्टीले कति धेरै रगत बग्यो र कति ठूलो मूल्य चुकाउनु परेको थियो । चीनमा त्यसपछि हरक्षेत्रमा कमरेड माओको नेतृत्व स्थापित हुन पुग्यो ।

सन् १९३७ देखि १९४५ सम्म चिनियाँ कम्युनिष्ट पार्टीले भीषण गृहयुद्धको नेतृत्व गरेर जापानी साम्राज्यवादी आक्रमणकारीलाई समस्त चिनियाँ भूमिबाट लखेट्न सफल भयो । सन् १९४० मा चिनियाँ कम्युनिष्ट पार्टीले माओले अगाडि सार्नुभएको नयाँ जनवादी क्रान्तिको कार्यक्रम पारित गर्‍यो । १९४५ मा संयुक्त सरकारको नीति पनि अगाडि सारिएको थियो तर च्याङकाइसेकले कार्यान्वयन गर्न अस्वीकार गरेपछि कमरेड माओको नेतृत्वमा भीषण गृहयुद्ध अगाडि बढ्यो र सन् १९४९ अगस्त १ तारिखका दिन चिनियाँ कम्युनिष्ट पार्टीले महान् चिनियाँ नयाँ जनवादी क्रान्तिको यात्रा पुरा गर्‍यो ।

सन् १९४५ मा सम्पन्न चिनियाँ कम्युनिस्ट पार्टीको सातौं महाधिवेशनमा पथप्रदर्शक सिद्धान्तका रूपमा मार्क्सवाद-लेनिनवाद-माओविचारधारा पारित गरियो । चीनजस्तो अर्धसामन्ती तथा अर्धऔपनिवेशिक मुलुकमा गरिएको कठिन तथा महान नयाँ जनवादी क्रान्तिको समग्र रणनीति तथा कार्यनीति तय गर्ने चिनियाँ समाजको वर्ग विश्लेषण गरेर शत्रु शक्ति र मित्र शक्तिको निर्क्योल गर्ने, पार्टीभित्र सही ढंगले दुइलाइन संघर्ष सञ्चालनद्वारा गलत विचार र लाइनलाई परास्त गरेर सही मार्क्सवादी-लेनिनवादी क्रान्तिकारी विचार र नीतिलाई पार्टीभित्र स्थापित गर्ने, पार्टी, सेना, संयुक्त मोर्चा र समग्र युद्धको कुशल नेतृत्व गरेर महान नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने कार्यमा जुन माओले अतुलनीय योगदान गर्नुभयो, रणकौशल र क्षमताको प्रदर्शन गर्नुभयो । यसलाई नै चिनियाँ कम्युनिष्ट पार्टीले माओविचारधारा भन्न पुग्यो । र, पार्टीको पथप्रदर्शक सिद्धान्तमा मार्क्सवाद-लेनिनवाद-माओविचारलाई समेत जोड्न पुग्यो । अहिलेसम्म पनि चिनीयाँ कम्युनिष्ट पार्टीले मार्क्सवाद-लेनिनवाद माओविचारधारालाई पार्टीको पथप्रदर्शक सिद्धान्त मान्दै आएको छ ।

नेपाल, भारत लगायतका कम्युनिष्ट पार्टीहरूमा माओ विचारधाराको ठूलो प्रभाव पार्‍यो र यी देशहरू पनि अर्थसामन्ती र अर्थऔपनि अवस्थामा रहेकाले नयाँ जनवादी क्रान्ति नै गर्नु भएकाले पनि माओविचारधारालाई आफ्नो पार्टीको पथप्रदर्शक सिद्धान्तको रूपमा ग्रहण गर्न पुगे र मार्क्सवाद लेनिनवाद माओविचारधारालाई पथप्रदर्शक सिद्धान्तको रूपमा अगाडि सार्दै आए । सन् ८० दशकसम्म अर्थात १९८४ पछि Revolutionary Internationalist Movement (RIM) निर्माण भयो । त्यसपछि माओवादको प्रसंग अगाडि आउनुभन्दा पहिले नेपालका क्रान्तिकारी कम्युनिष्ट पार्टीले समेत माओविचारधारालाई पथप्रदर्शक सिद्धान्तसँग जोड्ने काम गर्‍यो । पछि माओवादलाई मान्न पुगेपछि विचारधारालाई छोड्ने कुरा भयो । तर अहिलेसम्म पनि क्रान्तिकारी माओवादी बाहेक र एमाले बाहेक कतिपय कम्युनिष्ट पार्टीहरूले माओविचारधारालाई पथप्रदर्शक सिद्धान्तको रूपमा मान्दै आएका छन् र माओवादको जमेर विरोध गर्दछन् ।

यहाँनेर माओवादको सन्दर्भलाई जोड्ने प्रयत्न गरिदैछ । सन् १९५६ मा चिनियाँ कम्युनिष्ट पार्टीले समाजवादमा प्रवेश गर्ने निर्णय गर्‍यो । १९५६ को सेप्टेम्बरमा चिनियाँ कम्युनिष्ट पार्टीले आठौं राष्ट्रिय महाधिवेशनको आयोजना गर्‍यो । त्यस महाधिवेशनमा ख्रुश्चोभका चेला ल्यू शाओचि + देङ गुटले 'राष्ट्रिय प्रजातन्त्र' नाम दिइएको पुँजीवादी कार्यदिशा पेश गर्‍यो । त्यो पारित भयो । चीनमा एकातिर माओले ख्रुश्चोवी आधुनिक संशोधनवादका विरुद्ध अन्तर्राष्ट्रिय जगतमै महान् बहस संचालन गर्नु भयो भने अर्कोतिर पार्टीको उच्च निकायमा पुग्न सफल भएका संशोधनवादीहरूका विरुद्ध "हेडक्वाटरमा बम बाड" गर भन्ने आदेश जारी गर्नुभयो ।

सन् १९६६ देखि १९७६ सम्म कमरेड माओले आफ्नै नेतृत्वमा महान सर्वहारा साँस्कृतिक क्रान्ति संचालन गर्नुभयो । समाजवादी मुलुकभित्र पनि कम्युनिष्ट पार्टीका नेता कार्यकर्ताहरूका आचारण, बानी व्यहोराहरूमा समेत रूपान्तरण हुनुपर्ने विषयलाई तीव्र गतिमा अगाडि बढाउनु भयो र समाजवादी व्यवस्था भएका देशहरूमा पनि सर्वहारावर्ग र पुँजीपतिवर्ग मुख्य वर्गका रूपमा रहने भएकाले तिनका बीचमा संघर्ष चलिरहने कुरा बताउनु भयो । र, छापामार युद्धलाई कहिल्यै पनि भुल्नुहुन्न भन्नु हुँदै सर्वहारावर्गको अधिनायकत्वअन्तर्गत वर्ग संघर्ष सञ्चालन गरिरहनु पर्ने सिद्धान्तलाई स्थापित गर्नुभयो । जसलाई निरन्तर क्रान्तिको सिद्धान्त भनिन्छ । सन् १९७६ सेप्टेम्बर ९ का दिन माओको मृत्यु भयो । त्यसको ठीक एक महिनापछि चीनमा प्रतिक्रान्ति भयो ।

कार्लमार्क्स र लेनिनले पुँजीवादी राज्यव्यवस्थालाई नष्ट गरेर समाजवादी राज्यव्यवस्था निर्माण गरिसकेपछि त्यो सर्वहारा वर्गीय राज्यव्यवस्था हुने र सर्वहारावर्गको अधिनायकत्व कायम भइरहने कुरा औल्याउनु भयो र त्यसभित्र वर्गउत्थान हुन सक्ने कुरा देख्न सक्नुभएको थिएन । तर स्टालिनको मृत्यु पश्चात रुसी समाजवादभित्र र त्यसको लगत्तै चिनियाँ समाजवादभित्र पनि वर्गउत्थान भयो । त्यहाँ पुँजीवादलाई पुनजार्गृत गराइयो र प्रतिक्रान्तिका श्रृंखलाहरू अगाडि बढाइयो । यो समस्या रुस र चिनको मात्रै नभएर अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनभित्र र विश्वसमाजवादी शिविरभित्रकै समस्या हुन पुग्यो ।

त्यसो भएर "स्टालिनको मृत्युपश्चात् रुस एवम् पूर्वी युरोपका कैयौं देशहरूमा पुँजीवादको पुनःस्थापनाका कारणहरूको खोज अनुसन्धान गरी त्यसबाट शिक्षा लिनुपर्ने र आधुनिक संशोधनवादका विरुद्धको लडाईं लड्नु पर्ने ऐतिहासिक आवश्यकताको पृष्ठभूमिमा माओद्वारा मार्क्सवाद-लेनिनवादको थप परिमार्जन तथा विकास गरी त्यसलाई मार्क्सवाद-लेनिनवाद-माओवादको तेस्रो, नयाँ र गुणात्मक उचाइमा पुर्‍याउने काम भयो । मार्क्सवाद- लेनिनवादलाई माओवादमा विकसित तुल्याउने काममा माओको योगदानलाई पेरुको कम्युनिष्ट पार्टी साइनिङपाथसहित अन्तर्राष्ट्रियतावादी क्रान्तिकारी आन्दोलन ९च्क्षः० र त्यसमा आबद्ध क्रान्तिकारी कम्युनिष्ट पार्टी तथा संगठनहरूले सही मूल्याङ्कन गरेका छन् र त्यसलाई माओवाद पदावलीमा अभिव्यक्त गरेका छन् ।" मार्क्सवादी दर्शन, मोहन वैद्य 'किरण' पेज-५९ ।

कमरेड मोहन वैद्य किरणको उल्लेखित भनाइहरू सान्दर्भिक छन् र अब माओवाद एउटा मात्रै मुलुकको कम्युनिष्ट पार्टी र क्रान्तिका लागि मात्र नभएर विश्वक्रान्तिकै अर्थात् विश्वसर्वहारावर्गको क्रान्तिकै पथप्रदर्शक सिद्धान्त बन्न पुग्यो । आज नेपाल, भारत लगायत पुँजीवादी क्रान्ति नभई रहेका र मुलुक नयाँ जनवादी क्रान्तिकै चरणमा रहेका मुलुक मात्र नभएर पुँजीवाद तथा साम्राज्यवादको विकास भइरहेका अमेरिका, बेलायत, फ्रान्स जस्ता मुलुकमा गरिने समाजवादी क्रान्तिका निम्ति पनि माओवाद पथप्रदर्शक सिद्धान्त बन्न पुगेको छ । किनभने आजको युग साम्राज्यवाद र सर्वहारा वर्गबीचको भीषण वर्गसंघर्षको युग हो । त्यसो भएर विश्वसर्वहारावर्गको क्रान्तिको पथप्रदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओवाद बन्न पुगेको छ । त्यसैले माओवाद आजको मार्क्सवादको रूपमा विश्व सर्वहारावर्गको हातमा पुगेको छ । अर्थात् आज माओवाद विश्वसर्वहारा क्रान्तिको अभेद्य सैद्धान्तिक हतियार बन्न पुगेको छ । अतः मार्क्सवाद-लेनिनवाद-माओवादलाई ग्रहण गर्न नसक्नेहरू सच्चा क्रान्तिकारी कम्युनिष्ट बन्न सक्दैनन् भन्ने कुरा माओवादले प्रमाणित गरिदिएको छ । अर्थात् माओले दर्शन, राजनीतिक, अर्थशास्त्र र वैज्ञानिक समाजवादका क्षेत्रमा जुन थप योगदान गर्नुभयो, यसलाई नै माओवाद भन्न सकिन्छ । माओविचारधारा र माओवादमा यही नै अन्तर रहेको छ ।

नेपाली कम्युनिष्ट आन्दोलनको क्रान्तिकारी धारा विश्वकम्युनिष्ट आन्दोलनको एक अभिन्न अंग भएकाले यो धारा नेपाली क्रान्तिका साथै विश्व क्रान्तिकै एक नेतृत्वदायी शक्ति भएकाले यसले पनि मार्क्सवाद-लेनिनवाद-माओवादलाई आफ्नो मार्गदर्शक सिद्धान्तको रूपमा ग्रहण गर्न अनिवार्य सर्त बन्न पुगेको छ । त्यसो भएर महान् नेपाली नयाँ जनवादी क्रान्तिको नेतृत्व गरिरहेको नाताले समेत नेकपा (क्रान्तिकारी माओवादी)ले मार्क्सवाद-लेनिनवाद-माओवादलाई आफ्नो पथप्रदर्शक सिद्धान्त बनाउदै आएको छ । अतः माओविचारधारा जुन देश अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थामा छ, त्यहाँ गरिने पुँजीवादी जनवादी क्रान्तिलाई मार्गनिर्देश गर्ने सवालमा माओविचारधारा रहेको छ भने समाजवादी क्रान्ति सम्पन्न भइसकेका मुलुकमा सर्वहारा अधिनायकत्वअन्तर्गत सर्वहारा साँस्कृतिक क्रान्तिको माध्यमबाट क्रान्तिलाई जारी राख्ने सिद्धान्तलाई माओवाद भनिन्छ । यसर्थ माओवादी विश्व सर्वहारावर्गको मुक्तिको सैद्धान्तिक अस्त्र अर्थात् पथप्रदर्शन सिद्धान्त बन्न पुगेको छ । माओविचारधारा र माओवादमा यही नै फरक हो ।

यसरी माओवाद विश्वसर्वहारा क्रान्तिको पथप्रदर्शक सिद्धान्तमा मार्क्सवाद-लेनिनवादको तेस्रो तथा उच्च चरणमा विकास गरेका कारण आज नेपाल लगायत विश्वभरका सबैखाले संशोधनवादीहरूले माओवाद माथि भीषण हमला गरिरहेका छन् ।

यस परिस्थितिमा माओवादको रक्षा, प्रयोग र विकास गर्ने जिम्मा आज विश्वभरका क्रान्तिकारी कम्युनिस्टहरूको काँधमा आएको छ । किनभने माओवाद आजको युगको मार्क्सवाद बन्न पुगेको छ । माओवाद नै विश्वसर्वहारा वर्गको मुक्तिको अभेद्य सैद्धान्तिक हतियार बन्न पुगेको कुरामा कुनै विकल्प छैन ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

मितेरी यातायात एण्ड अटो प्रा.लि.

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

टाटा सुमो सेवा

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा

| | |
|---|---|
| काठमाडौं-खलंगा | बिहान ६:०० बजे |
| काठमाडौं- भिंगु किमीचौर | बिहान ६:३० बजे |
| भिंगु किमीचौर-काठमाडौं | बिहान ६:३० बजे |
| खलंगा-काठमाडौं | बिहान ५:०० बजे |
| खलंगा-नेपालगञ्ज | बिहान ८:३० बजे |
| नेपालगञ्ज-खलंगा | बिहान ९:०० बजे |

सम्पर्क नम्बर
काठमाडौं - ९८६६८३३३९९
खलंगा - ९८५१२४९९४८
किमीचौर - ९८५१२४९९४८

आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति

सम्पर्क
कृष्ण सुवेदी - ९८५१०१८९१२
राम के.सी. - ९८५१०५४२६४
होम छन्त्याल - ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४

माइक्रो काउन्टर
काठमाडौं फोन ०१४३८८३९३
बाग्लुङ ०६८५२२२२०

काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

# लोकसाहित्यमा प्रगतिशीलता–३



● मनोहर लामिछाने

००७ सालको परिवर्तनपश्चात् पनि नेपाली जनताको माग पूरा नभएको भन्दै दिल्ली सम्झौताको विरोधमा पश्चिम नेपालमा किसान नेता भीमदत्त पन्तको नेतृत्वमा विद्रोह जारी राख्ता रचित लोकगीतहरूले जनतामा विद्रोहात्मक चेत पैदा गरेको पाइन्छ । उक्त आन्दोलनका प्रसङ्गमा थुप्रै गीतहरू सिर्जना भएका छन्–

अगाडि सवार भयो, पछाडि माल आयो ।
ऐल साल वर्मदेउमा, ठालुको काल आयो ॥
एक बजिगो दुई बजिगो, बिगुलका बाजालाई ।
गोली ठोकी मारिदियो भीमदत्त राजालाई ॥ (गिरी, २०७१, १८७)

बम्बै जाने रेलगाडीमा दिल्लीको माल आयो ।
गरिबको दिन आया, ठालुको काल आयो ॥
कित जोत हलो, कित छोड थलो,
यदि हैन भने अब छैन भलो । (लामिछाने, २०७२, ९८)

२०३६ सालमा जनमत सङ्ग्रहको घोषणा हुँदा बहुदलको पक्षमा भोट माग्दा धेरै लोकगीत सिर्जना भएका छन्–

पोलिस्टरको पाइन्ट र डबल नेटको कोट
फेरि पनि दिउला है, बउदलीलाई भोट ।
(लामिछाने, २०७१, कार्यपत्र)

पञ्चायत कालमा धेरै लोकगीत र गाथाहरू सिर्जना भएका छन् । यस प्रस्तुतिमा लोकसाहित्यमा प्रगतिशीलताको सन्दर्भमा चर्चा गरिएको हुँदा ३० वर्ष पञ्चायती शासनमा भएका सामाजिक विभेद र थिचोमिचो विरुद्ध आवाज उठाउँदै प्रशस्त जनचेतना भर्ने काम भए पनि नमुनाका लागि केही लोकगीतहरू उल्लेख गरिएको छ ।

भितिवनका पहला छेउती, वादी माग्छ वया ।
प्रधानैका गर्दा खेरि, धौ दिन काट्नु भया ॥
खानु लाउनु बस्नु सास्ती, नरोहु बसेर ।
उठ्नुपर्छ सर्वहारा, कम्बरै कसेर ॥
ठूला ठाँली शोषकका विरुद्ध उठ है ।
गरिबको सत्ता ल्याउन, लौ छिट्टै उठ है ॥

पञ्चायतकै प्रसङ्गमा प्रधानपञ्चको छोराको फुर्ती झार्दै गाउँलेहरूले व्यङ्ग्य गरेको प्रसङ्ग यस्तो छ–

प्रधानको छोरा– आज भेट तोइसित भयो, सुन्नैनिक्या जया ।
मेरा गाउँको मै मुखिया बाबा प्रधान भया ॥
गाउले– बाघ मार्‍या बरायो मार्‍या, तब मार्‍या भन्नु ।
खोलिनुको काल्च्या कल्चु, त्यो क्या मार्‍या भन्नु ॥
(अधिकारी, २०७३, ११)

जनयुद्धपूर्व जनताका सबै तह र तप्कालाई सङ्गठित गर्न गरिएको प्रयासले परम्परागत सर्वसत्तावाद विरुद्ध लाग्न लोककलाकार र लोकस्रष्टाहरूको ठूलो भूमिका छ । यस्तै थारू समुदायमा भएको शोषणको जानकारी दिँदै मुक्तिका लागि सङ्घर्षबाहेक अर्को विकल्प छैन भन्ने तलको गीतले बोध गराउँछ–

मल्कान घर कमाइनु२
कज्यान घर कमाइनु
साखिय हो,
दुई माना लाही मिलल दश बोरा धान२
बाबा देखल बारी बिरुवा२
भैया गाई चरुवा
सखिय हो
मै दुःखी जनम भरके बन्नु हरूवा२
सखिय हो
बुढिय डाई बनलवा गाउको ढिकुरानी२
कौने कारण मुक्ति मिलल
सुनोरे गोचाली
सखिय हो
सङ्घर्षको डगरमे
उत्र परल हाली । (शारदा शर्मा, कोहलपुर, बाँके)

यस्तै पश्चिम पहाडतिर नयाँ सत्ता प्राप्तिका लागि सङ्गठित हुन आह्वान गर्दै देउडाको भाकामा यस्ता गीतहरू गाएको पाइन्थ्यो–

रामारोशन हिउ पडिगो, बूढी गङ्गा वैत ।
नयाँ सत्ता ल्याउनु पड्यो, जान्ने पिमा छैत ॥
जन्त राम्रा ब्याउला ब्याउली, पैठ राम्रा धामी ।
सामन्ती कुरीती फाल्न, उठौ तिमी हामी ॥
(लामिछाने, २०६७, ६२)

रूख ढलिगो, सूर्य डुब्यो, अरूका क्या कुरा
गाउँघरमा रबैर आयो, नयाँ नौला कुरा । (लामिछाने, २०६७, ९१)

२०६२/०६३ को आन्दोलनमा लोकगायकहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । गणतन्त्रको पक्षमा लोकगायक बद्री पँगेनीबाट गाइएका दोहरी गीतले काठमाडौंको जनमानसमा निकै प्रभाव पारेको थियो । गणतन्त्रको स्थापनापछि शान्ति प्रक्रियामा आएको माओवादीबाट आशा गरिए पनि भनाइ र गराइमा भिन्नता हुँदा लोकस्रष्टाहरू किन चुक्थे ? माओवादीको कथनी र करणीप्रति व्यङ्ग्य हाने देउडा भाकामा–

परजा यो प्रजातन्त्र, जनवाद काँ गयो ।
नेपाल बनाउने कुरा, चरीको दूध भयो ॥
कुडाका ठाउँ ठेगान छैनन्, दिन र मैना गन्छन् ।
मोज मस्ती आलीसान महल, सर्वहारा भन्छन् ॥
घोगा खाने बानी पर्‍यो, लेखका भालुको ।
मुक्ति भैना जनताको, जन्म भो ठालुको ॥
माथि पाटन भैंसी गोठ, खाउँ खिर अचार ।
सर्वहारा चिन्तन छैन, सामन्ती छ विचार ॥ (लामिछाने, २०७२, १९२)

तोकिएको समयमा संविधान बन्न नसक्ता छिटो संविधान बनाउन यसरी गीत गाउन पनि पछि परेनन् जनताहरू–

घर त मेरो ह्याँ होइन चण्डीधान
छिट्टै बनाउ जन्ताको संविधान । (पोखरेल, २०७३, १०६)

जन आकाङ्क्षा अनुरूप संविधान नबन्दा संविधानसभाबाट जारी भएको नेपालको संविधानबारे लोकसर्जक यसरी रोस प्रकट गर्छन्–

मानो भर्नु मुठीबाट, तुलो जोख्नु शेर ।
जनताको संविधान भन्थ्या, कस्तो बन्यो हेर ॥
कलम नभै मसी नभै, कागज लेखियन ।
बनाउँछु भन्याको पनि, ढङ्ग देखियन ॥

हाम्रा सीमाहरू पटकपटक अतिक्रमित भएका छन् । मातृभूमिको रक्षा गर्नु प्रत्येक स्वाभिमानी नेपालीको कर्तव्य हो । एउटा प्रगतिशील व्यक्ति त्यसबाट अछुतो रहन सक्तैन । त्यसैले प्रगतिशील लोकस्रष्टाहरू राष्ट्रमाथिको अतिक्रमणमा चुप लागेर बस्न सक्ने कुरै भएन । त्यसैले त उनीहरू सजकतापूर्वक यसरी गाउन पुग्छन्–

रिट कुइरो बासन लाइगो, दाङको घारी बबै ।
सीमा मिच्चै यता सार्‍या, जङ्गे पिलर सबै ॥
जेष्ठ न वैशाख मास, काल्च्या कराउँछ कि ।
सीमा मिच्चै जबरजस्ती, सिक्किम बनाउँछ कि ॥
वैरागी वैरागी बस्छन्, घरबारेइका कुरा ।
टनकपुरमा बाँध बनायो, मिच्यो लिपु धुरा ॥

लोकसमाज न हो, जनताले राजनीतिक परिवर्तनबाट वर्गीय मुक्ति महसुस गरेका छैनन् । थाहा छैन, अग्रगमनको अपेक्षासाथ समाज रूपान्तरणका लागि लोकगायकहरू फेरि पनि यस्ता लोकगीतहरू गाउँदै छन् । सिर्जना गर्दै छन् जनताकै गाउँले भाकामा पुनः सङ्घर्षको आह्वान गर्दै–

देशै भरि अस्तव्यस्त, नेता छन् मस्तीमा ।
विद्रोहको राँको बालौं, हाम्रा गाउँ बस्तीमा ॥
रटक्क कटक्कै भयो, दाँतैमा सुपारी ।
मुक्तिखातिर फेरि उठौं, सबै नरनारी ॥

**२. लोकगाथा**

लोकसाहित्यमा गाथाको लामो परम्परा छ । सामाजिक आवश्यकताले गाथाहरू सिर्जना हुन्छन् । गीति लयमा गाइने गाथाहरू लोकगीतभन्दा लामा हुन्छन् । झट्ट हेर्दा हाम्रा गाथा धार्मिक र शासकीय स्तुति जस्ता देखिए पनि राष्ट्रका निम्ति लडेका, समाज सुधारकहरूको योगदानको वर्णन, महिलाहरूमा हुने असमानताका वर्णन लगायत जनविरोधी शासकहरूका विरुद्ध उठेका आवाजहरूलाई लोकगाथामार्फत व्यक्त गरिन्छ । कर्खा, चैत, चाँचरी, धमारी, सँगिनी जस्ता प्रमुख गाथाहरू भए पनि पश्चिम नेपालतिर पाइने टुम्का, लम्मरी गीतलाई पनि समावेश गर्न सकिन्छ ।

नेपाल एकीकरण अभियानका पृथ्वीनारायण शाह, अमरसिंह थापा, भक्ति थापा, बलभद्र कुँवर आदिबारे मात्र होइन, नेपालले भोट र अङ्ग्रेजसँग लडेका युद्धबारे सिर्जना भएका गाथाहरूले राष्ट्रिय भावना जागृत गराउन निकै मद्दत पुगेको देखिन्छ । विदेशी हस्तक्षेप विरुद्धको आवाज लोकजीवनका गाथामार्फत व्यक्त हुँदा जनतालाई राष्ट्र र राष्ट्रियताप्रति चनाखो बनाउने कार्य गरेको पाइन्छ । रिपु मल्लको चाँचरीमा राजा निरय पाललाई झुक्न बाध्य पारेको प्रसङ्ग पनि छ । जनताद्वारा राजालाई हाँक दिएको चाँचरीको एउटा अंश–

ए ! तमैरे जाति हे निर पाल भौल्या ! तल्ली चाक ओल
ए ! क्यावैहार हे पलापकी तल्ली चाक ओल
ए ! तमैरे जाति निर पालौ भौल्यानैकी निको बोल
ए ! तसैहार निरै पाल भौल्या तल्ली चाक ओल ।
(पराजुली र गिरी, २०६८, १३३)

प्रस्तुत चाँचरीमा राजा निरय पालको अन्याय विरुद्ध जनताले राजाको दरबारबाहिर जम्मा भएर राजालाई हाँक दिँदै तल्लो बैठकमा ओर्लन र अर्को राजा फेर्नेसम्मको आवाज उठाएका छन्–

डाँफे र मुरलीको गाथामा डाँफे मरेपछि लाटोकोसेरोसँग विवाह गर्नेबारे सोच्ने मुरली चरीको विचार अन्तरजातीय वा विधवा विवाहलाई प्रश्रय दिनपुगेको आशय झल्कन्छ–

लाटो कोसेरोसँग पोइल जाउँ कि नजाउँ कठै मेरा डाँफे !
(थापा र सुवेदी, २०४१, २७९)

पश्चिम नेपालतिर गाइने टुम्का र लम्बरी गीतहरूलाई पनि गाथाकै वर्गीकरणमा राख्ता उपयुक्त देखिन्छ । यहाँ महिलामा हुने सामाजिक विभेदबारे छोरीको टुम्काका केही अंश प्रस्तुत गरिएको छ–

सिक्का माला सधैं लाम्ला, जोवन कैले पाम्ला
बिदा देउ मेरी आमा, जता जाम्ला जाम्ला ।

प्रस्तुत टुम्कामा छोरीको इच्छा विपरीत रहेका आमा, बाबुलाई चुनौती दिँदै आफ्नै स्वाभिमानमा जिउन तत्पर चेलीले विद्रोहस्वरूप बिदा माग्दाको प्रसङ्ग अभिव्यक्त भएको छ । तल सौताको टुम्काको केही अंश हेरौं–

बर्तुन जानु लाटो पोइका, सौतामा नजानु
सौतानेको माझो घरबार, धौ हुन्छ र खानु ।
(पुन, २०५९, ३०-३१)

००७ सालमा मुक्ति सेनाका कार्यकर्ता गौरीलाल कुँवर पश्चिम नेपालको डोटी, बझाङ क्षेत्रमा जाँदा उनीबाट भएगरेका क्रियाकलापबारे सिर्जना भएको लम्बरी गीतले तत्कालीन समाजमा भएको शोषणको अवगत हुन जान्छ–

दुई हजार सात सालमा, प्रजातन्त्र आयो
ठूलो नेता गौरीलाल, पश्चिमतिरै लाग्यो
को छन् ठूला शोषक भनी, खोज्न पनि लाग्यो
एक भाडी निवेदन पड्या, धीर बादुरले पायो
... ... ... ... ... ... ... ... ... ... ... ... ...
वाचुलाकी भन्ने आशा, धीर बादुरलाई थियो
रूप्याासँगै धीर बादुरलाई, आफ्ना साथै लियो ।
(लामिछाने, २०६७, ७८)

२०५२ सालमा सुरु भएको जनयुद्धमा ग्रामीण वर्गसङ्घर्ष चर्कँदै जाँदा प्रारम्भमा ओझेल र अपेक्षित लोकसाहित्य जनयुद्धको दौरान पछिल्लो कालखण्डमा हुड्के गायनमा जनवादीकरण गर्ने प्रयास गरिएको पाइन्छ । स्थानीय तबरमा जनयुद्धका योद्धाहरूबारे गाथाहरू गाइने प्रयास गरिएको थियो । तत्कालीन समयमै सिर्जना भएको एउटा सवाई–

सुन्नोस् सुन्नोस् दाजु भाइ, सुन्नोस् दिदी बैनी
सुनाउँछौं सबैलाई दुःखको कहानी
दुई हजार पच्पन्न साल असार अठ्ठाइस गतेमा
पुलिसले छापा मारे, बुरासे गाउँमा ।
(के.सी., १५८)

**३. लोककथा**

मनोरञ्जनको कल्पनै नभएको प्रारम्भमा कामकाज गरी थकित भएका मानिसहरूलाई आराम तथा मनोरञ्जन दिने उद्देश्यले लोककथाको सुरुआत भएको हो, जसलाई दन्त्यकथा वा कथाकुथुङ्ग्री पनि भनिन्छ । लोककथा राति मात्र भन्ने गरिन्छ । यस्ता कथाहरू पुस्ता दरपुस्ता मौखिक रूपमा स्थानान्तरण हुँदै आउँदा लिखित साहित्यमा कथा विधाको सुरुआत र प्रेरणा लोककथाबाटै आएको मानिन्छ ।

मनोरञ्जन, शिक्षा, प्रकृति, जीव जनावर, अलौकिक शक्ति, धर्म, संस्कृति, नीति, नैतिकतासँग सम्बन्धित यस्ता कथाहरूमा प्रगतिशीलताको छनक भने प्रायः पाइँदैन । लोककथालाई डा. गोविन्द आचार्यले 'लोकका सहज अभिव्यक्ति' मानेका छन् । आचार्य, २०६३, १४४) तर मानिसले गरेको प्रकृतिसँग र समाजमा भएका सङ्घर्षै सङ्घर्षको अतीतमा त्यस्ता गौरवपूर्ण सङ्घर्षका लोककथा प्राप्त हुन नसक्नुमा सङ्घर्षका इतिहास लोप गराउनमा समाजका टाठाबाठा वर्गले सिर्जित लोककथाको मात्र वर्चस्व रहेको अनुमान गर्न सकिन्छ । तथापि नैतिक उपदेश, वीर चरित्र, स्वाभिमान, बालचरित्र, राजकुमार, राजकुमारीका विद्रोह, समाजका चतुर पात्र, समाहित केही पात्रहरू भएका लोककथाहरूमा सामान्य क्रमभङ्ग र असल कार्यमा प्रेरित हुने कथाहरू समाजमा सकारात्मक प्रभाव पार्ने खालका पाइन्छन् । लोककथामा उल्लेख हुने देवी र देउती बज्यैका किम्बदन्तीले मातृसत्तात्मक अवशेषको छनक दिएको हो कि भन्ने अनुमान गर्न सकिन्छ । जुम्ला र सिंजा क्षेत्र राजघरानाका शक्तिशाली महिला ' माला' हरू विभिन्न नामधारी देउती बज्यै देवीको रूपमा प्रतिष्ठित हुनु मातृसत्तात्मक अस्तित्वको अवशेष हो कि भनी सोच्न सकिन्छ । लोककथाहरू 'एकादेश' बाट सुरु भएर 'सुन्नेलाई सुनको माला' मा समाप्त हुने भएका हुँदा श्रोतालाई महत्त्व दिएको पाउँछौं । समाजशास्त्रीय अध्ययनको कमीले प्रगतिशील लोककथाको खोजीखबरी हुन बाँकी नै रहेको ठहरसहित प्रगतिशील लोककथाको अन्वेषण हुनुपर्ने देखिन्छ ।

**४. लोकनाटक**

लोकनाटकको परम्परा पनि प्राचीन हो । यसका लागि उपयुक्त स्थान, पात्र, दर्शक तथा ग्रामीण जीवनका भेषभूषाहरू आवश्यक हुन्छन् । लोकनाटकमा तामझामको आवश्यकता पर्दैन । पहिले पहिले पात्रहरू पुरुष मात्र सहभागी हुने र महिला पात्र आवश्यक परे पुरुषहरूले नै महिलाको भेषमा सिँगारिएर भूमिका निर्वाह गर्ने प्रचलन थियो । शास्त्रीय नाटकझैँ नायक कुलीन हुनुपर्छ भन्ने छैन । सामान्य जन पनि प्रमुख पात्रको भूमिकामा रहन सक्छन् ।

नेपाली लोकनाटकहरूमा भारत, बालुन, नचरी, घाटु, सोरठी, मारुनी आदि पर्छन् भने कतिपय स्थानमा लोकनृत्यसँग जोडिएका बयलडाँरी, हनुमान् चलाउने आदि पनि प्रचलनमा छन् । बर्कानाच, ज्यौमारी, लीला र चरित्र, कात्तिके नाच जस्ता विविध प्रकारका लोकनाटकहरूले अस्तित्व बचाइरहेको पाइन्छ । यी सबै प्रकारका लोकनाटकहरू प्रायः धार्मिक आस्था र राज्यशक्तिसँग जोडिएको हुन्छन् । तथापि यिनै नाटकभित्र सामान्य प्रगतिशील चेत तथा विद्रोहको छनक पनि पाइन्छ ।

बालाराजा काशीरामले सबैले रोक्तारोक्तै देशका लागि युद्ध गर्न जानु र युद्धमा सबै जातजातीलाई महत्त्व दिनुले उनको राष्ट्रप्रतिको अगाध प्रेम प्रदर्शन हुन पुगेको पाइन्छ । उदा छापलाको भारतमा अर्काको घरमा काम गर्ने टुहुरो मानिसले डोटी क्षेत्रदेखि कुमाउँको राजालाई समेत हाँक दिँदै लड्न जानु सामान्य कुरा थिएन । छापलाको चुनौतीप्रति दिग्दारी मान्दै राजाले गरेको बिलौना यस्तो छ– "हेर केल्सिङ ! डोटीको छापलो प्यूलो आइवर खान दिनो न पिन दिनौ ।" (लामिछाने, २०६४, २३३) यस्ता अभिव्यक्तिले उपेक्षित वर्गका सामान्य मानिसले राजालाई जसरी चुनौती दिए, त्यसबाट राज्यसत्तालाई विद्रोहबाट तह लाउन सकिन्छ भन्ने पाठ पनि बन्न पुग्यो । यस्तै जालन्धरी र जितारी मल्लको भारतमा साना राज्यको विद्रोह र राज्यका सबै नागरिकहरूलाई मिलाउनुपर्ने वाक्यताले राज्यशक्ति निर्णायक जनता नै हुन भन्ने बोध गराउँछ ।

लोकनाटकको रूपमा लुम्बिनी, गण्डक र भेरी, कर्नाली क्षेत्रमा प्रचलित नचरीले जातीय छुवाछुतको विभेदलाई सामान्य बनाएको प्रसङ्ग वनवासमा रहेका रामले आफूलाई चमारको छोरा भन्दै पानी मागीखाएको प्रसङ्ग यसरी उल्लेख गरिएको पाइन्छ–

चमार कन्या– हामु त ह्मनी चमारैकी छोरी
कैसे पियैला पानी ?
राम भन्छन्– हामु त होला चमारैको छोरा
हमुले पिवैला पानी ।

यसै प्रसङ्गमा बन्धु लेख्छन्– "मगर र कामीसार्कीहरू पनि खैजाडी र मुजुरा बजाउँदै मङ्गलाचरण गरी गुरुबाबु बनेर नचरीको गायन गर्छन्" (बन्धु, २०५८, २७३) । यसरी त्यस क्षेत्रमा जातीय छुवाछुत जस्तो कुप्रथाको विरोध धेरै पहिलेबाट सुरु भएको अनुमान गर्न सकिन्छ । त्यस्तै सोरठी नृत्यमा सुन्दरी चेलीले विभिन्न तर्क गरेर राजा जैसिङ्गेसँग वैवाहिक बन्धनमा बाँधिन अस्वीकार गर्नु पनि प्रगतिशीलताका सामान्य छनक हुन् । यसबाहेक लोकनाटकका अन्य प्रसङ्ग धर्मा तथा राजसत्ताका वृत्त वरिपरि घुमिरहेको प्रसङ्ग भएको हुँदा र प्रगतिशील पाटो प्रस्ट हुन नसक्ता यसबारे अझ खोज हुनु जरुरी छ ।

**५. लोकोक्ति**

लोकोक्तिमा उखान, टुक्का, गाउँखाने कथाहरू पर्छन् । मानिसले समाजमा बस्ता देखी, भोगी सिकी प्राप्त गरेका अनुभवहरू प्रभावकारी र आकर्षक रूपमा व्यक्त गर्न लोकोक्तिको विकास भएको हो । समाजमा भएका विविध सङ्घर्ष र वर्ग विभाजनको प्रतिच्छाया लोकोक्तिमा पाइन्छ तर यस विधाको प्रगतिशील पाटोबारे अध्ययन हुन बाँकी नै देखिन्छ । नेपाली उखानबारे भने पृथक् रूपमा खोजीको प्रयास पनि भएको पाइन्छ । उखानले वर्गीय पक्षधरतामा पहिचान दिँदै आफ्ना भनाइ सुन्दर, आकर्षक एवं प्रभावकारी बनाउन मद्दत गरेको हुँदा यसको प्रचलन बढिरहेको छ ।

उखानका सम्बन्धमा मोदनाथ प्रश्रित उल्लेख गर्छन्– "समाजमा विभिन्न खाले दार्शनिक, धार्मिक, सामाजिक, सांस्कृतिक जातीय र वर्गीय दृष्टिकोण, आस्था, चालचलन, परम्परा र संस्कार हुने हुनाले उखानले यी सबै कुराको संक्षिप्त इतिहास बोकेका छन् । (प्रश्रित, २०६९, ५८) यस्तै उखानटुक्काबारे वरिष्ठ प्रगतिवादी चिन्तक मोहनविक्रम सिंह लेख्छन्– "वास्तवमा उखानटुक्काहरू जीवनका प्रत्येक पक्षसित जोडिएका हुन्छन् र तिनीहरूले जीवनमा प्रत्येक पक्षलाई प्रतिनिधित्व गर्छन् ।" (सिंह, २०६९, ७०)

उल्लिखित भनाइहरूबाट के बुझ्न सकिन्छ भने समाजभित्र रहेका वर्गीय चिन्तन उखानटुक्कामार्फत व्यक्त हुँदा थिचोमिचोमा परेका वर्ग, संस्कृति, सभ्यताले कसरी विगतदेखि वर्तमानसम्म सङ्घर्ष गरेको रहेछ भनी बुझ्न सजिलो हुन्छ । हाम्रो समाज लामो समयदेखि जातीय असमानताले व्याप्त छ । कथित तल्लो र माथिल्लो जातको अन्धविश्वासले रूमल्लिएको समाजमा कस्ता खालका उखान बनेका रहेछन् । कथित तल्लो जातलाई कसरी हेपिँदो रहेछ भन्ने निम्न उखानले पुष्टि गर्छन्–

(क) दमै, कामीको बोली, वर्षदिनको भोलि । (ख) सात घर विष्ट एक घर कामी, जस्ता तिमी उस्ता हामी ।

यस्तै महिलाहरूलाई हेर्ने परम्परागतवादी दृष्टिकोण, हेपाहा प्रवृत्ति लिङ्गीय असमानताको प्रतिच्छाया कस्तो थियो वा छ भन्ने तलका उखानले बोध गराउँछन्–

(क) स्वास्नी मान्छे कज्यानी, बाख्रो बटालो । (ख) लोग्ने गयो बर्मा, स्वास्नी छैन घरमा ।

समाजमा एक थरी व्यक्तिहरू प्रस्ट अडान नभएका, चुक्ली र चापलुसी गर्ने, वर्ग कित्ताको ख्याल नगर्ने, ढुलमुल एवं अवसरवादी प्रवृत्तिलाई व्यङ्ग्य गर्न सिर्जित उखानका नमुना–

(क) माछा देख्ता दुला हात, सर्प देख्ता गोजी हात । (ख) जता मल्खु, उतै ढल्कु ।

उल्लिखित उखानहरू प्रतिनिधि नमुना मात्र हुन् । समाजका विविध पक्षमा यस्ता उखान प्रशस्त सिर्जना भएका छन् । कथित ठूलाठालु र यथास्थितिका पक्षधरबाट समाजमा भइरहेको शोषण, अन्याय, अत्याचार विरुद्ध श्रमजिवी वर्गका पक्षमा सिर्जना भएका उखानहरू पनि पाइन्छन्–

(क) खन्दो मुसो बस्दो सर्प ।
(ख) काम गर्ने कालु मकै खाने भालु ।
(ग) आइ लाग्ने माथि जाइ लाग्नु ।
(घ) अचानोको पिर खुकुरी जान्दैन ।
(ङ) भेडा भेडासित बाख्रा बाख्रासित ।
(च) ठूलाको चित्त माखाको पित्त ।
(छ) भाइ फुटे गवार लुटे ।
(ज) जो अगुवा उही बाटो हगुवा ।

माथिका उखानमा निश्चित सन्देश प्रवाह भएको छ । यी उखान श्रमजीवी जनतालाई विभिन्न भ्रमजालमा पारी शासनको बागडोर समालेका कथित उपल्लो वर्ग वा शोषक सामन्तसँग रोस प्रकट गर्दै वर्गीय ममता वा जनताद्वारा उनीहरूलाई प्रारम्भिक चुनौती दिन सिर्जित भएका हुन् । यी उखानमा केवल आक्रोश मात्र व्यक्त गरिएको छैन, वर्ग पहिचान र मुक्तिको उपाय पनि व्यक्त गरेको पाइन्छ । यस्तै यथास्थितिको पक्ष पोषक धार्मिक अन्धविश्वासले सिर्जना गरेको अन्ध विश्वासलाई यसरी उखानमार्फत व्यङ्ग्य गरेको पाइन्छ–

(क) कर्मकाण्ड डाँडामा, चामल हाल भाडाँमा । (ख) नमरी स्वर्ग देखिँदैन । (ग) आयुका छोरालाई वायुले खाँदैन ।

परम्परागत रूपमा गाउँसमाजमा वहु विवाहलाई निरुत्साहित गर्न यस्ता लोकोक्ति पनि सिर्जना भएका पाइन्छन्–

(क) दुई जोइको पोइ कुना पसी रोइ ।
(ख) एक स्वास्नीको पोइ ब्रह्मचारी, दुई स्वास्नीको पोइ कर्मचारी । (कर्मचारीप्रतिको व्यङ्ग्य तथा रोस)

सामन्तवादको उदयपश्चात जनता र सामन्तवादबीच लामो समयसम्म विभिन्न अन्तरविरोधहरू भइ नै रहे । तिनको सामन्तवादी आदर्श, प्रवृत्ति हालसम्म पनि देखिन्छ । यस विरुद्ध पनि थुप्रै उखान सिर्जना भएका छन्–

(क) राजा देख्तैन, देउता बोल्दैनन् ।
(ख) राजा कहिल्यै आफ्नो हुँदैन ।
(ग) राजाका अगाडि र घोडाका पछाडि नबस्नु ।

यसरी हाम्रा गाउँसमाजमा चेतन र अवचेतन मन मस्तिष्कमा आफूमा भएका पीडा, जलन, अन्याय विरुद्ध जीवनजगत्सँग सरोकार राख्ने विविध क्षेत्रका उखानहरू सिर्जना भएका छन् । यस्ता उखानले वर्ग बोध र सामाजिक विसङ्गति विरुद्ध धावा बोल्ने काममा सहयोग गरेको छ । यसरी अग्रजहरूबाट सिर्जित उखानहरूले समाज परिवर्तनका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।

**६. उपसंभार**

लोकसाहित्यमा प्रगतिशीलताको विशाल फाँट यो छोटो आलेखमा समेट्न प्रयास गर्नु नै कठिन रहेछ । बरु लोकसाहित्यका प्रत्येक विधामा यस्तो प्रयास गरिएको भए उपयुक्त हुँदो हो । जसरी प्रगतिशील साहित्यको मानकबारे विवाद र भ्रमहरू छन्, त्यसरी नै लोकसाहित्यमा पनि प्रगतिशीलताबारे विवादहरू हुन सक्छन् । लोकसाहित्यका सूत्रधार जनता हुन् । लोकसाहित्यको उत्पत्ति, प्रयोगभूमि एवं क्रीडास्थल गाउँसमाज भएकाले उपेक्षित ग्रामीण समाज अशिक्षित, परम्परागत अन्धविश्वासमा निर्भर मात्र होइन, विभिन्न वाद र सिद्धान्तको रौँचिराका लागि बुद्धिविलास गर्न असमर्थ हुने हुँदा लोकसाहित्यका विभिन्न विधामा प्रस्ट दृष्टिकोण दिन पनि असमर्थ हुन्छ । तर सामाजिक सङ्घर्षको प्रारम्भिक बिन्दु वा पहिलो प्रभावित क्षेत्र पनि गाउँ समाज नै हो । त्यसैले गाउँ समाज, समुदायले लोकसाहित्य सिर्जना मात्र गर्दैन, प्रयोग पनि गर्न पुग्छ । लोकसाहित्यका सर्जकले गाउँ समाज, समुदायको पहिचान पनि दिन पुग्छन् । यसले क्षेत्रगत, जातिगत, समूहगत पहिचान दिने गरेको पाइन्छ । पछिल्लो कालखण्डमा पूर्ण सचेततापूर्वक वर्गीय मुक्तिका लागि लोकसाहित्य सिर्जना भएका छन् ।

वर्गीय, जातीय, क्षेत्रीयताका पक्षधरतामा लोकसाहित्यको विकास हुँदै आएको छ । हाम्रा अध्ययनका विषयवस्तु यिनै हुन् । यही विशाल फाँटमा अध्ययन-अनुसन्धान गर्दै लोकसाहित्यमा प्रस्फुटित सामाजिक अभिव्यक्ति प्रवाह खोजको विषय हुन सक्छ । लोकसाहित्यलाई कतिपय सुगठित एवं प्रगतिशील भनिनेहरूबाट यथास्थितिवादी, शृङ्गारवादी, निराशावादीको कोटीमा राख्तै खिसीट्युरी र शङ्काउपशङ्का व्यक्त नभएका पनि होइनन् । समाजको उत्पत्तिदेखिका ठूलासाना सामाजिक सङ्घर्षको प्रतिफल वर्तमान हो । यो सङ्घर्ष वर्तमानमा पनि जारी छ । यस्तो अवस्थामा सामाजिक प्रतिच्छाया लोकसाहित्यमा स्वाभाविक हुने हुँदा यसको विषयवस्तु खोज-अनुसन्धान वर्तमानमा अझ आवश्यक देखिन्छ । त्यसैले यसको मौलिक अस्तित्व समाप्त नगरी जनतामा चेतना भर्ने, रूपान्तरित गर्ने, समाज बदल्ने, अन्याय, शोषण, दमन आदि विविध असमानताको अन्त्यका लागि क्रियाशील हुन आवश्यक छ ।

आधुनिकताका नाममा आयातित संस्कृतिले हाम्रो मौलिकपन अवसानको दिशामा डोहोर्‍याइरहेछ । हाम्रा लोकसाहित्य, लोकबाजाहरू लोप हुँदै गइरहेछन् । साम्राज्यवादी, विस्तारवादी शक्तिले थाहा नपाउने किसिमले अतिक्रमण गर्दा चुप लाग्नुको सट्टा पुर्खाको विसारद लोकसाहित्यलाई मौलिक रूपले संरक्षण संवर्द्धन गर्दै नवीन रूपमा प्रयोगमा ल्याउनुपर्छ । हाम्रा अग्रजहरूले जानी नजानी जसरी प्रगतिशील पक्ष अँगालेर समाज रूपान्तरणमा सहयोग पुर्‍याएका थिए, तदनुरूप अग्रगमनको यात्रामा वर्तमानमा सामेल लोकसाहित्यलाई कसरी उपयोग गर्न सकिन्छ ? प्रगतिशील/प्रगतिवादीहरूले सोच्नु जरुरी छ ।

**सन्दर्भ सामग्री**

अधिकारी, शेरबहादुर, २०७३, जाजरकोटी लोक साहित्य, जाजरकोट ।

अमात्य, डा. साफल्य, २०६८, पुरातत्त्व इतिहास र संस्कृति, भृकुटी एकेडेमिक पब्लिकेसन, काठमाडौं ।

आचार्य, डा. गोविन्द, २०६३, राप्ती लोकसाहित्य, पैरवी प्रकाशन, काठमाडौं ।

किरण, २०६५, नेपाली समाज र संस्कृति एक संक्षिप्त अध्ययन, वि.सि. प्रकाशन, काठमाडौं ।

के.सी., दुर्गाबहादुर, खसानी, वर्ष १३, अङ्क १, म. साहित्य परिषद्, काठमाडौं ।

गिरी, जीवेन्द्रदेव, २०६६, 'तिजका गीत, परम्परा र परिवर्तन', भृकुटी (राष्ट्रिय संस्कृतिक अङ्क), पूर्णाङ्क ६, काठमाडौं ।

गिरी, डा. जीवेन्द्रदेव, २०६७, नेपाली लोकसाहित्य जनजीवन, एकता बुक्स, काठमाडौं ।

गिरी, जीवेन्द्रदेव, २०७१, 'कर्णाली र डोटी प्रदेशका बारमासे लोकगीतमा ऐतिहासिक सन्दर्भ', नेपाली लोकवार्ता, भाग १, भृकुटी पब्लिकेसन, काठमाडौं ।

गिरी, जीवेन्द्रदेव गिरी, २०७२, 'नेपाली लोकसाहित्यका प्रगतिशीलता', नेपाली लोक वार्ता नेपाल, प्रज्ञा-पतिष्ठान, काठमाडौं ।

चैतन्य, २०६५, समीक्षा र सौन्दर्य, पाठ्यसामग्री पसल, काठमाडौं ।

चैतन्य, २०६९, मार्क्सवादी सौन्दर्भ चिन्तन, साझा प्रकाशन, ललितपुर ।

थापा, धर्मराज र हंसपुरे सुवेदी, २०४१, नेपाली लोकसाहित्यको विवेचना, पाठ्यक्र विकास केन्द्र, त्रि.वि.वि., काठमाडौं ।

देवकोटा, रत्नाकर, २०६४, वृहत् जुम्ला राज्यको ऐतिहासिक विवेचना, कुमार खड्ग प्रा. स्टडिज, काठमाडौं ।

पराजुली, प्रा.डा. मोतीलाल, र डा. जीवेन्द्रदेव गिरी, २०६८, नेपाली लोकसाहित्यको रूपरेखा, साझा प्रकाशन, ललितपुर ।

पुन, डम्बरबहादुर, २०५९, 'दक्षिणपूर्वी सल्यानका नेपाली लोकगीतहरूको अध्ययन', अप्रकाशित शोधपत्र, त्रि.वि.वि. नेपाली केन्द्रीय विभाग, काठमाडौं ।

पोखरेल, लक्ष्मी, २०७२, 'नेपाली लोकगीतमा नारी चेतना', नेपाली लोकवार्ता, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं ।

पोखरेल, लक्ष्मी, २०७२, 'नेपाली लोकगीतमा व्यक्त सामाजिक इतिहास', गोष्ठीपत्रको सङ्कलन, लोकवार्ता परिषद्, नेपाल, काठमाडौं ।

प्रभात, विष्णु प्रभात, २०६३, प्रलेसको संक्षिप्त इतिहास, वि.सि. प्रकाशन, काठमाडौं ।

प्रश्रित, मोदनाथ, २०६९, दर्शन र दृष्टिकोण, माइलस्टोन प्रकाशन प्रा.लि., ललितपुर ।

बन्धु, चूडामणि, २०५८, नेपाली लोकसाहित्य, एकता बुक्स, काठमाडौं ।

योगी, नरहरिनाथ, २०१३, इतिहास प्रकाश भाग ३., इतिहास प्रकाश सङ्घ, मृगस्थली, काठमाडौं

लामिछाने, कपिलदेव, २०६४, नेपाली लोकगाथाको अध्ययन, साझा प्रकाशन, ललितपुर ।

लामिछाने, मनोहर, २०६७, लोकसाहित्य र संस्कृतिका केही पाटाहरू, साझा प्रकाशन, ललितपुर ।

लामिछाने, मनोहर, २०७०, प्युठान ओखरकोटको लोकसाहित्य : एक समीक्षा, ... ... ... ... ।

लामिछाने, मनोहर, २०७२, लोकसाहित्य : सामाजिक प्रतिबिम्ब, अक्स्फोर्ड पब्लिकेसन, ललितपुर ।

सिहं, मोहनविक्रम, २०६९, साहित्य जीवन र सौन्दर्य, साझा प्रकाशन, पुल्चोक ।

अन्त्यमा, चलचित्र फागुन २४ ले जुन सन्देश दिन खोजेको छ, त्यसलाई सम्मान गर्दै किसान आन्दोलनलाई इतिहासको एउटा घटनाको रूपमा मात्र होइन, त्यसको आवश्यकता आज पनि त्यतिकै छ भन्ने कुरा लेखक तथा निर्माताहरूले ध्यान पुर्‍याउनु पर्ने देखियो । यो विषयमा पनि त्यति ध्यान पुगेको पाइदैन ।

*समाप्त*

## अमेरिकामाथि...

उचाईमा ३ हजार ७ सय किलोमिटरको दूरी तय गरेको थियो ।

काओ डी बेनोले अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्प अमेरिकालाई फेरि महान् बनाउन लागेको विश्वसामु प्रस्तुत हुने गरे पनि गम्भीर अवस्था निम्तिन नदिनका निम्ति दुई मुलुकबीच पहिल्यैदेखि कुराकानी हुँदै आएको बताए । संयुक्त राष्ट्रसंघका लागि अमेरिकी राजदूत निकी हेलीले उत्तर कोरियाविरुद्धको प्रतिबन्धले काम नगरे सैन्य कारबाहीको विकल्प पनि रहेको बताएको केही समयपछि उनको यस्तो भनाई बाहिर आएको हो ।

गत बिहीवार उत्तर कोरियाले जापानी आकाशसम्म पुग्ने गरी क्षेप्यास्त्र प्रहार गरेपछि राष्ट्रसंघको सुरक्षा परिषद्ले आपतकालीन बैठक बोलाई तत्काल त्यस्ता गतिविधि रोक्न प्योङ्याङ्लाई आह्वान गरेको छ । सुरक्षा परिषद्को बैठकअघि अमेरिका, चीन र रुसबीच सो विषयमा विवाद उत्पन्न भएको थियो ।

संयुक्त राष्ट्रसंघका लागि रुसी राजदूतले उत्तर कोरियाली संकटको कूटनीतिक तवरले मात्रै समाधान गर्न सकिने बताएका थिए । परमाणु परीक्षणलाई लिएर उत्तर कोरियाविरुद्ध थप सशक्त प्रतिबन्ध लगाउने चर्चा चले पनि सुरक्षा परिषद्को बैठकमा प्रतिबन्धबारे छलफल नभएको बताइएको छ ।

उत्तर कोरियाली समाचार संस्थाले भनेको छ, 'नेता किम जोङ-उनको अन्तिम लक्ष्य अमेरिकासरह हैसियत बनाउने रहेको छ ताकि अमेरिकाले सैन्य विकल्पबारे कुरा गर्ने दुस्साहस नगरोस् । '

नेता किमले भनेका छन्, 'हामीले धेरै शक्तिशाली भएको देखाउनेहरूलाई स्पष्ट रूपमा देखाइदिनुपर्छ कि असीमित प्रतिबन्ध तथा नाकाबन्दीका बावजुद हाम्रो देशले पारमाणविक शक्ति हासिल गर्ने लक्ष्य कसरी प्राप्त गर्छ ।'

## प्रतिनिधि...

भेलामा बर्दघाट नगरपालिका, सुनवल नगरपालिका, रामग्राम नगरपालिका, सरावल गाउपालिका, प्रतापपुर गाउपालिका, सुस्ता गाउपालिका र पाल्हिनन्दन गाउपालिका गरी स्थानीयतहबाट ५० प्रतिनिधि सहभागी हुने सो पार्टीले जनाएको छ ।

त्यस्तै जनवर्गीय मोर्चा संगठनबाट २० जना र आयोजक गरी कुल १ सय ५ जना प्रतिनिधि जिल्ला भेलामा सहभागी हुने क्रान्तिकारी माओवादी परासीसंगठन समितिले जनाएको छ ।

## एकता...

नयाँ जनवादी क्रान्तिका लागि पार्टीले तयारी थालेको बताउँदैं मुलुकमा सत्ता सञ्चालकहरू फेरिए पनि राज्यसत्ता परिवर्तन नभएकाले नयाँ जनवादी क्रान्तिको तयारी गर्नुको विकल्प नरहेको बताए । उत्पीडकबाट उत्पीडित जनतामा राज्यसत्ता आएमात्रै वास्तविक जनताको शासन सत्ता आउने र त्यसले मात्र जनताको अधिकार सुनिश्चित हुने उनले बताए ।

क्रान्तिकारी माओवादी पार्टी मुलुककै वैकल्पिक शक्तिका रूपमा उदयमान हुने दावी गर्दै अध्यक्ष वैद्यले जनताको राज्यसत्ता कायम गरेरै छाड्ने दृढता व्यक्त गरे । अहिलेको अवस्थामा चुनाव बहिस्कार गरेर जान नसकिने बताउँदैं उनले पार्टीको राष्ट्रिय सम्मेलनले त्यसको छिनोफानो गर्ने उनले बताए । संविधानले गणतन्त्र, धर्मनिरपेक्षता, संघीयता जस्ता केही कुराको सुनिश्चितता गरेपनि आदिवासी जनजाति, दलित, मधेसी, मुश्लिम लगायत समग्र उत्पीडित जनताको अधिकारलाई ग्यारेन्टी गर्न नसकेको उनले बताए ।

महासंघका अध्यक्ष टेकबहादुर मास्कीरानाको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रम कोषाध्यक्ष राजु भुजेलले सञ्चालन गरेका थिए । असोज २१-२५ गते पोखरामा हुने पार्टीको राष्ट्रिय सम्मेलनका क्रममा पार्टी अध्यक्ष वैद्य प्रदेश नं ३, ४, ५, ६ र ७ को कार्यक्रममा सहभागी भई बुटवल हुँदै काठमाडौं जाने क्रममा बुटवलमा भएको पत्रकार भेटघाटमा सरिक भएका हुन् । अध्यक्ष वैद्यसहित पार्टी नेता रामसिंह श्रीस, प्रवक्ता हरिभक्त कडेल, सचिवालय सदस्य प्रेमनाथ सुवेदी लगायतका नेताहरूको समेत सो पत्रकार भेटघाटमा उपस्थित रहेको थियो ।

## क्रान्तिकारी...

र क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य तथा बाँकेका पार्टी इन्चार्ज भुपेन्द्र न्यौपानेको विशेष आतिथ्यतामा सम्पन्न भएको थियो । यो सत्रमा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य कलेन्द्र सेजुवाल, जिल्ला उपाध्यक्ष रूपा गहतराज, प्रेस युनियनका सचिव अर्जुन ओली, प्रेस चौतारीको नेता तथा महिला सञ्चार समूहको अध्यक्ष अक्षरी पोखेल, प्रेस सेन्टरका अध्यक्ष डक्ट धिताल, प्रेश मञ्चका नेता आशिष गुप्ता, क्रान्तिकारी पत्रकार संगठनका निलम आरसीलगायतको उपस्थित थियो ।

यस्तै क्रान्तिकारी पत्रकार महासंघ बर्दियाको सम्मेलनबाट आयुष न्यौपाने अध्यक्षमा चयन भएका छन् । बर्दियाको सदरमुकाम गुलरियामा बुधबार सम्पन्न सम्मेलनले अध्यक्षमा न्यौपाने, सचिवमा तुस्मा अधिकारी, कोषाध्यक्षमा दुर्गा बजगाई र ७ सचिवालय सदस्यसहित पाँच सदस्य पछि थप्ने गरी १९ सदस्यीय जिल्ला कार्यसमिति निर्वाचित गरेको छ ।

सम्मेलनले मनराज कठायत, अर्जुन चौधरी, अनु अधिकारी र राजविक्रम चौधरीलाई सचिवालय र इन्द्रा घोडासैनी, दिपा न्यौपाने, पवित्रा चौधरी, सिता चौधरी, हेमराज गिरी, दिपिका रिजाल र भगवति पाण्डेलाई सदस्यमा निर्वाचित गरेको छ ।

आयुष न्यौपानेको सभापतित्वमा सम्पन्न सम्मेलनमा प्रमुख अतिथ्यता क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय कार्यालय सदस्य लोकराज जैसीले गरेका थिए भने विशेष आतिथ्यता नेकपा (क्रान्तिकारी माओवादी) बर्दियाकी सेक्रेटरी दुर्गा अधिकारीले गरेकी थिइन् । सो अवसरमा नेकपा एमाले पार्टी छाडेर पत्रकार मनराज कठायत क्रान्तिकारी माओवादीमा प्रवेश गरेका थिए । उनलाई पार्टी सेक्रेटरी अधिकारीले स्वागत गरेकी थिइन् ।

## दलित...

पारस नेपाली (मकवानपुर) ,लोकेन्द्र बर्लैवा (रामेछाप), दिपेन्द्र लम्साल (काठमाण्डौ), शान्ती वि.क. (चितवन), दिपेन्द्र सुनार (काठमाण्डौ), ज्ञान बहादुर बसेल (सिन्धुपालञ्चोक), कुमार घतानी (काठमाडौं), रामचन्द्र विक (चितवन), जीवन मंग्राती (काभ्रे), सहित बाँकी तीन जना पछि थप गर्ने गरी २५ सदस्य प्रदेश भेला आयोजक कमिटि गठन गरिएको हो ।

संयोजक विकको अध्यक्षतामा सम्पन्न बैठकले काठमाडौंमा रेखा रम्तेल, ललितपुरमा रोशन बिसुन्खे, काभ्रेमा नारायण रिजाल, रामेछापमा लोकेन्द्र बर्देवा, सिन्धुपालञ्चोकमा ज्ञान बहादुर बसेल, सिन्धुलीमा कृष्ण लोहार, रसुवामा विष्णु नेपाली, नुवाकोटमा हर्कलाल सुनार, मकवानपुर पारस नेपाली, चितवनमा रामचन्द्र वि.क संयोजक रहने गरी नेताहरूको कार्य विभाजन गरेको छ । बैठकले समाजमा विद्यमान भेदभाव, छुवाछुत विरुद्ध र नेपालमा सर्वहारा वर्गको रूपमा रहेको दलित समुदायको राजनीतिक, आर्थिक, सामाजिक अधिकार प्राप्तिका निम्ति आन्दोलन उठानको सशक्त तयारीका लागि सङगठन विस्तारमा जोड दिने निर्णय समेत गरेको संयोजक विकले जानकारी दिए ।

## राष्ट्रिय

तय गरिएको छ । जिल्लाहरूले भने भेला गरी प्रतिनिधि छनौट गर्ने र आ-आफ्नो सापेक्षताका दस्तावेजहरूमाथि बहस/छलफल गर्ने र १५ आश्विनसम्म केन्द्रीय कार्यालयमा सुझावहरू पठाउने अन्तिम समय तोकिएको पार्टी कार्यालय सचिव कगेन्द्रले जानकारी दिए ।

सचिव कगेन्द्रका अनुसार राष्ट्रिय सम्मेलनका लागि स्थान, व्यवस्थापनलगायतका विषयमा भने आश्विन ४ गते बस्ने पार्टीको सचिवालयको बैठकले ठोस निर्णय गर्नेछ ।

समकालीन कम्युनिष्ट तथा माओवादी आन्दोलनको वृतमा वैचारिक केन्द्रको रूपमा तथा क्रान्तिकारी धारको नेतृत्व गरिरहेको पार्टीको रूपमा स्थापित नेकपा (क्रान्तिकारी माओवादी)को आसन्न उक्त राष्ट्रिय सम्मेलनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा निकै महत्वका साथ हेरिएको छ । राष्ट्रिय सम्मेलनले मुलुकमा दलाल तथा नोकरशाही पुँजीवादमा आधारित संसदीय व्यवस्थाप्रति जनताको बढ्दो घृणा र आक्रोशलाई संगठित गर्दै नयाँ जनवादी क्रान्तिको नेतृत्व गर्न सक्षम पार्टी निर्माण गर्ने, नेपाली विशिष्टतामा आधारित सशस्त्र जनविद्रोहको फौजी कार्यदिशालाई अझ समृद्ध तथा मूर्त गर्ने, आम देशभक्त, वामपन्थी तथा क्रान्तिकारी शक्तिहरूलाई एकताबद्ध बनाएर अगाडि बढाउने लगायतका जनअपेक्षा पूरा गर्ने विश्वास लिइएको छ ।

राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरू विकराल बन्दै गएको अवस्थामा हुने क्रान्तिकारी माओवादीको सम्मेलनबाट लिइने नीतिले अबरुद्ध नयाँ जनवादी क्रान्तिको प्रक्रियालाई सशक्त रूपमा अगाडि बढाउने विश्वास क्रान्तिकारी माओवादीका नेता कार्यकर्तामा देखिन्छ ।

## किसानका लागि उन्नत बीउ बिजन कार्यक्रम

**२०७४ साल श्रावण मसान्तसम्म औपचारिक बीउबिजन क्षेत्रको बिस्तार सम्भाग तर्फ भएका मुख्य उपलब्धिहरू**

**उपआयोजना सम्झौता तथा कार्यान्वयन**

३०३ वटा उपआयोजना (२९५ विउ उत्पादन समूह तथा सहकारी, ४ वटा एग्रोभेट र ४ वटा ठूला विउ कम्पनी) मार्फत कुल ७५ करोड १६ लाख उपआयोजना लागतको अनुदान संझौता सम्पन्न भएको छ । जस मध्ये किसानकालागी उन्नत बीउ बिजन कार्यक्रमको अनुदान रु. ३४ करोड ८४ लाख रहेको छ भने लाभग्राही समूह तथा सहकारीको सहभागिता रु. ४० करेड ३१ लाख रहेको छ । यस कार्यक्रमबाट ६८३५ महिला र ४९३५ पुरुष गरी कुल जम्मा ११७७० जना कृषक परिवार लाभान्वित भएका छन् ।

**मूल बीउ तथा यथार्थ संकेतपत्रयूक्त बीउ उत्पादन**

यस कार्यक्रमको सहयोगमा जिल्लास्थित उपआयोजनाहरू मार्फत १३५२ मे.ट. खाद्यान्न तथा १०९ मे.ट. तरकारी बीउ गरी जम्मा १४६१ मे.ट. बीउ उत्पादन भएको छ । उक्त उत्पादित बीउले ४७५५० हे. क्षेत्रफल खेती गर्न पुग्ने देखिन्छ । साथै यस कार्यक्रमको सहयोग तथा समन्वयमा नेपाल कृषि अनुसन्धान परिषद् तथा फर्म केन्द्रहरू मार्फत ४६४ हेक्टरमा ४९२.७७ मे.ट. मूल विउ उत्पादन भएको छ । यसरी जिल्लामा उत्पादित बीउको उचित बजारीकरणका लागी ४ ठुला बीउ कम्पनी तथा जिल्ला स्थित ४ वटा एग्रोभेटहरू संग सम्झौता गरी कृषक समूह सहकारीसंग पूर्व खरिद सम्झौता गरिएको छ ।

**सिंचाई संरचना तथा भण्डारण गृह निर्माण**

कार्यक्रम लागु भएका ६ जिल्लाहरूमा कृषक समूह सहकारी मार्फत १६८ वटा साना सिंचाइ आयोजना निर्माण सम्पन्न भई थप ७०६.५५ हेक्टरमा सिंचाइ सुविधा पुर्‍याईएको छ । साथै उत्पादित बीउको भण्डारणकालागी १८ वटा विउ भण्डारण गृह निर्माण सम्पन्न गरी ४९० मे.ट. विउ भण्डारण गर्न सकिने क्षमताको विकास भएको छ ।

**कृषक पाठशाला संचालन**

यस कार्यक्रम अन्तर्गतका कृषकहरूको गुणस्तरिय बीउ उत्पादनमा क्षमता बिकास गर्ने उद्येश्यले कार्यक्रम लागु भएका ६ जिल्लाहरूमा हालसम्म खाद्यान्न तथा तरकारी बीउ उत्पादनमा आधारित ५०५ वटा कृषक पाठशाला सम्पन्न भई कुल १२९९५ कृषकहरू तालिम प्राप्त हनुका साथै १८१ वटा सहभागितात्मक जातिय छनौट परीक्षण कार्यक्रमहरू सम्पन्न भएका छन् ।


# शुभकामना

विजया दशमी तथा शुभ-दीपावली (बलिहाङ तङनाम) एवं छठको विशेष अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीवहिनीहरूका साथै सम्पूर्ण वडावासीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**हितैसी फार्मेसी**
(औषधी पसल)
धरान-२, ०२-५५२८७४४

**अध्यक्ष**
टंकबहादुर राई
९८१९३६३६९१ तथा
**सम्पूर्ण १२ वडा परिवार**
धरान उपमहानगरपालिका

**सदस्यहरू**
चुनु थापा
शान्ति त्रिखत्री
विनिता शाक्य
ब्रम्हज भट्टराई

**तृप्ती व्यापार केन्द्र**
धरान-२,
फोन नं. ०५५-५२३०३३

(प्रो. रूद्र श्रेष्ठ)
**न्यू सन्तोष ग्रिल**
धरान-२, ९८४२०४०३६१

**भीआर मीट मार्ट एण्ड अर्गानिक फूड्स**
धरान-१०, पुतलीलाइन
९८१४३४०३६४, ०२५५-२१८८९

**लिम्बूवान राष्ट्रिय मुक्ति मोर्चा, नेपाल**
कार्यालय फोन २२५-५२१८५९
केन्द्रीय सचिव- छत्र आङबुहाङ
९८४२२५५९४७

**अधिवक्ता-**
**पदम लिम्बू**
धरान-१९, ९८५२०४५६७९

**मनोज भट्टराई**
वडाध्यक्ष
धरान-१७, ९८४२०२५२८३


दैनिकी दुर्वाच्य...

रामचन्द्र हुमागाई



# दानापानीमा रमाउँछन् नेता र कर्मचारी

**भदौ २६ गते ।** आज शेरबहादुर देउवाले आफ्नो मन्त्रीमण्डलमा राप्रपाका ४ जना मन्त्री थपेर ५४ सदस्यीय मन्त्रीमण्डल पुर्‍याएका छन् । 'नेपालको इतिहासमा यो जस्तो लज्जास्पद कार्य केही पनि होइन' भन्दै राजनीतिक विश्लेषकहरूले टिप्पणी गरेका छन् यो भन्दा अगाडी २०५२ सालमा पनि देउवाले ५२ सदश्यको मन्त्रीमण्डल बनाएका थिए । नयाँ सम्विधानमा सँकटकाल बाहेक बढीमा २५ सदस्यीय मन्त्रीमण्डल मात्र वनाउँनु पर्ने भनि उल्लेख गरिएको छ । यो सँकटकाल पनि त होइन ।

**भदौ २७ गते ।** गणतन्त्र स्थापनापछि सबैखाले मार्ग र द्रूतमार्गहरू खोलिनुपर्थ्यो तर नेपालको गणतान्त्रिक सरकारले नीजि क्षेत्रबाट निर्माण हुन लागेको काठमाडौं–हेटौंडा द्रूतमार्ग पनि रद्द गर्ने तयारी गरिरहेको छ, सायद यो समाचार बाहिर आउँदासम्म रद्द पनि भैसक्ने छ । भौतिक पूर्वाधार कम्पनीले जनताबाट शेयर उठाएर निर्माण गर्ने प्रयास गरिरहेका वेला उसलाई सहयोग गर्नुको साटो रद्द नै गरिनु भित्रको रहश्य बुझ्न निकै कठिन भैसकको छ तर यो सडक वन्न छिमेकी मित्रराष्ट्र भारतले दिंदैन भनेर हामीले शूरुमै भनेका थियौं । कारण के भने यदि यो बाटो बन्यो भने भारतको नेपालसँग भैरहेको व्यापार आधा घट्छ र नेपाली जनताले समृद्धिको बाटो अवलम्वन गर्नेछन् । यसबाट भारतलाई निकै नोक्सान हुने भएकाले भौतिक योजना मन्त्रालयका मन्त्री देखि कार्यालय सहयोगिसम्मलाई उसले दानापानी ख्वाइरहेको थियो । बर्तमानमन्त्रीले कुरा बझेर हो वा उनी पनि दानापानीमै रहाएर हो योजना नै रद्द गर्ने मनस्थितिमा पुगेर सार्वजनिक नै गरिदिए ।

**भदौ २८ गते ।** मन्त्रीपरिषद्को बैठकले अमेरिकाले दिनलागेको ५० अर्बको सहयोग स्विकार्ने निर्णय गरेको समाचार आज बाहिर आएको छ । नेपालमा अहिले विदेशी पैसाको ओइरो लागिरहेको छ । चीन र भारतको नेपालमा लगानी प्रतिष्पर्दा चलेकै मौसममा फेरि अमरिकाले पनि यत्ति ठूलो रकम सहयोग गर्नु भनेको सहानुभूति हो वा स्वार्थगत । यसको आफ्नै परिभाषा होला तर विदेशी सहयोग र ऋण भट्टाभट् स्विकार्ने, यता मन्त्रिपरिषद् सन्सारमै नभएको जम्वो बनाउँने, भू.पु.नेता तथा बिशिष्ट नेतालाई भत्ता र सुविधा बढाउँने घृणित कृयाकलापले देशको विकास हुँदैन भन्ने कुरा नसोच्ने संस्कारले जनता माथि भार थोपरिने मात्रै हुन्छ । यसरी सहयोग र ऋणमा प्राप्त रकमलाई सदुपयो गर्नु अनिवार्य हुन्छ, चेतना भया ।

**भदौ २९ गते ।** मधेशवादी नेताहरूले सम्विधान सँसोधन नगरी मधेशमा निर्वाचन हुनै नदिने, भैहाले पनि आन्दोलनको आगो बल्ने धम्की दिएर तेश्रो चरणमा हुन गैरहेको २ नम्वर प्रदेशको निर्वाचन भएरनै छाड्ने भो । मधेशीहरूको आफ्नो पकेटको मधेश भन्दाभन्दै २ नम्वरमा खुम्चिएर पनि काँग्रेस, एमले र माओवादी केन्द्रले, 'यो २ नम्वरलाई जिवन र मरणको निर्वाचन बनाएका छन् र भनिरहेका छन्, यो प्रान्तमा हामी नै पहिलो पार्टी हुने छौं' । यस्तो पक्कै हुदैन । तैपनि यि तीन पार्टीमा एक, दुई र ती भए भने मधेश केन्द्रित पार्टी खासगरी राजपा चारनम्वरमा पुग्यो भने उनीहरू के भन्लान् ? पहाडियाले पेल्यो वा मधेशीलाई सरकारले शाोषणगर्‍यो ? जेभने पनि मधेशीको नाम अग्रपँतीमा आउँदैन । त्यसैले यो मधेश र पहाडको कित्ताकाट गर्न मधेशीहरूले निर्वाचनपछि छाड्नैपर्छ, जसरी उपेन्द्र यादव र विजय गच्छेदारले छाडे । नाम पनि कमाइने, दाम पनि कमाइने कि कसो हो ?

**भदौ ३० गते ।** हाम्रा पत्रकार मित्र नरेन्द्रजँग पिटरले फेसबुकमा, 'ए पत्रकार मित्र हो समाचार लेखन' भन्दै सार्वजनिक गरेको तीन दिनपछि आज त केही सामचार नै बनेन । समाचार बन्न त केही गर्नुपर्‍यो नि ! कसैले केही गर्दै गरेको छैन, कसरी बन्छ समाचार । तै तै नेपाल बिद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान सिं घिसिंङले कार्यभार सम्हालेको एक वर्ष पुगेछ र उनले यो अबधिमा गरेको कामको मूल्याँकन भएको समाचार महत्वपूर्ण भयो । हुन पनि कुलमानले यस्तो चमत्कार गरिदिए आफूले कार्यभार सम्हालेको १५ दिन पनि नपुग्दै दैनिक ८ घण्टा लोडसेडिङ देशले थोग्दै आएकोमा एकाएक त्यो लोडसेडिङ हट्यो । कतिपयले भने 'यो एउटा नाटक मात्रै हो' तर एक वर्षसम्म पनि पुनः लोडसेडिङ गर्नु नपर्ने भएकाले कुलमानको क्षमतालाई महान मान्नैपर्छ । उनी एक दक्ष प्राबिधिज्ञ नै रहेछन् । कुलमानलाई हाम्रो पनि न्यानो अभिवादन !

**भदौ ३१ गते ।** पर्सी २ नम्वर प्रान्तमा निर्वाचन हुदै छ । मौन अवधि हिजैबाट शूरु भैसकेको छ । राजविराज देखि बीरगँजसम्मका सबै होटल, सरकारी कार्यालयमा गेष्ट हाउस बन्द छन् तर बाहिर ढोकबन्द गरेर भित्र नेताहरू पैसाकोकुम्लो बोकेर बसेकाछन् । उपल्लो स्तरका नेताहरू आउँछन् । गक्ष अनुसारको पोको बोकेर जान्छन् । कहाँ कति पैसा बाँड्नेहो त्यसको निर्णय होटल र पाहुनाघर मै तय भएको हुन्छ । मानौं भोटको गिल्ती नोटबाट भैरहेको छ । तर, मतदाताहरू नेताभन्दा बाठा भैसकेका छन् । मासुको परिकारमा रमाउँछन्, भोट कसलाई दिने हो ? परिवारमा बसेर निर्क्यौल गरिरहेका छन् । यता बाढीले फसल बगाएको भूकम्पले पुर्‍याएको क्षतिको बेदना वोकेर बसेका जनतालाई त राम्रै भएको तर लोकतान्त्रिक गाना बजानामा निर्वातनको मैदानमा उत्रिएका नेतालाई यो पैसाको पोको कहाँबाट आयो ? लेखाजोखा हुने कि नहुने ? गोपाल खड्काहरू अब त केही बोल ?

**असौज १ गते ।** होइन यि नेपाल आयल निगमका कार्यकरी निर्देशक गोपाल खड्का केले बनेका हुन् ? केही उनीद्वारा पृष्टपोषित मुसदण्डे बाहेक आम सञ्चर जगतले, संसदीय व्यवस्थाका उपसमिति तथा आयल निगमले जमिन किनेको भनिएका स्थानका सम्पूर्ण नागगिरकले समेत अनियमिता भएकै हो कारवाही हुनैपर्छ भनेर आवाज उठाइ सकेका छन् तर सरोकार निकायका सबै उच्च पदका महासयहरू तैं चुप मैं चुपको स्थितिमा छन् । मध्यरातमा श्यालकरायो भने पनि हड्तालमा उत्रिने विद्यार्थी सँगठनहरू दुलो पसेका छन् । भ्रष्टाचारको छानविन गर्ने अधिकार पाएको अख्तियार दुरूपयो आयोग कानमा तेल हलेर बसेको छ । किन यस्तो लापरवाही भैरहेको छ ? बझ्नै सकिएको छैन । कि यि समुद्र मन्थन गरेर निस्किएका महिसाशूर हुन् ? यसको जानकारी सर्वसाधारणले खोजेका छन् । जवाफ दिने कसले ? कि गणतन्त्रमा जनता निरिह एक्ला हुन्छन् र राजनीतिक पार्टी तथा सँगठित संस्थाहरू मात्रैले गणतन्त्रको उपयोग गर्न पाउँने हो ? चाँडो जवाफ चाहियो ।

## रहेनन्...

लगाएर छोरालाई जनयुद्धमा पठाएका थिए । जनयुद्धमा तत्कालीन शाही नेपाली सेनाले 'छोरा कहाँ छ, देखा' भन्दै उनलाई खाल्डो खनेर घाँटीसम्म पुरेर भौतिक र मानसिक रूपमा चरम यातना दिएको थियो । जनयुद्धमा छोरा गुमाएपछि छोराको वियोगमा आमाको पनि तीन वर्षअघि मात्र निधन भएको थियो । दिवंगत राउतका दुई छोरा र चार छोरी रहेका छन् । तत्कालीन जनमुक्ति सेनाको सदस्य रहेका कान्छी छोरी ज्वाईंले स्वेच्छिक अवकाश रोजेका थिए ।

दिवंगत राउतका जेठा छोरा खड्ग राउतलाई तत्कालीन शाही नेपाली सेनाले ०५८ साल जेठ ५ गते उदयपुरको त्रियुगा नगरपालिकाको खैजनपुर भन्ने गाउँमा सेल्टर लिएर बसिरहेको अवस्थामा गिरफ्तार गरी मुठभेडको नाममा चरम यातना दिएर नृसंशतापूर्वक हत्या गरेको थियो ।

## आलोपालो

# प्रदेश नम्बर २ को अवलोकन गर्दा



• हरिकृष्ण गजुरेल •

नेकपा (क्रान्तिकारी माओवादी) को संयुक्त मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालले संगठन निर्माणको आधार तयार क्रान्तिको वातावरण निर्माण र प्रतिक्रियावादी संविधानको भण्डाफोर गर्न स्थानीय तहको निर्वाचनलाई क्रान्तिकारी उपयोग गर्ने नीति अनुरूप पहिलो र दोस्रो चरणमा गरिएको निर्वाचनलाई क्रान्तिकारी उपयोग गरी असोज २ गते तेस्रो चरणको स्थानीय तहको चुनावलाई पनि क्रान्तिकारी उपयोग गर्दैछ । जस अनुरूप प्रदेश नम्बर २ अन्तर्गत सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा कांग्रेस, एमाले, माके र मधेशवादी दललगायतले आफ्नो प्रतिष्ठाको विषय बनाएका छन् । जसका कारण सबैले आफ्नो पल्लाभारी बनाउनका लागि साम, दाम, दण्ड र भेदको नीति अनुरूप मैदानमा खटिएका छन् ।

यहाँ सबै दलका आ-आफ्नै दाउपेच रहेको देखिन्छ । कांग्रेस पहिलो र दोश्रो चरणमा भएको निर्वाचनको क्षतिपुर्ति प्रदेश नं. २ को निर्वाचनबाट पुरा गर्ने र जसरी पनि पहिलो दल बन्ने दाउमा देखिन्छन् । एमाले अहिलेसम्म प्राप्त नतिजालाई निरन्तरता र मधेशमा पनि आफ्नो वर्चस्व छ भन्ने कुरा देखाउन चाहन्छ । माके पहिलो र दोश्रो चरणमा भएको निर्वाचनले विचलित भएका नेता कार्यकर्ता पंक्तिलाई थामथुम पार्ने रणनीति अनुरूप प्रदेश नं. २ को निर्वाचनबाट केहि राहत प्राप्त गरी मधेशमा आफ्नो साख अझैं बाँकी छ भन्ने देखाउन चाहन्छ । संघीय समाजवादी फोरम, राष्ट्रिय जनता पार्टी लगायतका मधेशवादी दलहरू क्षेत्रीय दल भएकोले आफ्नो प्रभुत्व छ भन्ने प्रमाणित गर्न चाहन्छन् । जसका कारण पार्टीका प्रमुख नेता लगायत अधिकांश केन्द्रीय स्तरका नेताहरू सप्तरी देखि पर्सा सम्म र जिल्लाकै वरिपरी परिक्रमा गरिरहेका छन् । कांग्रेसका सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवा, एमालेका अध्यक्ष केपी ओली, माकेका अध्यक्ष प्रचण्ड लगायत नेताहरू रोदन गरिरहेका देखिन्छन् । चौतर्फी चर्का चर्का भाषण गर्दै र भोटको लागि हारगुहार गर्दै हिंडिरहेका छन् । 'जसरी पनि हामीलाई जिताईदिनु पर्‍यो' भन्दै रोईकराई समेत गरिरहेका छन् । तराई मधेशका जनतालाई भ्रम सिर्जना गराउनका लागि मरिहत्तेका साथ जस्ता सुकै प्रतिबद्धतामा पनि देउवा, ओली र प्रचण्ड तछाडमछाड गरि प्रतिस्पर्धा गरिरहेका छन् । तर बिडम्बना खोक्रा भाषण र चिल्ला कुरा बाहेक अरु केहि नभएको प्रष्ट देखिन्छ । आज भन्दा १ महिना अघि तराई मधेशमा डुबान हुँदा कोही कसैको खासैं चासो र चिन्ता नहुनु र अहिले भोटको लागि मरिहत्ते गर्नुले जनतामा यि दलहरू प्रति घृणा रहेको पाइयो भने साँच्चै क्रान्तिकारी विकल्प खोजिरहेको पनि देखियो । जनताले नै प्रश्न गर्ने गर्छन् के हामी साँच्चै भेडा बाख्रा नै हौं त । गाउँका केहि टाठावाठाहरूले एकमुष्ठ पैसा लिने र भोट खरिद विक्री गर्ने गरेको स्थिति रहेको समेत पाइयो । निर्वाचन आयोग आचार संहिताको कुरा गर्छ तरा आचारसंहिता पहुँच र पैसावालाहरूहरूलाई लागेको देखिदैन । प्रशासन शक्तिको सेवा गर्न झैं तल्लिन देखिन्छ । सबै नीति नियम पहुँच विनाका सामान्य मान्छेहरूलाई मात्र लागेको देखिन्छ । प्रधानमन्त्री शेरबहादुर देउवालगायत सरकारका मन्त्रीहरू खुलेआम भाषण गर्दै र भोट माग्दै हिँडिरेका छन् तर निर्वाचन आयोग मौन छ र प्रशासन निरिह छ ।

वास्तवमै पैसाको खोलो बगाउनमा तछाँड-मछाड गरिरहेका छन् । कसले भन्दा कसले बढि खर्च गर्ने भन्नेमा प्रतिस्पर्धा देखिन्छ होटल, लजहरूमा निशुल्क रक्सी, मासु लगायत खाना बस्नको लागि व्यवस्था गरिएको छ । मोटर साइकलमा पेट्रोल देखि दैनिक ज्याला र भत्ताको समेत व्यवस्था गरेको छ । पतकर जसरी पैसा विच्छाइएको अवस्था छ । कसले को भन्दा बढि पैसा खर्च गर्ने भन्ने होडबाजी देखिन्छ । समग्रमा हेर्दा पैसाको खोला नै बगाईएको छ । साँच्चै प्रदेश नं. २ को निर्वाचनको सेरोफेरोलाई नियाल्दा एउटा विचित्रको जात्रा जस्तो देखिन्छ भने दलका नेताहरूको गतिविधि र चुनाव प्रचार प्रसारको स्थितिलाई हेर्दा ताण्डव नृत्य जस्तो लाग्छ । अचम्म र बुझ्नै कठिन नाटक जस्तो लाग्छ । जनताको जीवनस्तर साह्रै कष्टकर छ भने जीवन पीडाग्रस्त छ । 'रोम जलिरहेको छ तर निरो बाँसुरी बजाईरहेको छ' भन्ने कुरा यहाँको वास्तविकता र चुनावी गतिविधिले स्पष्ट गर्दछ । वास्तवमा बाढी र डुवानका कारण बाटोघाटो अस्तव्यस्त छ । सडकहरू जीर्ण छन् । कतिपय स्थानहरूमा खानेपानीको समस्या गम्भीर छ, बिजुली छैन । घरमा खानेकुरा छैन । औषधी उपचारको अभाव छ तर दलका नेताहरू र उम्मेदवारहरू भोज भतेर, जात्रा गरेर आफ्नै दुनियाँमा मस्त छन् । कस्तो अचम्म २/४ प्रतिशत मुठ्ठी भरका दलाल, सामन्त र तस्करहरूको संरक्षण गर्ने लोकतन्त्र, जनतालाई शोषण गर्ने लोकतन्त्र, लोकतन्त्रको नाममा लुटतन्त्र मच्चाईरहेका कुरा स्वतः पुष्टि हुन्छ । कांग्रेस, एमाले, माके, राप्रपा र मधेशवादी दलका नेताहरू जनताको कुरा गर्छन, विकासका कुरा गर्छन्, उन्नती, सम्वृद्धि र स्वाधिनताका कुरा गर्छन् तर नेपालका सबै स्रोत र साधनहरू विदेशीलाई सुम्पन्छन् । कस्तो विचित्रको कुरा छ यहाँ । यी सब गतिविधिले मधेशका जनता पनि वाक्क दिक्क मात्र होइनन् क्रान्तिकारी विकल्प खोजिरहेका छन् । संसदीय व्यवस्थाको घिनलाग्दो र फोहोरी खेल र नेताहरूको गतिविधिले स्थिति झन् जटिल र गम्भिर बन्ने प्रष्ट हुन्छ ।

राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवाल दिनप्रतिदिन जटिल र संवेदनशील बन्दै गइरहेको छ । मुलुक दिन प्रतिदिन सिक्किमीकरणको दिशामा अघि बढिरहेको छ । भारतको नेपाल प्रतिको हेपाहा र मिचाहा प्रवृत्तिले नेपालीहरूको स्थिति असाध्यै दयनीय र कष्टप्रद छ । त्यसमा पनि भारतले घोषित र अघोषित रूपमा बनाएका पूर्व मेचीदेखि पश्चिम महाकाली सम्मका बाँध र सिमामा निर्माण गरेका अग्ला सडकहरूका कारण नेपालका तराई मधेशमा भूभागहरू डुबानमा पर्दै आईरहेका छन् । तर नेपाल सरकार र कथित ठूला दलका नेता भन्नेहरू यी र यस्ता गम्भीर समस्या प्रति मौन छन् । केबल आफ्नो सत्ता टिकाउन र पुनः सत्तामा पुग्नकै लागि लम्पसार पर्ने बाहेक अरु केहि गर्दैनन् । कांग्रेस, एमाले, माके, राप्रपा र मधेशवादी दलहरू वास्तवमै एउटै सिक्काका दुइटा पाटा मात्र छन् । रूपमा फरक देखिएता पनि सारमा एउटै छन् । सत्ताको निम्ति लम्पसार पर्नमा काही भन्दा कोहि कम छैनन् । यी सबै मधेशी र मधेशी जनताका नाममा शोषण गर्न र लुटतन्त्रलाई कायम राख्न चाहन्छन् । आज यी दलहरूमा बाहिर हेर्दा केहि भिन्नता जस्तो देखिन्छ । कांग्रेस, माके र मधेशवादी दलहरू संविधान संशोधनको विपक्षमा । तर सारमा न त यो संविधान वास्तविक मधेशी जनताको पक्षमा नै छ र न त संविधान संशोधनले मधेशी जनताको अधिकार सुनिश्चित गर्छ । संविधान संशोधन गर्नु र नगर्नुले यहाँ केहि भिन्नता राख्ने देखिदैन । केहि नेताहरूको स्वार्थ पुरा होला र केहि पार्टी हावी बन्ला तर मुख्यतः जनताको जीवनस्तरमा परिवर्तन संविधान संशोधनले मात्र कदापी सम्भव छैन । त्यसकारण दलाल र प्रतिक्रियावादी राज्यव्यवस्थाको पक्षमा रहेको यो संविधान पूर्ण रूपमा खारेज गरि सबै उत्पीडित वर्ग, जाति, क्षेत्र, लिङ्ग, समुदायको अधिकार सुनिश्चित भएको संविधान निर्माण गरिनुपर्दछ । किसान, महिला, मजदुर, आदिवासी जनजाति, मधेशी, मुस्लिम, पिछडावर्ग लगायतको अधिकार सुनिश्चित भएको संविधान निर्माण गरिनुपर्दछ । यो मुलुकलाई वास्तवमै एउटा सुन्दर, समुन्नत, स्वाधीन र विकसित मुलुकको रूपमा रूपान्तरण गर्नुपर्दछ । त्यसको निम्ति नेपालमा नयाँ जनवादी क्रान्तिको अपरिहार्य दिनप्रतिदिन बढ्दै गइरहेको प्रदेश नं. २ को चुनावी सेरोफेरोलाई नियाल्दा प्रष्ट हुन्छ । नेकपा (क्रान्तिकारी माओवादी) पार्टी र सो पार्टीको नेतृत्वको संयुक्त मोर्चा, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले क्रान्तिकारी विकल्प दिनुपर्दछ । नयाँ जनावादी क्रान्तिको नेतृत्वदायी भूमिका निर्वाहको निम्ति वातावरण तयार गर्नु पर्दछ । आम उत्पीडित जाति, क्षेत्र, लिङ्ग र समुदायका जनतालाई संगठित र एकतावद्ध गरि सर्वहारावर्गको राज्यसत्ता स्थापना गर्ने दिशामा दृढताका साथ अघि बढ्नु पर्दछ । कुहिएको र मक्किएको संसदीय व्यवस्थालाई सशस्त्र जनविद्रोह मार्फत सदाका लागि अन्त्य गर्दै नेपालमा नया जनवादी क्रान्ति सम्पन्न गरी समाजवाद हुँदै साम्यवाद सम्मको उदात्त लक्ष्यलाई आत्मसाथ गर्नुपर्दछ । नेपालमा क्रान्ति अपरिहार्य छ र सम्भव छ ।

# किसानका लागि उन्नत बीउ बिजन कार्यक्रम

## २०७४ साल श्रावण मसान्तसम्म औपचारिक बीउबिजन क्षेत्रको बिस्तार सम्भाग तर्फ भएका मुख्य उपलब्धिहरू

### उपआयोजना सम्झौता तथा कार्यान्वयन

३०३ वटा उपआयोजना (२९५ विउ उत्पादन समूह तथा सहकारी, ४ वटा एग्रोभेट र ४ वटा ठूला विउ कम्पनी) मार्फत कुल ७५ करोड १६ लाख उपआयोजना लागतको अनुदान संझौता सम्पन्न भएको छ । जस मध्ये किसानकालागी उन्नत बीउ बिजन कार्यक्रमको अनुदान रु. ३४ करोड ८४ लाख रहेको छ भने लाभग्राही समूह तथा सहकारीको सहभागिता रु. ४० करेड ३१ लाख रहेको छ । यस कार्यक्रमबाट ६८३५ महिला र ४९३५ पुरुष गरी कुल जम्मा ११७७० जना कृषक परिवार लाभान्वित भएका छन् ।

### मूल बीउ तथा यथार्थ संकेतपत्रयूक्त बीउ उत्पादन

यस कार्यक्रमको सहयोगमा जिल्लास्थित उपआयोजनाहरू मार्फत १३५२ मे.ट. खाद्यान्न तथा १०९ मे.ट. तरकारी बीउ गरी जम्मा १४६१ मे.ट. बीउ उत्पादन भएको छ । उक्त उत्पादित बीउले ४७५५० हे. क्षेत्रफल खेती गर्न पुग्ने देखिन्छ । साथै यस कार्यक्रमको सहयोग तथा समन्वयमा नेपाल कृषि अनुसन्धान परिषद् तथा फर्म केन्द्रहरू मार्फत ४६४ हेक्टरमा ४९२.७७ मे.ट. मूल विउ उत्पादन भएको छ । यसरी जिल्लामा उत्पादित बीउको उचित बजारीकरणका लागी ४ ठुला बीउ कम्पनी तथा जिल्ला स्थित ४ वटा एग्रोभेटहरू संग सम्झौता गरी कृषक समूह सहकारीसंग पूर्व खरिद सम्झौता गरिएको छ ।

### सिंचाई संरचना तथा भण्डारण गृह निर्माण

कार्यक्रम लागु भएका ६ जिल्लाहरूमा कृषक समूह सहकारी मार्फत १६८ वटा साना सिंचााइ आयोजना निर्माण सम्पन्न भई थप ७०६.५५ हेक्टरमा सिंचाइ सुविधा पुर्‍याईएको छ । साथै उत्पादित बीउको भण्डारणकालागी १८ वटा विउ भण्डारण गृह निर्माण सम्पन्न गरी ४९० मे.ट. विउ भण्डारण गर्न सकिने क्षमताको विकास भएको छ ।

### कृषक पाठशाला संचालन

यस कार्यक्रम अन्तर्गतका कृषकहरूको गुणस्तरिय बीउ उत्पादनमा क्षमता बिकास गर्ने उद्येश्यले कार्यक्रम लागु भएका ६ जिल्लाहरूमा हालसम्म खाद्यान्न तथा तरकारी बीउ उत्पादनमा आधारित ५०५ वटा कृषक पाठशाला सम्पन्न भई कुल १२९९५ कृषकहरू तालिम प्राप्त हनुका साथै १८१ वटा सहभागितात्मक जातिय छनौट परीक्षण कार्यक्रमहरू सम्पन्न भएका छन् ।

**शुभकामना**

विजया दशमी तथा शुभ-दीपावली (बलिहाङ तङनाम) एवं छठको विशेष अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीवहिनीहरूका साथै सम्पूर्ण वडावासीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**अध्यक्ष**
भुपेन्द्रराज मोक्तान
९८५२०४७०८३

**सदस्यहरू**
गीता पाखिन
जीवनराज सुवेदी
हरिनारायण श्रेष्ठ
डेकमाया वि.क.

तथा

**सम्पूर्ण ७ वडा परिवार**

धरान उपमहानगरपालिका

**शुभकामना**

विजया दशमी तथा शुभ-दीपावली (बलिहाङ तङनाम) एवं छठको विशेष अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीवहिनीहरूका साथै सम्पूर्ण वडावासीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**अध्यक्ष**
दिलकुमार गिरी
९८५२०४५६४७

**सदस्यहरू**
दिपक आचार्य
सुरेश कुमार श्रेष्ठ
हिरादेवी राई
लक्ष्मी लकान्द्री

तथा

**सम्पूर्ण १६ वडा परिवार**

धरान उपमहानगरपालिका

**शुभकामना**

विजया दशमी तथा शुभ-दीपावली (बलिहाङ तङनाम) एवं छठको विशेष अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीवहिनीहरूका साथै सम्पूर्ण वडावासीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**अध्यक्ष**
पूर्णबहादुर लिम्बू
९८४२०३८४७४

**सदस्यहरू**
राजकुमार राई (तिलक)
जायत्रा लिम्बू
मेघनाथ राई
चन्द्रमाया वि.क.

तथा

**सम्पूर्ण १९ वडा परिवार**

धरान उपमहानगरपालिका

**शुभकामना**

विजया दशमी तथा शुभ-दीपावली (बलिहाङ तङनाम) एवं छठको विशेष अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीवहिनीहरूका साथै सम्पूर्ण वडावासीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**अध्यक्ष**
मणिराम राई
९८४२१६७५५१

**सदस्यहरू**
कर्णबहादुर तामाङ
महासेर राई
फुलमाया तामाङ
यशोदा वि.क. (घिमिरे)

तथा

**सम्पूर्ण २० वडा परिवार**

धरान उपमहानगरपालिका




**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।